सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० साउन २०८२, मंगलबार (5 Aug 2025, Tuesday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ११४ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

रास्वपामाथि निर्वाचन आयोगको राजनीति

विवरण अद्यावधिकमा 'नियतवश' ढिलाइ

नियमसंगत सबै कागजात बुझाएको छ, तैपनि एक दिनमा सकिने काममा एक वर्षदेखि अल्झाएको छ

■ आयोगको 'बदनियत' देखिने केही तथ्यहरू

सुरुमा उपलब्ध गराएका विवरणमा एक वर्षसम्म मौन बस्यो

केन्द्रीय अनुशासन आयोगको सिफारिसअनुसार २५ असार ८१ मा रास्वपाको केन्द्रीय समितिको बैठकले सर्वसम्मत रूपमा तत्कालीन महामन्त्री मुकुल ढकाललाई महामन्त्री, प्रवक्ता र केन्द्रीय सदस्यबाट हटाउने निर्णय गऱ्यो । १७ साउनमा पदाधिकारी हेरफेरसम्बन्धी विवरण निर्वाचन आयोगमा दर्ता गरायो । ११ भदौ ०८१ मा ढकाललाई साधारण सदस्यबाट पनि हटायो, भोलिपल्ट त्यसको जानकारी पनि आयोगलाई गरायो । तर, आयोगले



त्यसमा कुनै निर्णय गरेन । विवरण 'मिलेको छैन' पनि भनेन । बरु, ११ महिनापछि २९ जेठ ०८२ मा थप कागजपत्र पठाउन रास्वपालाई पत्राचार गऱ्यो । यति विलम्ब गर्नुका पछाडि 'नियत' देखिन्छ ।

कानुनी छिद्रको आयोगबाट दुरुपयोग

दलले पदाधिकारी हेरफेर गरेको मितिले ३० दिनभित्र आयोगमा विवरण बुझाउनुपर्ने व्यवस्था राजनीतिक दलसम्बन्धी ऐनको दफा ५१ मा छ । आयोगले संविधान, ऐन, नियमावली र दलको विधानबमोजिम भए-नभएको जाँचबुझ गरेर अद्यावधिक गर्नुपर्ने भनिएको छ । दलसम्बन्धी नियमावलीको दफा २५ मा दलले पेस गरेको विवरण जाँचबुझ गर्दा नमिलेको भएमा कारण खुलाई सुधारसहितको विवरण पेस गर्न दललाई सात दिनको समय दिनुपर्ने भनिएको छ । तर, आयोगले यति समयभित्र निर्णय गर्ने भनेर स्पष्ट किटान गरेको छैन । यही कानुनी छिद्रको आयोगका पदाधिकारीले दुरुपयोग गरिरहेका छन् ।

पछि बुझाएको अद्यावधिक, पुरानोमा न कारबाही न जानकारी

यसबिचमा रास्वपाले १ र २ असोज ०८१ मा कमलादीमा गरेको राष्ट्रिय भेलाले विधान संशोधन गऱ्यो । त्यसको जानकारीसहितको विवरण आयोगलाई पठायो । यसलाई भने २८ पुसमा अद्यावधिक गऱ्यो । त्यतिखेर पनि आयोगले केन्द्रीय समिति हेरफेरको विवरण भने अद्यावधिक गरिदिएन । न त कागजपत्र नपुगेको भन्यो । यसबाट पनि आयोग कतैबाट 'परिचालित' भएर काम गरिरहेको देखिन्छ ।

थप विवरण उपलब्ध गराउँदा पनि अद्यावधिक गरिदिएन

११ महिनापछि २९ जेठ ०८२ मा आयोगले बल्ल केन्द्रीय समितिमा भएको हेरफेरका सम्बन्धमा थप कागजपत्र माग्यो । तर, सबै कागजपत्र समयभित्रै ८ असार ०८२ मा बुझाउँदा पनि अद्यावधिक गरिदिएन ।

बरु 'नियोजित' रूपमा मुकुललाई अदालत जाने बाटो खोलिदियो

४ असारमा मुकुल ढकालले आयोगसँग रास्वपाको केन्द्रीय समिति हेरफेरको विवरण मागे । आयोगले त्यही दिन '२० चैत ०८० मा केन्द्रीय समितिका पदाधिकारी तथा सदस्यको हेरफेर भई अद्यावधिक भएको र त्यसभन्दा पछि अद्यावधिक भएको अभिलेखबाट नदेखिएको' पत्र ढकाललाई दियो । तर, रास्वपाले अद्यावधिक गर्न विवरणसहितको निवेदन पहिल्यै दिएको तथ्य लुकायो । त्यही पत्रका आधारमा ढकालले 'अहिले पनि आफू नै महामन्त्री पदमा बहाल रहेको र काम गर्न पाऊँ' भनी सर्वोच्चमा रिट दायर गरे ।

सात दिनभित्र निर्णय नगरे कारबाहीको व्यवस्था, तर लागू भएन

सुशासन प्रवर्द्धन तथा सार्वजनिक सेवाप्रवाहसम्बन्धी ऐनको दफा १५ मा 'कुनै पनि कार्यालयले सूचना प्राप्त भएको सात कार्यदिनभित्र निर्णय गर्नुपर्ने र निर्णय नगरी पन्छाएमा कारबाही गरिने' व्यवस्था गरिएको छ । तर, सबै प्रक्रिया पूरा गर्दासमेत एक वर्षदेखि रास्वपाको विवरण अद्यावधिक नगर्ने आयोगको हकमा भने यो कार्यान्वयन भएन ।

महामन्त्री र प्रवक्ता मनोनीत गरिएको विवरण पनि अद्यावधिक गरिदिएन

गत ७ असारमा रास्वपा केन्द्रीय समितिले महामन्त्री र प्रवक्ता मनोनीत गऱ्यो । त्यसको विवरण अद्यावधिक गर्न १० असारमा आयोगमा निवेदन पनि दियो । यसमा पनि अहिलेसम्म निर्णय गरेन ।

नयाँ पत्रिका

संसद्को चौथो ठुलो दल राष्ट्रिय स्वतन्त्र पार्टीले पदाधिकारी हेरफेर विवरण अद्यावधिकका लागि पटक-पटक विवरण बुझाएर ताकेता गर्दासमेत निर्वाचन आयोगले अस्वाभाविक रूमा रोकिरहेको छ । बरु, उल्टै पार्टीबाट निष्कासित मुकुल ढकाललाई महामन्त्री कायमै रहेको पत्र दिएर रास्वपामाथि 'राजनीति' गरेको आयोगले त्यसपछि बुझाएको विवरण पनि अद्यावधिक गरिदिएको छैन ।

पछिल्लोपटक ४ साउनमा महामन्त्री कवीन्द्र बुर्लाकोटी नेतृत्वको टोलीले कानुन व्यवसायीलाई समेत लिएर आयोगको कार्यालयमा पुगी विवरण अद्यावधिक नहुनुको कारण मागेको थियो । टोलीले कार्यवाहक प्रमुख

» पृष्ठ २ मा क्रमशः

के भन्छन् जानकार ?



● **नीलकण्ठ उप्रेती**, पूर्वप्रमुख निर्वाचन आयुक्त

विवरण अद्यावधिक नगर्नुमा नियतले काम गरेको देखिन्छ । आयोग प्रभावमा परेर अद्यावधिक नगरिदिएको देखिन्छ । कुन दबाब, प्रभाव, स्वार्थबाट गरियो, आयोगले लेखाजोखा गर्नुपर्छ ।



● **बलराम केसी**, पूर्वन्यायाधीश

आयोगले कुन दल भनेर हेर्ने होइन, कानुन हेर्ने हो । संवैधानिक आयोगका पदाधिकारी नियुक्तिमा भएको राजनीतिक भागबन्डाको असर रास्वपाको विवरण अद्यावधिकमा देखियो ।



● **भीमार्जुन आचार्य**, संविधानविद्

कुनै पनि दलले विवरण बुझाइसकेपछि कसरी अभिलेख गर्ने आयोगको कर्तव्य हो । उसको लापरबाहीको असर दलले व्यहोर्ने होइन । यो प्रकरणमा सम्पूर्ण कमजोरी आयोगको हो ।

सार्वभौम संसद्को मजाक

कानुन निर्माणमा सांसदहरूले गरेको निर्णयमै छलछाम गर्ने व्यक्तिहरूको नाम किटान र कारबाही सिफारिस नगर्न संसदीय छानबिन समितिमै कांग्रेस-एमालेको सौदाबाजी



छानबिन समितिको बैठक । फाइल तस्बिर

बिहान ३:०० बजेसम्म चलिरह्यो सौदाबाजी

■ **कांग्रेस**



जीवन परियार



सुशीला थिङ

राज्य व्यवस्था तथा सुशासन समिति सभापति कांग्रेस नेता रामहरि खतिवडा छन् । उनको नाम प्रतिवेदनमा किटान गर्न नहुनेमा कांग्रेस अडिएको छ । कर्मचारीहरूको नाम राख्न मौन समर्थन जनाएको छ ।

■ **एमाले**



ईश्वरी घर्ती



नारायण आचार्य

एमाले मुख्यसचिव एकनारायण अर्याल, संसद्को महासचिव पद्मप्रसाद पाण्डेलगायतका कर्मचारीको नाम किटान गर्न नहुने पक्षमा छ । राज्य व्यवस्था समितिका सभापति खतिवडाको नाम राख्ने/नराख्ने विषयमा मौन छ ।

■ **माओवादी, रास्वपा र राप्रपा**



माधव सापकोटा



गणेश पराजुली



रोशन कार्की

समितिले पास गरेको कुलिङ पिरियडसम्बन्धी प्रावधानमा छेडखानी गरेर फरक व्यवस्था बनाउने कार्यमा सभापति खतिवडादेखि मुख्यसचिव र संसद्का महासचिवसम्मका कर्मचारीको संलग्नता रहेको भन्दै सबैको नाम किटान र कारबाही सिफारिस गर्नुपर्ने पक्षमा छन् । बहुमतका आधारमा जोगाउन खोजे नोट अफ डिसेन्ट लेख्ने तयारी छ ।

■ पूर्वसचिव मुकुन्द शर्मा भन्छन्-

दोषी किटान र कारबाही सिफारिस नगरी प्रतिवेदन ल्याए सदनको गरिमा रहँदैन



संसदीय समितिहरू आफैंमा स्वतन्त्र हुन्छन् । संसद्को सार्वभौमिकताको प्रतिरक्षा गर्ने काम नै समितिले गर्छ । सदन भनेको समितिले गरेका कामकारबाहीलाई अन्तिम औपचारिकता दिने थलो हो । त्यसैले समितिको सम्प्रभुता रहन्छ, रहेको छ । यसरी हेर्दा समितिले राम्रोसँग निष्पक्ष, स्वतन्त्र र प्रभावकारी काम गरेन/भएन भने संसद्को गरिमामाथि नै प्रश्न उठ्छ । त्यसैले कुनै पनि समितिले जुनसुकै विषयको छानबिन गर्दा प्रभाव र दबाबमा नपरीकन संसद्को सम्प्रभुतालाई सुरक्षित रहने गरी, संसद्को गरिमा जोगाउने गरी जानुपर्छ । दोषी को छ र के कारबाही गर्नुपर्छ भन्ने स्पष्ट किटान गरेर पारदर्शी कामकारबाही गर्नुपर्छ । संसद् भनेको सार्वभौमसत्तासम्पन्न जनताले छानेर पठाएका आफ्नो वारिस (सांसद)बाट काम गर्ने थलो हो भन्ने कुरालाई प्रमाणित गर्न सक्ने गरी सदन र समितिले काम गर्न सक्नुपर्छ । अन्यथा सदनको गरिमा रहँदैन ।

कमलराज भट्ट/नयाँ पत्रिका

सार्वभौम संसद्लाई दलहरूले मजाक बनाएका छन् । संघीय निजामती विधेयकमा राखिएको कुलिङ पिरियडको व्यवस्थामाथि छेडखानी गर्नेहरू किटान गरी कारबाहीको सिफारिस गर्ने कार्यादेश पाएको संसदीय विशेष समितिमै सत्तारूढ दलका सदस्यहरू उल्टै दोषीलाई कसरी जोगाउने भनेर लागेका छन् । जसका कारण समितिको कार्यावधि सकिएको दुई दिनसम्म पनि प्रतिवेदन तयार हुन सकेको छैन ।

प्रतिवेदनलाई अन्तिम रूप दिन भनी सोमबार बिहानदेखि सुरु भएको छानबिन समितिको बैठक मंगलबार बिहान तीन बजेसम्म पनि जारी छ । दलहरू आ-आफ्नै अडानमा छन् । सत्तारूढ कांग्रेस-एमालेबाट सदस्य रहेकाहरूले दोषी किटान र कारबाहीको सिफारिस गर्न नसकिने अडान कायमै राखेका छन् । तर, प्रतिपक्षी माओवादी, रास्वपा र राप्रपाले भने दोषी किटानसहित कारबाहीको सिफारिस पनि गर्नुपर्ने अडान राखेका छन् । जसका कारण सहमति जुट्न सकेको छैन ।

समिति सभापति जीवन परियारले भने, 'बैठक जारी छ, सर्वसम्मतिमै प्रतिवेदन ल्याउने पहलस्वरूप छलफल गरिराखेका छौं । अहिलेसम्म टुंगिएको छैन ।' समितिमा माओवादीका तर्फबाट सदस्य रहेका माधव सापकोटाले पनि सत्तापक्ष र विपक्ष स्पष्ट रूपमा आ-आफ्नै अडानमा रहेको बताए । छानबिन समितिकी सदस्य रहेकी एमालेकी सांसद ईश्वरी घर्तीले दोषीको नाम किटान र कारबाही सिफारिसबारे कुरा मिलिनसकेको बताइन् । 'छलफल त गरिराखेका छौं, तर टुंगो लागेको छैन,' उनले भनिन् । २१ दिनको समयावधिसहित २४ असारदेखि काम थालेको समितिलाई चार कार्यादेश थियो ।

एक सदस्यका अनुसार कांग्रेसका सदस्यहरूले राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाको नाम किटान गर्न नसकिने स्पष्ट अडान राखेका छन् । उनका अनुसार खतिवडाको नाम किटान नगर्ने भए मुख्यसचिव एकनारायण अर्याल, संसद्का महासचिव पदम पाण्डेलगायत कर्मचारीको नाम पनि राख्न नहुने जोड एमालेबाट प्रतिनिधित्व गरेका सदस्यहरूको छ । तर, प्रतिपक्षी दलका सदस्यहरूले भने समितिलाई प्राप्त कार्यादेशअनुसार पदीय

» पृष्ठ २ मा क्रमशः

कक्षा १२ को नतिजामा सुधार ६१.१७% उत्तीर्ण



अंग्रेजीमा सबैभन्दा धेरै अनुत्तीर्ण, बागमतीमा छात्रा धेरै उत्तीर्ण, अन्यमा छात्र

(विस्तृत पृष्ठ ३)

४९ विदेशी रि-इन्स्योरेन्स ब्रोकरले कार्यालय नै नखोली नेपालमा गर्दै छन् कारोबार

नेपाल बिमा प्राधिकरणमा सूचीकरण भएको ६ महिनाभित्रै कार्यालय स्थापना गर्नुपर्ने नियम रहेको छ । तर, प्राधिकरणले पटक-पटक ताकेता गर्दासमेत ४९ ब्रोकरले भने कार्यालय स्थापना गरेका छैनन् ।

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल उन्मेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.



दुई वर्षपछि इजरायली अधिकारी भन्छन्-

विपिन जोशीसहित २० जना जीवित रहेको अनुमान छ, यकिन छैन

जेरुसेलम (इजरायल)बाट
पर्शुराम काफ्ले/नयाँ पत्रिका

भन्डै दुई वर्षअघि इजरायलमा हमास समूहको आक्रमण हुँदा बेपत्ता बनेका कञ्चनपुरको भीमदत्त नगरपालिका- ३ का विपिन जोशीको पछिल्लो अवस्थाबारे इजरायली अधिकारीले अनभिज्ञता प्रकट गरेका छन् । हमासको कब्जामा रहेका जोशीसहित २० जना जीवित रहेको अनुमान रहे पनि यकिन नभएको उनीहरूको भनाइ छ । यसअघि इजरायली अधिकारीहरूले विपिन जीवितै रहेको बताउँदै आएका थिए ।

इजरायलको विदेश मन्त्रालयका दक्षिण र पूर्वी एसिया ब्युरो प्रमुख सगी करनीले सोमबार जेरुसेलमस्थित मन्त्रालयमा नयाँ पत्रिकाको प्रश्नमा भने, 'विपिन जोशीसहित २० जना व्यक्तिहरू हमासको कब्जामा जीवित छन् भन्ने हाम्रो अनुमान छ । तर, उनीहरूको



तेलअभिभस्थित विमानस्थलको अध्यागमन भवनमा विपिनको तस्बिर

पछिल्लो अवस्थाबारे यकिन जानकारी छैन ।'

जोशीलाई किबुज क्षेत्रबाट २० असोज ०८० मा प्यालेस्टाइनको हमास समूहले अपहरण गरेको थियो । इजरायली अधिकारीले विपिनसहित हमासको कब्जामा रहेकाको रिहाइका लागि हरसम्भव प्रयास गरिरहेको बताए । 'हाम्रा लागि जोशी इजरायलका नागरिकजत्तिकै प्रिय छन्,' इजरायली अधिकारी सगीले भने । उनले जोशीको रिहाइका लागि थप दबाब सिर्जना गर्नुपर्नेमा पनि जोड दिए ।

इजरायलको राजधानी तेलअभिभस्थित विमानस्थलको अध्यागमन भवनमा जोशीसहित हमासको कब्जामा रहेकाहरूको तस्बिर राखिएको छ । यसअघि जोशी प्यालेस्टाइनको गाजा क्षेत्रमा थाइल्यान्डका नागरिकहरूसँगै सुरक्षित अवस्थामा रहेको भनिए पनि उनको अवस्थाबारे इजरायलमा

» पृष्ठ २ मा क्रमशः

■ पत्नी र स्वकीयसहित वनमन्त्रीको नर्वे घुमफिर

मन्त्रिपरिषद्बाट स्वीकृत कार्यक्रममा नगएको वन मन्त्रालयकै स्वीकार

यम बम/नयाँ पत्रिका

पत्नी र स्वकीयसहित नर्वे घुमफिर गरेर फर्किएका वनमन्त्री ऐनबहादुर शाही मन्त्रिपरिषद्बाट स्वीकृत कार्यक्रममा नगएको वन मन्त्रालयले नै स्वीकार गरेको छ। 'हुँदै नभएको कार्यक्रम मन्त्रिपरिषद्बाट स्वीकृत गराएर पत्नी र स्वकीयसहित नर्वे घुमेर आए वनमन्त्री शाही' शीर्षकमा सोमबार नयाँ पत्रिकामा समाचार प्रकाशित भएपछि मन्त्रालयले सोमबारै विज्ञप्ति जारी गरेको थियो।

मन्त्रालयका सूचना अधिकारी उपसचिव बाबुराम अधिकारीले जारी गरेको विज्ञप्तिअनुसार मन्त्री शाही युनिभर्सिटी अफ इनल्यान्डको निमन्त्रणामा 'इन्ट्रेन्थन कोअपरेसन प्रोग्राम'का लागि नर्वे गएको उल्लेख छ। जबकि २३ असारको मन्त्रिपरिषद् बैठकले 'नर्वे टु इन्ट्रेन्थन कोअपरेसन प्रोग्राम'मा सहभागी हुन मन्त्री शाहीलाई स्वीकृति दिएको थियो। मन्त्रिपरिषद्ले भ्रमणका लागि स्वीकृत गरेको र मन्त्रालयले मन्त्री सहभागी भएको भनेर प्रस्टीकरण दिएको कार्यक्रम फरक-फरक छन्। मन्त्रालयले भनेअनुसारकै युनिभर्सिटी अफ इनल्यान्डको कार्यक्रममा मन्त्री शाही सहभागी भएको नयाँ पत्रिकाको समाचारमै उल्लेख छ। तर, 'नर्वे टु इन्ट्रेन्थन कोअपरेसन प्रोग्राम'ले नर्वेसँग सहकार्य सुदृढ गर्नेसम्बन्धी अर्थलाई जनाउँछ।

मन्त्रालयको विज्ञप्तिमा भनिएको छ, 'साउन ९ देखि १४ गतेसम्म नर्वेमा आयोजना भएको इन्ट्रेन्थन कोअपरेसन प्रोग्राममा भाग लिन युनिभर्सिटी अफ इनल्यान्ड नर्वेबाट असार २० गते डेनमार्कस्थित नेपाली दूतावास तथा परराष्ट्र मन्त्रालयमार्फत औपचारिक निमन्त्रणा आएको थियो। सोही निमन्त्रणाका आधारमा मन्त्रालयबाट मन्त्रिपरिषद्मा प्रस्ताव पेस भई मन्त्रिपरिषद्बाट असार २३ मा सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी सहभागी हुन माननीय मन्त्रीलाई स्वीकृत प्रदान गरिएको थियो।'

मन्त्री शाहीसँग श्रीमती वसुना र स्वकीय अधिकृत भीम विष्ट तथा प्रकृति संरक्षण कोष (एनटिएनसी) का सदस्यसचिव डा. नरेश सुवेदी र कार्यक्रम प्रबन्धक मधु क्षेत्री पनि नर्वे पुगेका थिए। घुमघामको सबै चाँजोपाँजो सदस्यसचिव सुवेदीले मिलाएका थिए। उनले नै युनिभर्सिटी अफ इनल्यान्ड, नर्वेका प्राध्यापक मोर्टेन ओडेनलाई निमन्त्रणा पठाउन लगाएर एनटिएनसीको खर्चमा मन्त्रीदम्पती र उनका पिएलाई घुमाएका थिए। सरकारको संगठित संस्था एनटिएनसीको अध्यक्ष वनमन्त्री नै हुन्। तर, मन्त्रालयले भने मन्त्रीको भ्रमण खर्च आयोजकबाट व्यहोरिएकाले सरकारलाई आर्थिक दायित्व नपरेको दाबी गरेको छ।

मन्त्रिपरिषद्बाट स्वीकृत कार्यक्रम र मन्त्रालयले सोमबार विज्ञप्तिमा उल्लेख गरेको कार्यक्रम फरक रहेको सम्बन्धमा मन्त्रालयका सचिवले अनभिज्ञता जनाए। 'यसबारे मलाई धेरै थाहा भएन, बुझ्नुपर्छ,' उनले छोटो प्रतिक्रिया दिए।

मन्त्रालयका एक अधिकारीले मन्त्री शाही मन्त्रालयमा आएको निमन्त्रणाका आधारमा भन्दा पनि प्रकृति संरक्षण कोषको अध्यक्षको हैसियतमा आएको निमन्त्रणामा गएको बताए। कोषले इनल्यान्ड नर्वे विश्वविद्यालयमा पाँचवर्षे नोरपार्ट परियोजनामार्फत वित्त पोषित शैक्षिक आदानप्रदान कार्यक्रमको नतिजा प्रदर्शन गर्ने सेमिनार, सहयोगी अनुसन्धान विस्तार गर्ने, विद्यार्थी र विशेषज्ञ आदानप्रदान कार्यक्रम बढाउने बैठक भएको उल्लेख गरेको छ। यो विषय सोमबारकै समाचारमा पनि उल्लेख गरिएको छ।

वनमन्त्री शाही, वन मन्त्रालय र प्रकृति संरक्षण कोषको भनाइ नै बाझियो

नर्वे भ्रमणबारे वनमन्त्री ऐनबहादुर शाही, वन मन्त्रालय र भ्रमणमा लैजाने निकाय सरकारमातहतकै राष्ट्रिय प्रकृति संरक्षण कोषका भनाइ नै बाझिएको देखिन्छ। मन्त्रालयले सोमबार निकालेको विज्ञप्तिमा 'डेपुटी परराष्ट्रमन्त्री स्टाइन रेनेट हाहेमसँग जलवायु परिवर्तन, संरक्षण र क्षमता अभिवृद्धि विषयमा उच्चस्तरीय छलफल सम्पन्न भएको थियो' भनिएको छ। कोषले विज्ञप्ति त जारी गरेको छैन, तर सोमबार दिउँसो आफ्नो वेबसाइटमा मन्त्रीको भ्रमणबारे अंग्रेजी भाषामा उल्लेख गरेको छ, 'नर्वेका मन्त्रीहरूसँग अन्तर्क्रिया भयो।' जबकि मन्त्री शाहीले भने शनिबार साँझ नयाँ पत्रिकासँग कुरा गर्दै 'नर्वेमा निर्वाचन आचारसंहिता लागेकाले परराष्ट्र र जलवायु परिवर्तन मन्त्रालयका मन्त्रीहरूसँग भेट हुन नसकेको, अधिकारीहरूसँग मात्रै भेट भएको' बताएका थिए।

मन्त्रिपरिषद्माथि नै अनुसन्धान गर्न संसद्मा उठ्यो आवाज

मन्त्रिपरिषद्लाई नै झुक्याएर भएको वनमन्त्री शाहीको नर्वे घुमघामबारे प्रतिनिधिसभामा पनि प्रश्न उठेको छ। प्रतिनिधिसभाको सोमबारको बैठकमा रास्वपा सांसद असिम शाहले मन्त्रिपरिषद्माथि नै अनुसन्धान हुनुपर्ने बताए। 'वनमन्त्रीज्यूको त लीला नै अपरम्पार सुन्न पाइयो, हुँदै नभएको कार्यक्रमको ठेली बनाएर श्रीमती र स्वकीय सचिवलाई सरकारी ढुकुटीमा नर्वे सयर गराउनुभएछ। देश आर्थिक संकटले थिलथिलो भएका वेला जनताले तिरेको करमा कस्तो रमाइलो वनभोज हो यो, सभामुख महोदय?' सांसद शाहले प्रश्न गर्दै भने, 'म यही सम्मानित सदनबाट सरकारलाई भन्न चाहन्छु- आँट छ भने अनुसन्धानको झाडु सिंहदरबारको मन्त्रिपरिषद्बाटै सुरु गर्नुहोस्।'

मोटरसाइकल हरायो

मिति २०८२/४/९ अन्दाजी राति ११:०० बजेको समयमा का.जि नागार्जुन-३, ईचङ्गु दुङ्गाखानी घरमा राखेको मेरो निम्न व्यहोरा भएको कालो रातो रंगको 150 CC को पल्सर मोटरसाइकल हराएको हुँदा देख्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु होला।

नाम : गोपाल सिंह थापा मगर
मो.सा.नं.: प्र. १०५००२ प ०१५४
चेसिस नं.: MD2A11CX1PPE31283
इन्जिन नं.: DHXPPE93532
सम्पर्क न.: 9742565775

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

कर्जा सुरक्षण बापतको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७(सात) दिने अत्यन्त जरुरी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८२/०४/२०

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपाई ऋणीले तपसिलमा उल्लेखित अचल सम्पत्ति धितो सुरक्षण दिई कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुर समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाईलाई पटक पटक लिखित मौखित तथा घर ठेगानामा समेत आई तरताकेता गर्दा समेत सो ऋण कर्जाको किस्ता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोमा सो सम्बन्धमा कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्न आउने सम्बन्धि ३५(पैतिस) दिने सूचना प्रकाशित गर्दा समेत ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु समेत चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो जे-जस्तो अवास्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा लिलाम बिक्री गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको ७(सात) दिन भित्र यस वित्तीय संस्थामा उपस्थित भई ऋणीले यस वित्तीय संस्थालाई तिर्नु बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज लगायतका अन्य दै-दस्तुरहरु नबुझाएमा यस वित्तीय संस्थाको नियम, प्रचलित अन्य ऐन कानून एवं बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(१) को अधिकार प्रयोग गरी ऋण कर्जा लिंदा धितो सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको अचल सम्पत्ति गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने हुँदा उल्लेखित अचल सम्पत्ति लिलाममा खरिद गर्न ईच्छुक महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस वित्तीय संस्थाको का.जि.का.म.न.पा. वडा नं. १ हात्तीसार स्थित प्रधान कार्यालयमा कार्यालय समय भित्र शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। साथै तपसिल बमोजिमको धितोबाट यस संस्थाको लेना रकम असुल उपर नभएमा ऋणी तथा व्याक्तिगत जमानी दिनेको घर घराना, चल अचल सम्पत्तिबाट समेत असुल उपर गरिने तथा नेपाल राष्ट्र बैंकको निर्देशानुसार कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा समेत समावेश गरिने व्यहोरा ऋणी तथा सम्बन्धित व्यक्ति समेतलाई यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपसिल

ऋणीको विवरणः
नामः शिसम श्रेष्ठ, ठेगानाः काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २५, बाबुः रत्न बहादुर श्रेष्ठ, बाजेः जगन्नाथ बहादुर श्रेष्ठ, ना.प्र.नं.: ४३८, जारी मितिः २०५४/०४/०७, जि.प्र.का. काठमाडौं, कर्जाः आवास

व्यक्तिगत जमानीकर्ता
१. नामः सुभद्रा श्रेष्ठ, ठेगानाः काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २५ बस्ने, ससुराः जगन्नाथ बहादुर श्रेष्ठ, बाबुः हर्ष बहादुर श्रेष्ठ, पतिः रत्न बहादुर श्रेष्ठ, ना.प्र.नं.: ३४८९/०४६, जारी मितिः २०४६/०३/३१, जि.प्र.का. काठमाडौं
२. नामः रश्मी श्रेष्ठ, ठेगानाः काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २५ बस्ने, ससुराः रत्न बहादुर श्रेष्ठ, बाबुः राम कृष्ण श्रेष्ठ, पतिः शिसम श्रेष्ठ, ना.प्र.नं. १२१०, जारी मितिः २०५४/०४/२०, जि.प्र.का. काठमाडौं

सूक्षण वापत धिताका विवण
जगन्नाथ बहादुर श्रेष्ठको बुहारी हर्ष बहादुर श्रेष्ठको छोरी रत्न बहादुर श्रेष्ठको एकाघरकी श्रीमती काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २५ बस्ने सुभद्रा श्रेष्ठको नाममा मालपोत कार्यालय डिल्लीबजारमा एकलौटि दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. २५ कि.नं. ८०७ क्षेत्रफलः ०-२-०-३ को जग्गा र सो जग्गामा बनेको घर तथा उक्त घरजग्गाले चर्चेको र भविष्यमा चर्चने लिगलगापात समेत।

लिलामी बिक्री सम्बन्धी शर्तहरुः

- शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र प्राप्त भई सक्नु पर्नेछ। सो समय पछि प्राप्त भएका रीत नपुगी वा अमान्य शर्तहरु राखि पेश गरिएको बोलपत्रहरु मान्य हुने छैन। उल्लेखित समय भित्र प्राप्त भएका बोलपत्रहरु सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा (सो दिनमा विदा परेमा त्यसको लगतै सरकारी कार्यालय खुल्ने दिनमा) यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा खोलिने छ।
- उल्लेखित समय भित्र परेका बोलपत्रहरु कुनै कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस वित्तीय संस्थामा निहीत रहनेछ।
- शिलबन्दी बोलपत्रमा प्रष्टरुपमा ईच्छुक खरिदकर्ताको नाम, ठेगाना, नागरिकताको फोटोकपी प्राकृतिक व्यक्तिको हकमा तिन पुस्ते विवरण एंव आफ्नो पहिचान खुल्ने कागजात संलग्न गरि आफुले सो अचल सम्पत्ति के कति मुल्यमा खरिद गर्ने हो सो मुल्य अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ। बोलपत्र दाखिला गर्दा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुने रकम धरौटी स्वरुप यस कार्यालयमा रहेको खाता नं. १८०८०००००००००१००४ Margin Deposit Auction मा नगद वा यस वित्तीय संस्थाको नाममा खिचिएको Good For Payment चेक जम्मा गर्नु पर्नेछ। उक्त रकम बोलपत्र स्वीकृत नभएमा फिर्ता गरिनेछ। धरौटी रकम फिर्ता गरिंदा धरौटी रकमको व्याज दिईने छैन।
- प्राप्त बोलपत्रमा अधिकतम अंक कबोल गर्ने व्यक्तिको कबोल अंक यस वित्तीय संस्थालाई स्विकार्य भएमा सो अचल सम्पत्ति बिक्री गरिनेछ।
- लिलाम बिक्री हुने अघिल्लो दिन सम्ममा ऋणीको तर्फबाट यस संस्थालाई भुक्तानी गर्नु पर्ने सम्पूर्ण रकम बुझाएमा वित्तीय संस्थाले सो लिलाम बिक्री रद्द गर्न सक्नेछ।
- स्वीकृत बोलपत्रवालाले वित्तीय संस्थाले तोकेको मितिमा धरौटी बाहेकको बाँकी रकम नगद जम्मा गरि सो अचल सम्पत्ति आफ्नो नाममा नामसारी गर्नु पर्नेछ। सो कार्य गर्दा हाल सम्मको बक्यौता तथा कानून बमोजिम लाग्ने नामसारी दस्तुर लगायत अन्य कर शुल्क आदि बोलपत्रवालाले नै ब्यहोर्नु पर्नेछ। तोकिएको समय भित्र बाँकी रकम जम्मा नगरेमा धरौटी बापत जम्मा गरेको रकम जफत हुनेछ।
- बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न निरिक्षण गर्न र सो बारे अन्य थप जानकारी चाहिएमा कार्यालय समय भित्र यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा सम्पर्क राख्न सक्नुहुनेछ।
- बोलपत्र नपरेमा वा परेका बोलपत्र वित्तीय संस्थाले अस्वीकृत गरेमा वा लिलाम बिक्री गर्दा कसैले नसकारेमा उल्लेखित अचल सम्पत्तिको स्वामित्व आफ्नो अनुकुलमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७(७) बमोजिम आफ्नो नाममा लिई सोझै बिक्री वितरण गर्न सक्ने व्यहोरा समेत सूचित गरिन्छ।
- आवश्यक कागजातहरु लगायत उपरोक्त सम्बन्धमा अन्य विस्तृत विवरणका लागि यस वित्तीय संस्थाको प्रधान कार्यालय, हात्तीसारमा सम्पर्क राख्न सक्नु हुनेछ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

केन्द्रिय कार्यालय
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३९, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

११९ दिनमा छुटे प्रसाईं

तीनकुने घटना र बैंकिङ कसुरसम्बन्धी दुवै मुद्दामा सोमबार एकै दिन पाटन उच्च अदालतले धरौटीमा छाड्न आदेश दिएपछि २८ लाख बुझाएर फर्किए घर

टेकराज थामी/नयाँ पत्रिका



सोमबार राति डिल्लीबजार कारागारबाट निस्किँदै दुर्गा प्रसाईं। तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका

राजावादीले १५ चैतमा काठमाडौं तीनकुनेमा गराएको घटनाका कमान्डर दुर्गा प्रसाईं ११९ दिनमा जेलमुक्त भएका छन्। घटनापछि भागेर भारत पुगेका प्रसाईंलाई प्रहरीले २६ चैतमा पक्राउ गरी थुनामा राखेको थियो। तीनकुने घटनासँगै पछि बैंकिङ कसुरको मुद्दा पनि खेपेका उनलाई सोमबार एकैदिन पाटन उच्च अदालतको छुट्टाछुट्टै इजलासले धरौटीमा छाड्न आदेश दिएपछि २८ लाख बुझाएर घर फर्किएका हुन्।

प्रसाईंसँग तीनकुने घटनामा राज्यविरुद्धको कसुरमा तीन लाख र बैंकिङ कसुरमा २५ लाख धरौटी माग भएको थियो। न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र मुनेन्द्रप्रसाद अवस्थीको संयुक्त इजलासले बैंकिङ कसुरको मुद्दामा तथा न्यायाधीशद्वय टंकप्रसाद गुरुङ र डिल्लीरत्न श्रेष्ठको इजलासले राज्यविरुद्ध कसुरको मुद्दामा आदेश दिएका हुन्।

'प्रसाईं जोडिएको राज्यविरुद्धको कसुरमा सात दिनदेखि नियमित सुनुवाइ चलेको थियो भने बैंकिङ कसुरको मुद्दामा हिजोबाट सुनुवाइ चलिरहेको थियो। जसमध्ये बैंकिङ कसुरमा २५ लाख र राज्यविरुद्धको कसुरमा तीन लाख रुपैयाँ धरौटी माग भएको छ,' पाटन उच्चका रजिस्ट्रार श्रीलाल पौडेलले जानकारी दिए।

बैंकिङ कसुरविरुद्धको मुद्दा सिधै उच्चमा चल्ने भएकाले यसबापतको धरौटी उनले आदेशलगत्तै उच्चमै बुझाए। तर, राज्यविरुद्धको कसुरको धरौटी भने जिल्ला अदालत काठमाडौंमा बुझाएका हुन्। किनभने यो मुद्दा जिल्ला हुँदै उच्चमा पुगेको हो। २९ जेठमा काठमाडौं जिल्ला अदालतले पुर्पक्षका लागि जेल चलानको आदेश दिएपछि प्रसाईं उच्च अदालत गएका थिए। उच्चले उनलाई धरौटी बुझाएर जेलबाहिरै रहन मौका दिएको हो। जिल्ला अदालत काठमाडौंका सूचना अधिकारी दीपककुमार श्रेष्ठले प्रसाईंले रीतपूर्वक तीन लाख धरौटी बुझाएको बताए।

आपराधिक उपद्रवमा प्रसाईंविरुद्ध विश्वासयोग्य प्रमाण पेस नभएको उच्चको ठहर

१५ चैतमा राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समितिले गरेको प्रदर्शन हिंसा, तोडफोड, आगजनी र लुटपाटमा परिणत भएको थियो। घटनामा एभिन्युज टेलिभिजनका पत्रकार सुरेश रजक र कीर्तिपुर-४ का २९ वर्षीय सबिन महर्जनको मृत्यु भएको थियो। ५६ करोडभन्दा धेरै मूल्यबराबरको धनमालमा आगजनी भएको थियो। जसको मुख्य योजनाकार प्रसाईं थिए।

प्रसाईंसहितका ६१ प्रतिवादीविरुद्ध राज्यविरुद्धको कसुर, आपराधिक उपद्रव, कर्तव्य ज्यान, ज्यान मार्ने उद्योग र संगठित अपराध कसुरसहित झन्डै साढे २० करोड रुपैयाँको बिगोदाबीसहित जिल्ला अदालत काठमाडौंमा मुद्दा दर्ता भएको थियो। सोही मुद्दामा जिल्लाले २९ जेठमा प्रसाईंसहितका प्रतिवादीलाई पुर्पक्षका लागि जेल चलानको आदेश गरेको थियो। तर, उच्चले गरेको सोमबारको आदेशमा आपराधिक उपद्रवमा प्रसाईंविरुद्ध विश्वासयोग्य प्रमाण पेस नभएको ठहर गर्दै जिल्लाको आदेश पनि बदर गरेको छ।

उच्चको आदेशमा भनिएको छ, 'सुरु अदालतको थुनछेक आदेशउपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम निवेदन गर्ने प्रतिवादी दुर्गा प्रसाईंको हकमा विचार गर्दा माथि उल्लेखित आधार र कारण साथै निज अभियोग दाबीबमोजिमको आपराधिक उपद्रवको घटनामा निजको उपस्थिति र निजले प्रत्यक्ष रूपमा सो कार्य गराउन लगाए, अह्राएको भन्ने विश्वासयोग्य प्रमाण पेस हुन सकेको देखिँदैन। अतः निजलाई सो कसुरमा थुनामा राख्ने गरी तहाँ (जिल्ला) अदालतबाट भएको मिति २०८२/०२/२९ को आदेश मिलेको नदेखिँदा बदर गरिदिएको छ।' तर, प्रदर्शनका क्रममा भएको तोडफोडबाट भएको क्षतिलाई भने सकारेको छ। त्यस्तै, घटनामा जोडिएका सुशीला बरालसँग ५० हजार, दण्डपाणि रेग्मीसँग १० हजार र तारा राजावादी भनिने सरोज गौतमसँग ५० हजार धरौटी मागेको छ।

बैंकिङ कसुरमा भने 'निर्दोष भन्न नसकिने' आदेश

प्रसाईंलाई बैंकिङ कसुरमा भने निर्दोष भन्न सकिने आधार नभएको उच्चको आदेशमा उल्लेख छ। 'मिसिलमा संलग्न तत्काल प्राप्त प्रमाणहरूबाट यी प्रतिवादी दुर्गाप्रसाद प्रसाईं निर्दोष रहेछन् भनी अहिले नै भन्न सकिने अवस्था नदेखिँदा साथै निज क्यान्सर रोगबाट पीडित रहेको भन्ने निजले पेस गरेको प्रमाणबाट देखिन आएबाटसमेत पछि थप प्रमाण बुझ्दै जाँदा ठहरेबमोजिम हुने गरी हाल मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ६८ र ७२ समेतका आधारमा यी प्रतिवादीबाट २५ लाख नगद धरौटी वा बैंक जमानत लिई मुद्दाको पुर्पक्षका लागि तारेखमा राख्नुहोला,' आदेशमा भनिएको छ।

घटनाको अनुसन्धान सिआइबीले गरेको थियो। उनीविरुद्ध १८ करोड ४४ लाख बिगो दाबी गर्दै उच्च अदालत पाटनमा मुद्दा दर्ता गरेको थियो। उनीविरुद्ध बैंकबाट ऋणबापत लिएको रकम राउन्ड ट्रिपिङ र लेयरिङ गरेको अभियोग छ। त्यसैले, सिआइबीले बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ८ अनुसार मुद्दा दर्ता गरेको थियो। बैंकिङ कसुर तथा सजाय ऐन, ०६४ को दफा ८ मा कसैले पनि कर्जा दुरुपयोग गर्न नहुने व्यवस्था छ।

सिआइबीका अनुसार प्रसाईंले तत्कालीन एनआइसी (हाल कुमारी) बैंकबाट पूर्वाञ्चल क्यान्सर अस्पतालका नाममा १२ करोड ५० लाख कर्जा लिएका थिए। त्यस्तै, नेपाल इन्भेष्टमेन्ट मेघा बैंकबाट होटेल अटिरमका नाममा पाँच करोड र गुडविल फाइनान्स लिमिटेडबाट मेडिको सप्लायर्स एन्ड इक्विपमेन्टका नाममा १० करोड कर्जा लिएका थिए। तर, उक्त रकम प्रयोजनभन्दा बाहिर दुरुपयोग भएको नेपाल राष्ट्र बैंकको अनुसन्धानले देखाएको छ।

सार्वभौम...

पृष्ठ १ बाट क्रमशः

आचरणविपरीत कार्य गर्नेहरूलाई दोषी किटान र कारबाहीको सिफारिस गर्नुपर्ने दबाब दिएका छन्।

माओवादी सांसद माधव सापकोटाले रातिसम्म प्रतिवेदनलाई अन्तिम रूप दिन कसरत भए पनि सहमति जुट्न नसकेको बताए। राति १ बजे नयाँ पत्रिकासँग उनले भने, 'अहिले बैठक स्थगित छ, प्रतिवेदनलाई अन्तिम रूप दिने प्रयास जारी छ।'

संघीय निजामती विधेयकको दफा ८२(४) को 'अवकाशप्राप्त वा राजीनामा दिएका कर्मचारीले दुई वर्षसम्म कुनै पनि संवैधानिक वा सरकारी नियुक्ति नपाउने' कुलिङ पिरियडको प्रावधानलाई निष्प्रभावी बनाउने गरी 'संवैधानिक वा कूटनीतिक नियुक्ति तथा नेपाल सरकारले गर्ने अन्य कुनै नियुक्तिबाहेक' भन्ने व्यवस्था उपदफा (५) मा पारेर चलखेल गरिएको थियो। यसै सम्बन्धमा अध्ययन तथा छानबिन गर्न समिति गठन गरिएको थियो। समितिमा कांग्रेसबाट सभापति जीवन परियार र सुशीला थिङ, एमालेबाट ईश्वरी घर्ती र नारायण आचार्य तथा माओवादी, रास्वपा र राप्रपाबाट क्रमशः माधव सापकोटा, गणेश पराजुली र रोशन कार्की छन्। विधेयक भने अहिले राष्ट्रिय सभामा छ।

संसद्का पूर्वसचिव मुकुन्द शर्मा संसदीय समितिहरू आफैँमा स्वतन्त्र भएकाले संसद्को सार्वभौमिकताको प्रतिरक्षाका लागि जिम्मेवार बन्नुपर्ने बताउँछन्। समितिले कुनै पनि विषयको छानबिन गर्दा कुनै प्रभाव र दबाबमा नपरी संसद्को सम्प्रभुतालाई सुरक्षित राख्नुपर्ने उनको सुझाव छ। दोषी किटान र कारबाही स्पष्ट खुलाउनुपर्ने पनि उनको भनाइ छ। 'दोषी को छ र के कारबाही गर्नुपर्छ भन्ने स्पष्ट किटान गरेर पारदर्शी कामकारबाही गर्नुपर्छ। संसद् भनेको सार्वभौमसत्तासम्पन्न जनताले छानेर पठाएका आफ्ना वारिसबाट काम गर्ने थलो हो भन्ने कुरालाई प्रमाणित गर्न सक्ने गरी सदन र समितिले काम गर्न सक्नुपर्छ। अन्यथा सदनको गरिमा रहँदैन,' उनले भने।

विवरण...

पृष्ठ १ बाट क्रमशः

निर्वाचन आयुक्त रामप्रसाद भण्डारी, अयोगका सचिव महादेव पन्थ र राजनीतिक दल व्यवस्थापन शाखा प्रमुख विष्णुप्रसाद पौडेललगायतसँग छलफल गरेको थियो। आयोगका पदाधिकारीले 'छिट्टै हुने' आश्वासन दिएर रास्वपा टोलीलाई फर्काएका थिए।

रास्वपाले २५ असार ०८१ मा ढकाललाई अनुशासनको कारबाही गरेर महामन्त्रीबाट हटाएपछि केन्द्रीय समितिमा गरेको हेरफेरको विवरण आयोगमा तीनपटक बुझाइसकेको छ। ०८१ मा १७ साउन र १२ भदौ तथा १० असार ०८२ मा विवरण बुझाएको हो। पछिल्लोपटक विवरण बुझाएको पनि झन्डै डेढ महिना भइसकेको छ। तर, अद्यावधिक नगरिदिएर एउटा दलमाथि गरिरहेको राजनीतिले आयोगको भूमिकाप्रति गम्भीर प्रश्न उठेको छ। आयोगकै पूर्वपदाधिकारीदेखि कानुनविद्सम्मले यसमा प्रश्न उठाएका छन्।

पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले रास्वपाको विवरण अद्यावधिक नगर्नुमा नियत देखिएको बताए। 'यसमा नियतले काम गरेको देखिन्छ। प्रभावमा परेर विवरण अद्यावधिक नगरिदिएको देखिन्छ। कुन दबाब, प्रभाव, स्वार्थबाट गरियो, आयोगले लेखाजोखा गर्नुपर्छ। न्यायोचित निर्णय गरिदिनुपर्छ,' उनले भने, 'कर्मचारीले गल्ती गरेको छ भने कारबाही गर्नुपर्ने होला। सम्बन्धित दलले के माग गरेको हो, आयोगले निर्णय गर्नुपर्छ। यस्ता कार्यले आयोगको गरिमा बचाउन गाह्रो हुन्छ।'

रास्वपा कानुन विभाग प्रमुख एवं सांसद सोविता गौतमका अनुसार ७ असारमा केन्द्रीय समितिले कवीन्द्र बुर्लाकोटी महामन्त्री र मनीष झा प्रवक्ता मनोनीत गर्नुका साथै अन्य पदाधिकारी हेरफेरको निर्णय गरेको थियो। पार्टीले उक्त विवरण अद्यावधिकका लागि ८ असारमा आयोगमा निवेदन दिएको थियो। निवेदनको ढाँचा नमिलेको भनेपछि रास्वपाले पुनः १० असारमा पदाधिकारी हेरफेर अद्यावधिकका लागि बुझाएको अनुसूची १८ सच्याएर पेस गरेको थियो। यतिवेला पनि निवेदन ठिक रहेको भन्दै विवरण अद्यावधिक हुने जवाफ दिएको गौतमले बताइन्। दलको विवरण प्रमाणीकरण गरी अभिलेखमा राख्ने दायित्वबाट आयोग च्युत भएको पनि उनको टिप्पणी छ।

'रास्वपाले विवरण अद्यावधिकका लागि दिएको पत्र समयमै प्रक्रिया नगरी अड्काएर राख्नु, ढिलासुस्ती गर्नु र ११ महिनापछि कागजातसम्बन्धी चासो राखी पुनः कागजात माग गर्नु, रास्वपासम्बन्धी मुद्दा-मामिला निम्त्याउने वातावरण सिर्जना गर्नु केवल प्रशासनिक कमजोरी मात्र होइन, आयोगको संवैधानिक जिम्मेवारीको प्रत्यक्ष उल्लंघन हो। दिएको विवरण अद्यावधिक नगरी आयोगले राजनीति गर्‍यो,' उनले भनिन्।

नयाँ दलभित्र आन्तरिक व्यवस्थापन संवेदनशील र जटिल हुने भएकाले यस्तो अवस्थामा आयोगको भूमिका सहज बनाउने, विवाद नहुने वातावरण बनाउने र निष्पक्षता देखाउने हुनुपर्ने हो। तर, आयोगले ढिलासुस्ती र अलमलपूर्ण कार्यशैली अपनाएर उल्टै पक्ष-विपक्ष सिर्जना गर्ने र लड्ने-लडाउने वातावरण तयार गरेको सांसद गौतमको गुनासो छ। 'यो प्रवृत्तिले आयोग नै नयाँ दललाई कमजोर देखाउने दिशामा त होइन भन्ने प्रश्न जन्माउँछ,' उनले आशंका गरिन्, 'यस्ता कार्यले समग्र लोकतान्त्रिक अभ्यासमाथि प्रश्न खडा गरेको छ। संविधानले दिएको अधिकार र लोकतान्त्रिक संस्थामाथिको जनविश्वासमा प्रश्न उठेको छ।'

पूर्वन्यायाधीश बलराम केसी पञ्चायतमा पनि स्वतन्त्र निकायको रूमा काम गरेको निर्वाचन आयोग अहिले झन् सुदृढ हुनुपर्नेमा राजनीतिक भागबन्डाको असर देखिएको बताउँछन्। 'निर्वाचन आयोग पञ्चायतमा पनि स्वतन्त्र निकायको रूपमा थियो। आज प्रजातन्त्र आइसकेपछि झन् स्वतन्त्र हुनुपर्ने हो। तर, रास्वपाको हकमा ढल्कियो,' उनले भने, 'स्वतन्त्र निर्वाचन आयोग प्रजातन्त्रको पिलर हो। आयुक्तहरूले मेरो त्रुटि होइन, कर्मचारीको हो भन्न पाउँदैनन्, जिम्मा लिनुपर्छ। आयोगले कुन पार्टी, कुन दल भनेर हेर्ने होइन, कानुन हेर्ने हो।' संवैधानिक आयोगका पदाधिकारी नियुक्तिमा भएको राजनीतिक भागबन्डाको असर रास्वपाको विवरण अद्यावधिकमा देखिएको उनको भनाइ छ। दलको आन्तरिक गतिविधिमा आयोगले अनधिकृत हस्तक्षेप गर्न नपाउनेसमेत उनले बताए। अहिलेका सत्ताधारी दललाई रास्वपासहित नयाँ वैकल्पिक शक्तिले असर गर्ने कारण निस्तेज पार्ने प्रयास भइरहेको र यसमा आयोग लाग्न नहुने केसीको सुझाव छ।

संविधानविद् भीमार्जुन आचार्यले पनि रास्वपाको विवरण अद्यावधिकमा आयोगले गम्भीर कमजोरी गरेको टिप्पणी गरे। 'दलले विवरण बुझाउने कानुनी दायित्व हो। यहाँ रास्वपाले बुझाएको देखिन्छ। बुझाइसकेपछि कसरी अभिलेख गर्ने आयोगको कर्तव्य हो। उसको लापरबाही अथवा हेलचेक्र्याइँको असर दलले व्यहोर्ने होइन। यो प्रकरणमा सम्पूर्ण कमजोरी आयोगको हो,' उनले भने।

कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले भने रास्वपाको अद्यावधिक विवरण सर्वोच्च अदालतमा विचाराधीन रहेकाले निर्णय गर्न नसकिएको टिप्पणी गरे। उनले आफूहरू अदालतको निर्णय कुरिरहेको दाबी गरे। 'रास्वपाको पदाधिकारी अद्यावधिक छिट्टै हुन्छ। आयोग कसैको प्रभावमा छैन। कानुनले जे भन्छ, त्यही गर्ने हो। यो अहिले अदालतमा विचाराधीन विषय छ। अदालतमा विचाराधीन भएको विषयमा त्यसले एउटा लाइन नलिएसम्म केही गर्न मिलेन,' उनले भने, 'अदालतले कारण सोध्यो, हामीले कारण दिएका छौं। हामीले दिएको कारणमा यसो गर, उसो गर भनेको छैन,' उनले भने। न्यायालयमा पुगेको विषयमा कुनै निर्देशन नआएसम्म संवैधानिक निकायले निर्णय गर्न नसक्ने उनको तर्क छ।

तर, पूर्वप्रमुख निर्वाचन आयुक्त उप्रेती रास्वपाको पत्र आयोगमा दर्ता भइसकेपछि विवाद सर्वोच्चतिर गएको विषयले कुनै अर्थ नराख्ने बताउँछन्। 'रास्वपाको पत्र आयोगमा दर्ता भइसकेपछि सर्वोच्चतिर गएको कुराले खासै महत्त्व राख्दैन,' उनले भने, 'यसो हो भने त चिठी दर्ता गरेर अद्यावधिक किन नगरेको भन्ने प्रश्न उठ्ला।'

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले रास्वपाको निवेदन अद्यावधिक प्रक्रियामा आयोगका कर्मचारीबाट गल्ती भएको स्वीकार गरे। तर, त्यसको सिंगो भारी आयोगलाई बोकाउन नहुने दाबी पनि गरे। 'मेरो अनुपस्थितिमा कर्मचारीले गल्ती गरेको हो। कर्मचारीको गल्ती आयोगले व्यहोर्नुपर्दैन,' उनको दाबी छ। तर, पूर्वन्यायाधीश केसी निर्वाचन आयुक्तहरू कर्मचारीलाई दोष देखाएर आफू उम्कन नपाउने बताउँछन्। 'आयुक्तहरूले मेरो त्रुटि होइन, कर्मचारीको हो भन्न पाउँदैनन्, उनीहरूले पनि जिम्मा लिनुपर्छ,' उनले भने।

रास्वपालाई गाली गर्नेहरू नै मुकुलको वकालतमा

निर्वाचन आयोगले रास्वपाको विवरण अद्यावधिक नगरेको भन्ने पत्रका आधारमा आफूलाई महामन्त्री दाबी गर्दै अदालत पुगेका मुकुल ढकालको पक्षमा वकालत गर्ने वरिष्ठ कानुन व्यवसायीहरू विगतदेखि रास्वपालाई गाली गर्नेहरू छन्। उनको पक्षमा रामनारायण बिडारी, सतिशकृष्ण खरेल, गोपाल घिमिरे, रमन कर्ण, सुरेन्द्र भण्डारीजस्ता वरिष्ठ कानुन व्यवसायीले बहस गरिरहेका छन्। यीमध्ये अधिकांशले रास्वपाको आलोचना गर्दै आएका छन्। 'एक रुपैयाँ पनि खर्च नगर्ने मुकुल ढकालको पक्षमा ठुल्ठुला अधिवक्ताहरू, त्यो पनि रास्वपालाई गाली गर्ने जमात भएकाले उनीहरू कतैबाट परिचालित भएको आशंका जन्मिएको रास्वपाका एक पदाधिकारी बताउँछन्।

विपिन...

पृष्ठ १ बाट क्रमशः

स्पष्ट सूचना छैन। जोशी गाजा क्षेत्रमा रहेको नेपाल सरकारको पनि अनुमान छ। विपिनसँगै रहेका नेपाली विद्यार्थीले उपलब्ध गराएको सूचनाका आधारमा नेपाल सरकारले विपिन हमास नियन्त्रित गाजा क्षेत्रमा रहेको अनुमान गरेको छ।

प्रधानमन्त्री केपी ओली र परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले हमास समूहसँग सम्बन्ध रहेका अरब मुलुकका समकक्षीसँग संवाद गर्दै आएका छन्। हमासले आफ्नो नियन्त्रणमा रहेका विदेशी र इजरायली नागरिकलाई यसअघि चरणबद्ध रूपमा रिहा गरे पनि विपिन मुक्त भएका छैनन्। मध्यपूर्वका इरान, इजिप्ट, साउदी अरेबिया, कतारसँग हमास समूहको राम्रो सम्बन्ध छ। सरकारले मध्यपूर्वका मुलुकसँग खोजीका लागि प्रयास गर्दै आएको छ। सरकारले रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आइसिआरसी)लगायतका संघसंस्थासँग पनि जोशीको खोजबिन गरिदिन अनुरोध गर्दै आएको छ।

हमास समूहको ग्रिनेड आक्रमणमा बंकरभित्रै चारजना नेपाली विद्यार्थी घाइते भएका थिए भने १० जना नेपाली विद्यार्थीको निधन भएको थियो। आक्रमणमा परेर घाइते भएका सल्यानका विधान सेजवाल, दाङका रविन डाँगी, कैलालीका धनबहादुर चौधरी र गोरखाका हिमाञ्चल कट्टेलले जोशीलाई हमास समूहले नियन्त्रणमा लिएको बताउँदै आएका थिए।

जेरुसेलममा नेपाली पत्रकारसँगको कुराकानीमा इजरायली अधिकारीहरूले हमास समूहले दुईवटा ग्रिनेड फालेकामा एउटा जोशीले समातेर बाहिर फालेको र उनलाई हमास समूहले लिएर गएको बताए। जोशीले ग्रिनेड बंकरबाहिर फालेका कारण चारजना नेपालीको ज्यान बचेको त्यहाँबाट फर्केका विद्यार्थीको भनाइ थियो।

बागमतीको मुख्यमन्त्रीमा गरे बानियाँले दाबी

मन्त्री टुंग्याउन कांग्रेस र एमाले आन्तरिक छलफलमा



मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशमा नयाँ सरकार गठनका लागि कांग्रेस संसदीय दलका नेता इन्द्रबहादुर बानियाँले दाबी पेस गरेका छन् । कांग्रेस र एमालेबाट संयुक्त रूपमा मुख्यमन्त्री पदमा बानियाँले सोमबार दिउँसो प्रदेश प्रमुख दीपकप्रसाद देवकोटासमक्ष दाबी पेस गरेका हुन् ।

एमाले बागमती प्रदेश दलका नेता जगन्नाथ थपलियासहित कांग्रेस एमालेबाट यसअघि मन्त्रीहरूको साथमा नेता बानियाँ मुख्यमन्त्रीका लागि दाबी पेस गर्न प्रदेश प्रमुखको कार्यालय पुगेका थिए । उनले संविधानको धारा १६८ (२)अनुसार आफूसँग बागमती प्रदेश सभामा रहेका बहुमत सांसदहरूको समर्थन रहेको दाबी पेस गरेका छन् ।

११० सदस्यीय प्रदेश सभामा कांग्रेसका ३७ र एमालेका २७ गरी ६४ सांसदको समर्थन रहेको उल्लेख छ । बागमतीमा सरकार गठनका लागि ५६ सांसदको समर्थन भए पुग्छ । यसअघि संविधानको धारा १६९ को उपधारा (१)को खण्ड (क) बमोजिम मुख्यमन्त्री बहादुरसिंह लामाले आइतबारबाट लागू हुने गरी मुख्यमन्त्रीको पदबाट राजीनामा दिएपछि प्रदेश प्रमुख देवकोटाले मुख्यमन्त्रीमा दाबी पेस गर्न मंगलबार दिउँसो २ बजेसम्मको समय दिएका थिए ।

■ दाबी पेस गरेपछि बानियाँले भने– मन्त्रीहरूको विषयमा हामी छलफलमै छौं, शपथअघिसम्म टुंगो लाग्छ । पार्टी नेतृत्व र साथीहरूसँग छलफल चलिरहेको छ । सबैको सल्लाह, सुझाव र प्रदेशको आवश्यकताका आधारमा मन्त्रीको नाम टुंग्याउँछौं ।

बागमती प्रदेशले नयाँ मुख्यमन्त्री पाएसँगै मंगलबार नै सरकारले पूर्णता पाउने सम्भावना छ । सत्तासाझेदार दलहरू कांग्रेस र एमाले सरकारलाई पूर्णता दिने तयारीमा जुटेका छन् । सरकारको नेतृत्व गरिरहेको कांग्रेसले सकेसम्म मंगलबार मन्त्रीहरूको नाम टुंग्याउने तयारी गरिरहेको जनाएको छ ।

कांग्रेस दलका नेता बानियाँले आफूहरू आन्तरिक तयारीमा जुटिसकेको बताए । उनले पार्टीका सबै साथीहरूको सल्लाह सुझाव र प्रदेशको आवश्यकताका आधारमा मन्त्रीको टुंगो लगाउने दाबी गरे । 'मन्त्रीका विषयमा हामी छलफलमै छौं, शपथअघिसम्म टुंगो लाग्छ,' उनले भने, 'पार्टी नेतृत्व र साथीहरूसँग छलफल चलिरहेको छ । सबैको सल्लाह, सुझाव र प्रदेशको आवश्यकताका आधारमा मन्त्रीको नाम टुंग्याउँछौं ।'

एमाले पनि सरकारमा जाने मन्त्रीहरूको नाम टुंग्याउन आन्तरिक छलफलमा जुटेको छ । एमाले बागमती प्रदेश दलका नेता जगन्नाथ थपलियाले पार्टीबाट मन्त्री बन्नेहरूको विषयमा छलफल चलिरहेको जानकारी दिए । उनले केही पुराना र केही नयाँलाई समेटेर मन्त्री बनाउने स्पष्ट पारे । 'एमालेको भागमा परेका सबै ६ जना मन्त्रीको नाम टुंग्याउने चरणमा छौं । अहिले छलफल चलिरहेको छ । शपथ लिनुभन्दा अघि सबैको नाम टुंग्याइसक्छौं,' उनले भने, 'एमालेबाट केही मन्त्रीहरू दोहोरिने सम्भावना छ । केही नयाँलाई समेट्ने तयारी छ ।'

कक्षा १२ को नतिजामा सुधार, ६१.१७ प्रतिशत विद्यार्थी उत्तीर्ण

अंग्रेजीमा सबैभन्दा धेरै अनुत्तीर्ण, बागमती प्रदेशमा छात्रा धेरै उत्तीर्ण, अन्यमा छात्र



● **महाश्रम शर्मा**, अध्यक्ष राष्ट्रिय परीक्षा बोर्ड

नतिजा सुधारमा सबैभन्दा बढी त विद्यार्थीले पढ्ने वातावरण तय गरे । पालिकाहरूले पनि मिहिनेत गरेका छन्, परीक्षाका तरिकाहरूमा पनि केही फरकपना आयो । ०७८ देखि लागू भएको नयाँ पाठ्यक्रम र नयाँ प्रश्नपत्रको मोडालिटीमा विद्यार्थी अभ्यस्त हुँदै गए । साथै प्रश्नपत्र निर्माणमा पनि धेरै परिवर्तन भएको छ ।



● **विद्यानाथ कोइराला**, शिक्षाविद्

नतिजा सुधार भए पनि पढाइको व्यावहारिकतामाथिको प्रश्न यथावतै छ । अंकमा नतिजा सुधियो, तर हाम्रो परीक्षा प्रणाली व्यवस्थित भएन, सीपमूलक उपयोगी भएन, अब उत्तीर्ण विद्यार्थी बाहिर जाने लाइन लाग्ने त होलान् । यहाँ कक्षा १२ पास गरेर विदेश पढ्न जाँदा विद्यार्थीलाई अप्ठ्यारो पर्ने किसिमको हाम्रो शिक्षा व्यवस्था छ, पढेर विद्यार्थीले आफूलाई निर्भर बनाउन सक्दैन ।



शिवहरि घिमिरे/नयाँ पत्रिका

कक्षा १२ को परीक्षामा नियमिततर्फका ६१.१७ प्रतिशत विद्यार्थी उत्तीर्ण (ग्रेडेड) भएका छन् । राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको नतिजाअनुसार ३८.८३ प्रतिशत (१ लाख ५३ हजार ८८२) जना विद्यार्थी अनुत्तीर्ण (नन्ग्रेडेड) भएका छन् । २१ देखि २ ९वैशाखसम्म सञ्चालित परीक्षामा नियमित र आंशिक गरी पाँच लाख १० हजार ९८७ परीक्षार्थी सहभागी थिए ।

नियमिततर्फ तीन लाख ९६ हजार ३४७ हजार विद्यार्थी सहभागी भएकोमा दुई लाख ४२ हजार ४६५ विद्यार्थी (६१.१७ प्रतिशत) उत्तीर्ण भएका हुन् । यस्तै, आंशिकतर्फ एक लाख १४ हजार ६४० विद्यार्थी सहभागी भएकोमा ४१ हजार ८४० (३६.४९ प्रतिशत) विद्यार्थी उत्तीर्ण भएका छन् । यद्यपि, गत वर्षभन्दा ९ प्रतिशतले नतिजा बढेको छ । गत वर्ष ५२.९१ प्रतिशत विद्यार्थी उत्तीर्ण भएका थिए ।

सार्वजनिक नतिजाअनुसार अंग्रेजी विषयमा सबैभन्दा धेरै विद्यार्थी अनुत्तीर्ण छन् । ६६ हजारभन्दा धेरै विद्यार्थी अंग्रेजीमा अनुत्तीर्ण भएको बोर्डले जनाएको छ । बोर्डको तथ्यांकअनुसार माथिल्लो जिपिए ३.६१ देखि ४ ल्याउने १३ हजार ५०२ जना छन् । यस्तै, जिपिए ३.२१देखि ३.६० ल्याउने ५५ हजार ८९६ छन् भने जिपिए २.८१ देखि ३.२० सम्म ल्याउने ९४ हजार २६८ छन् ।

जिपिए २.४१ देखि २.८० ल्याउने विद्यार्थी ६९ हजार ८१२ जना छन् । तल्लो तहको जिपिए २.०१ देखि २.४० ल्याउने आठ हजार ९६४ र जिपिए १.६१ देखि २.०० ल्याउने विद्यार्थी २३ जना छन् ।

■ यसकारण सुधियो नतिजा, पढाइमा प्रश्न यथावत्

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माका अनुसार नतिजा सुधार हुनुमा स्थानीय सरकार, विद्यालय, अभिभावक, विद्यार्थीलगायतको महत्त्वपूर्ण भूमिका छ । विद्यार्थीलाई परीक्षाका सम्भावित प्रश्नबारे बढी अभ्यास गराइको र एक हजार तीन सय शिक्षकलाई प्रश्नपत्र निर्माणसम्बन्धी तालिमसमेत दिएको उनको भनाइ छ । 'सबैभन्दा बढी त विद्यार्थीले पढ्ने वातावरण तय गरे, पालिकाहरूले पनि मिहिनेत गरेका छन्, परीक्षाका तरिकामा पनि केही फरकपना आयो,' शर्माले भने, '०७८ देखि लागू भएको नयाँ पाठ्यक्रम र नयाँ प्रश्नपत्रको मोडालिटीमा विद्यार्थी अभ्यस्त हुँदै गए । साथै, प्रश्नपत्र निर्माणमा पनि धेरै परिवर्तन भएको छ ।'

शिक्षाविद् विद्यानाथ कोइरालाले नतिजा सुधार भए पनि पढाइको व्यावहारिकतामाथि प्रश्न उठाएका छन् । 'अंकमा नतिजा सुधियो, तर हाम्रो परीक्षा प्रणाली व्यवस्थित भएन, सीपमूलक र उपयोगी भएन, अब उत्तीर्ण विद्यार्थी बाहिर जाने लाइन लाग्ने त होलान्,' उनले भने, 'यहाँ कक्षा १२ पास गरेर विदेश पढ्न जाँदा विद्यार्थीलाई अप्ठ्यारो पर्ने किसिमको हाम्रो शिक्षा व्यवस्था छ, पढेर विद्यार्थीले आफूलाई निर्भर बनाउन सक्दैन ।' उनका अनुसार पास भएका विषयमा पनि सबै विद्यार्थीको सबै विषयमा राम्रो नतिजा देखिँदैन । त्यसकारण शिक्षण सिकाइमै सुधार हुनुपर्छ र सरकारका सबै निकायले यसमा गम्भीर भएर छलफल गर्न जरुरी छ ।

बोर्डको नतिजाअनुसार अंग्रेजीपछि अकाउन्ट र सामाजिक विषयमा पनि धेरै विद्यार्थी अनुत्तीर्ण भएका छन् । बोर्डका अनुसार अंग्रेजीमा ६६ हजार २७५ जना अनुत्तीर्ण भएका छन् । सामाजिक अध्ययनमा ३३ हजार ९२१ विद्यार्थी नन्ग्रेडेड छन् । अकाउन्टमा ४१ हजार ३६३ विद्यार्थी अनुत्तीर्ण भएका छन् । यस्तै, अनिवार्य नेपालीमा २८ हजार ३५६ विद्यार्थी नन्ग्रेडेड छन् ।

कक्षा १२ पछि विदेश जाने लहर बढ्दै जाँदा विश्वविद्यालयका अधिकांश कार्यक्रममा शैक्षिक असर परिरहेका छ । यस्तोवेला कम विद्यार्थी पास हुँदा झन् असर पर्ने देखिन्छ । त्रिभुवन विश्वविद्यालय, परीक्षा बोर्ड, एनओसी कार्यालयलगायतको तथ्यांकअनुसार पछिल्ला केही वर्षमा कक्षा १२ मा उत्तीर्ण आधा विद्यार्थी नेपालका विश्वविद्यालयमा पढ्न जाँदैनन् । उनीहरूमध्ये धेरैजसो रोजगारी वा वैदेशिक अध्ययनका लागि बाहिर जाने गरेका छन् । कक्षा १२ मा पास भएका आधा विद्यार्थीमात्रै उच्च शिक्षामा भर्ना हुने र त्यो संख्याले नेपालका विश्वविद्यालयका सबै कार्यक्रमका कोटाअनुसारको विद्यार्थी पूर्ति हुँदैनन् ।

कोशी प्रदेश १२ हजार ३७४ छात्रा र १२ हजार ६०४ छात्रले एनजी ल्याएका छन् । गण्डकी प्रदेशमा चार हजार आठ सय छात्रा र पाँच हजार ३०३ छात्र अनुत्तीर्ण छन् । मधेश प्रदेशमा अनुत्तीर्ण हुने छात्रा संख्या ११ हजार ७७२ र छात्र संख्या ११ हजार ५५९ रहेको छ । त्यस्तै, लुम्बिनी प्रदेशमा अनुत्तीर्ण हुनेमध्ये छात्रा १४ हजार ९०२ छात्र १४ हजार ४२० रहेका छन् ।

बागमती प्रदेशमा भने अनुत्तीर्ण हुनेमध्ये छात्रको संख्या बढी छ । जसमा २० हजार १०७ छात्र अनुत्तीर्ण छन् भने १६ हजार ७५८ छात्रा अनुत्तीर्ण भएका छन् । यस्तै, कर्णाली प्रदेशमा अनुत्तीर्ण छात्रा संख्या ६ हजार ६१० रहेको छ भने अनुत्तीर्ण छात्र संख्या ६ हजार ७९ रहेको छ । सुदूरपश्चिम प्रदेशमा पनि अनुत्तीर्ण हुने बढी छात्रा छन् । जसमा ९ हजार १४९ जना छात्रा अनुत्तीर्ण भएका छन् भने ७ हजार ४५८ छात्र अनुत्तीर्ण छन् ।

■ माथिल्लो जिपिए ल्याउने कुन प्रदेशमा कति ?

सुदूर पश्चिममा जिपिए ३.६१ देखि ४ ल्याउने विद्यार्थी संख्या २५१ रहेको छ । त्यस्तै, कर्णालीबाट सोही जिपिए प्राप्त गर्ने विद्यार्थी संख्या ७० जना रहेको छ । बागमती प्रदेशबाट जिपिए ३.६१ देखि ४ ल्याउने विद्यार्थी संख्या ८ हजार ६८५ छ । मधेश प्रदेशमा जिपिए ३.६१ देखि ४ ल्याउने विद्यार्थी संख्या ४०३, लुम्बिनीबाट सोही जिपिए ल्याउने एक हजार ५४३ रहेको छ । कोशी प्रदेशबाट जिपिए ३.६१ देखि ४ ल्याउने विद्यार्थी संख्या एक हजार ३९९ र गण्डकी प्रदेशबाट एक हजार १५१ जनाले माथिल्लो जिपिए ३.६१ देखि ४ ल्याएका छन् ।

■ सकियो माओवादी बैठक

उच्चपदस्थ नेताको सम्पत्ति छानबिन गर्न उच्चस्तरीय आयोगको माग

नयाँ पत्रिका

प्रमुख प्रतिपक्षी दल माओवादीले सार्वजनिक पदधारक तथा उच्चस्पदस्थ नेताहरूको सम्पत्ति छानबिनका लागि अधिकारसम्पन्न उच्चस्तरीय आयोग गठन गर्न माग गरेको छ । शुक्रबार सुरु भएर सोमबार सम्पन्न माओवादी स्थायी समिति बैठकले उच्चस्तरीय आयोग गठन गर्न माग गरेको हो ।

'जहाँ सरकार, त्यहाँ व्यापक भ्रष्टाचार अहिले पर्यायवाची बनेका कारण आमजनतामा चुलिँदो आक्रोशलाई बैठकले गम्भीर रूपमा लिन्छ । भ्रष्टाचारविरुद्ध निर्णायक कदम चाल्दै, सार्वजनिक पदधारक तथा उच्चपदस्थ नेताहरूको सम्पत्ति छानबिन गर्न अधिकारसम्पन्न उच्चस्तरीय आयोग गठन गर्न यो बैठक माग गर्दछ,' निर्णयमा छ ।

भ्रष्टाचार आरोप लागेका मन्त्रीहरूमाथि छानबिन गर्न पनि बैठकले माग गरेको छ । 'सरकारकै मन्त्रीहरूमाथि भ्रष्टाचारको आरोप लागिरहँदासमेत छानबिनको प्रयत्न नगिर्नुबाट सुशासनप्रति राज्यको जवाफदेहिता शून्य भएको पुष्टि गरेको छ । सरकारका सुशासनविरोधी कदमको विरोध गर्दै आरोपित मन्त्रीहरूमाथि छानबिन गर्न बैठक माग गर्दछ,' माओवादीले भनेको छ ।



■ फेरि जनतामा जान्छौं : प्रचण्ड

माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले फेरि जनतामा जाने बताएका छन् । 'फेरि एकचोटि जनतामा जाने र देशमा अहिले देखापरेका विसंगतिको अन्त्यका निम्ति आन्दोलन गर्ने निर्णय भएको छ,' बैठकपछि उनले भने । बैठकले अझ सुदृढ एकताको साथ सबैखाले गुटबन्दी, समूहबद्धता अन्त्य गर्ने संकल्प लिएको पनि उनले बताए । 'देशको लोकतान्त्रिक आन्दोलनको सुदृढीकरणका निम्ति, लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणका निम्ति जुन पार्टीले नेतृत्वदायी भूमिका खेल्यो । यसलाई एकताबद्ध गर्ने चुनौती हाम्रो अगाडि थियो । त्यो चुनौतीलाई हामीले जिम्मेवारीपूर्वक पूरा गरेका छौं र पार्टी एकताबद्ध भएको छ । हामीले सामूहिक प्रतिबद्धता गरेका छौं । हामी अझ सुदृढ एकताको साथ सबैखाले गुटबन्दी, समूहबद्धता अन्त्य गर्ने संकल्प लिएका छौं,' प्रचण्डले भने ।

सरकारले भूमाफिया तथा बिचौलियाहरूको स्वार्थमा भूमिसम्बन्धी विधेयक ल्याउने षड् यन्त्र भइरहेकोमा माओवादीले गम्भीर आपत्ति जनाएको छ । उखु किसानलाई दिइँदै आएको अनुदानमा गरिएको ५० प्रतिशत कटौतीको बैठकले विरोध गरेको छ । किसानलाई तत्काल न्याय दिन पनि माग गरेको छ ।

सहकारी ठगहरूलाई कारबाही गर्नुको साटो सत्तानिकट व्यक्तिहरूलाई संरक्षण गर्ने र पीडितहरूका पक्षमा प्रभावकारी कार्य नगर्ने सरकारी रबैयाको बैठकले भर्त्सना गर्दै पीडितहरूको बचत रकम फिर्ता गरी दोषीमाथि कानुनी कारबाहीको माग गरेको छ ।

माओवादीले शिक्षा विधेयकमा भएको ढिलाइप्रति आपत्ति जनाएको छ । माओवादीले विप्लव नेतृत्वको नेकपासँग एकता गर्ने निर्णय गरेको छ । 'नेकपासँग पार्टी एकता गर्ने निर्णय भएको छ । छिट्टै वार्तासमिति बनाएर अगाडि बढ्ने कुरा भएको छ,' उपाध्यक्ष अग्निप्रसाद सापकोटाले भने ।

बैठकमै प्रतिवाद गर्ने राप्रपा असन्तुष्ट पक्षको रणनीति

काठमाडौं/ राप्रपाको असन्तुष्ट पक्षले विवादित निर्णय उल्टाउन अध्यक्ष राजेन्द्र लिङ्देनलाई दबाब दिने र बैठकमै प्रतिवाद गर्ने रणनीति अपनाएको छ । सोमबार राजधानीमा बसेको असन्तुष्ट पक्षको अनौपचारिक बैठकले एकजुट भएर निर्णय उल्ट्याउन दबाब दिने निष्कर्ष निकालेको हो ।

आगामी केन्द्रीय कार्यसम्पादन समिति र केन्द्रीय समिति बैठकबाट निर्णय उल्टाउने गरी अघि बढ्ने निष्कर्ष असन्तुष्ट पक्षको छ । राप्रपाले भदौमा केन्द्रीय समिति बैठक बोलाउने तयारी गरेको छ । त्यसअघि केन्द्रीय कार्यसम्पादन समिति बैठक बस्ने नेताहरूले बताएका छन् । 'विधिविधानविपरीत अन्यायपूर्ण निर्णयविरुद्ध हामीले आवाज उठाइरहेका छौं । निर्वाचन आयोग पनि गएका छौं । यी सबै विषयबारेमा जानकारी गराइएको हो । हामी सामूहिक रूपमै अगाडि बढ्छौं,' महामन्त्री धवलशमशेर राणाले भने ।

अध्यक्ष लिङ्देनले अनुशासन समितिको संयोजकबाट नवराज सुवेदीलाई हटाएर रोशन कार्कीलाई मनोनीत गरेपछि राप्रपामा विवाद बढेको हो । उक्त निर्णयको विरुद्धमा असन्तुष्ट पक्ष निर्वाचन आयोगसमेत गएको थियो । लिङ्देन पक्षले भने सुवेदीले पार्टी परित्याग गरेकाले कार्कीलाई जिम्मेवारी दिइएको दाबी गर्दै आएको छ । सुवेदीले आफूले पार्टी परित्याग नगरेको जिकिर गर्दै आएका छन् । उनले अनुशासन समितिको संयोजकमा पुनर्बहालीका लागि निवेदन नै दिएका छन् ।

संक्षेप

सिन्धुली फर्किए हायु परिवार



कास्की/ सिन्धुली गोलन्जोर गाउँपालिका- ६ स्थित विपर कटेरी भन्ने स्थानका हायु परिवार घर फर्किएका छन् । उपयुक्त स्थानमा खोजेर घर बनाइदिने, लिएको ऋण तिर्न सहजीकरण गरिदिने आश्वासन पाएपछि उनीहरू घर फर्किन राजी भएका हुन् । उनीहरू सिन्धुली फर्के पनि आफ्नै घरमा भने नजाने भएका छन् । उनीहरू गोलन्जोर- ६ का वडाध्यक्ष रविनकुमार श्रेष्ठको घरमा गएर बस्ने गरी पोखराबाट फर्किएका हुन् । वडाध्यक्ष श्रेष्ठले दाता खोजी गरी उपयुक्त स्थानमा घर बनाइदिने, हायु परिवारले लिएको ऋण तिर्न सहजीकरण गरिदिने, परिवारका केही सदस्यलाई कामको खोजीका लागि पहल गरिदिनेलगायतका आश्वासन दिएपछि हायु परिवार सोमबार सिन्धुली फर्किएका हुन् ।

मैनावती खोलाको पुल भासिँदा आवागमन रोकियो

लहान/ सिराहाको मिर्चैया नगरपालिका- २ मलहनियाँ पिराडी र वडा नम्बर १२ मा पर्ने सिक्रौन गाउँको सडक खण्डमा पर्ने मैनावती खोलाको पुल भासिएको छ । मलहनियाँ पिराडी गाउँ हुँदै दक्षिणतर्फ सिक्रौन जाने सडकको पुल सोमबार बिहान आएको बाढीले भासिँदा आवागमन पूर्ण रूपमा अवरुद्ध भएको स्थानीय विशेश्वर मण्डलले बताए । उनका अनुसार स्थानीय बासिन्दाको विरोधका बाबजुद मैनावती खोलाबाट अनियन्त्रित रूपमा बालुवा र किनारको माटो निकालेर सडक भर्ने काम गरिएपछि कमजोर भएको बेस बाढीको कारणले भासिएको हो । करिब डेढ दशकअघि गरिबी निवारण कार्यक्रमअन्तर्गत निर्माण गरिएको पुलछेउछाउबाट खोला सफा गर्ने नाममा जेसिबी प्रयोग गरी आसपासको माटोसमेत खनिएको थियो । स्थानीयले विरोध गरे पनि वडा कार्यालय र पालिकाले बेवास्ता गर्दा त्यसको मार आफूहरूले भोग्नुपरेको स्थानीयले गुनासो गरे । पुल भासिएपछि सिराहाको पश्चिमी भेगमा पर्ने निर्दना, भेडिया, सिक्रौन गाउँबाट मिर्चैया आवतजावत गर्न कठिनाइ भएको छ ।

इको पहिरो नियन्त्रण गर्न भौतिकमन्त्रीलाई अनुरोध

सिन्धुपाल्चोक/ नेपाल-चीन सिमाना मितेरीपुलबाट पाँच सय मिटरयता कोदारीस्थित इको पहिरो नियन्त्रणका लागि भोटेकोशी गाउँपालिका अध्यक्ष पासाङ नोर्बु शेर्पाले भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाललाई समस्याबारे जानकारी गराएका छन् । 'मन्त्रीज्यूले एक हप्ताभित्र समस्या समाधान गर्ने वचन दिनुभएको छ,' उनले भने, 'ज्ञापनपत्र बुझ्नुसाथ सबै निकायलाई फोन गरेर निर्देशन पनि दिनुभएको छ ।' पहिरोका कारण तातोपानी नाका कष्टकर बनेको छ । पहिरो खसिरहने र भोटेकोशी नदीले तलबाट तानिरहने क्रम एक महिनादेखि चलिरहेको छ । सडक डिभिजन र स्थानीय दबिएको हिलो ढुंगामाटो पन्छाउन लागे पनि पहिरो नियन्त्रण हुन सकेको छैन । इको पहिरोले तातोपानी नाकाको व्यापार चौपट बनाएको छ । मानसरोवर जाने र आउने तीर्थयात्री यही पहिरोका कारण समस्यामा परेका छन् । पाँच सयभन्दा बढी मालवाहक कन्टेनर १५ दिनदेखि चिनियाँ क्षेत्रमा अलपत्र छन् । पहिरो बनाउन सडक डिभिजन कार्यालय चरिकोटले नियमित रूपमा एक्स्काभेटर प्रयोग गर्ने गर्छ । स्थानीय व्यापारीले पनि दिनहुँजसो सडक सफा गर्छ । यद्यपि, सडकमाथिबाट धिमा गतिमा बग्ने दबदबे पहिरोले सडक नियमित अवरुद्ध हुन्छ । पहिरोमाथि कोदारी गाउँ छ । ३० भन्दा बढी घर पनि सोही पहिरोको जोखिममा परेका छन् । केही दिनयता परेको पट्यारलाग्दो झरीले नाका अस्तव्यस्त बनेको छ । यात्रुवाहक गाडी तातोपानीमै रोकिएका छन् भने चीनबाट आउने मालवाहक कन्टेनर सीमाक्षेत्रमा अलपत्र परेका छन् ।

■ कोशी प्रदेश सभाका ३२ महिना

दुई सांसद बोल्दै बोलेनन्, चारजना एकचोटि मात्र बोले

विराटनगरमामा **गणेश लम्साल**

११ पुस ०७९ मा सुरु भएको कोशी प्रदेश सभाको दोस्रो कार्यकालको ३२ महिनामा यतिवेला सातौँ अधिवेशन सञ्चालन भइरहेको छ । १८ साउनसम्म सभाको १२१ बैठक सम्पन्न भइसकेका छन् । तर, जनताका लागि आवाज उठाउन निर्वाचित भएर आएका ९३ सांसदमध्ये दुईजना सांसद एकपटक पनि बोलेका छैनन् ।

३२ महिनाको अवधिमा कोशी प्रदेश सभामा एकपटक पनि नबोल्ने सांसदमा एमालेका नम्बरलाल धिमाल र कांग्रेसकी लीलाकुमारी राई छन् । शून्य समय, विशेष समय, सैद्धान्तिक र अन्य छलफलमा दुवैजना एकपटक पनि बोलेका छैनन् ।

प्रदेश सभामा सांसदहरूले आ-आफ्नो निर्वाचन क्षेत्रका समस्या तथा सुधारका सुझावसहित प्रदेशका मुख्य समस्याबारे सरकारको ध्यानाकर्षण गराउने गरेका छन् । अधिवेशनभरि एकपल्ट मात्र बोले सांसदमा मोरङ ५ (१) बाट निर्वाचित कांग्रेस सांसद अमृतकुमार अर्याल, मोरङ ६ (१)बाट निर्वाचित माओवादी सांसद जीवन आचार्य, मोरङ ३ (२)बाट निर्वाचित एमाले सांसद ज्ञानेन्द्र सुवेदी र मोरङ ३(१) बाट निर्वाचित कांग्रेस सांसद मानबहादुर लिम्बू छन् ।

दुई सांसद जो प्रदेश सभामा एकपटक पनि बोलेनन्



नम्बरलाल धिमाल | लीलाकुमारी राई

प्रदेश सभामा एकपटक मात्र बोलेका चार सांसद



अमृतकुमार अर्याल | जीवन आचार्य | ज्ञानेन्द्र सुवेदी | मानबहादुर लिम्बू

झापाका कांग्रेस सांसद मोहन महर्जन, पूर्वसभामुखसमेत रहेका बाबुराम गौतम र सुनसरी १(२)का एमाले सांसद विजयकुमार राई तीनपटक बोलेका छन् । सोलुखुम्बुकी कांग्रेस समानुपातिक सांसद डोल्मा तामाङ ११ पटक, संखुवासभा १ (१)का माओपादी सांसद राजेन्द्र कार्की चारपटक सुनसरीकी कांग्रेस सांसद ममता तामाङ मगर चारपटक र मोरङकी एमाले सांसद नुरसदी बेगम चारपटक बोलेका छन् ।

प्रदेश सभाको अभिलेखअनुसार सोलुखुम्बु १(१) बाट निर्वाचित माओवादी सांसद गोम्बु शेर्पा सबैभन्दा बढी ४६ पटक बोलेका छन् । तेह्रथुम १ (१) बाट निर्वाचित एमाले सांसद किशोरचन्द्र दुलाल ३६ पटक, मोरङबाट समानुपातिक कांग्रेस सांसद शोभा चेम्जोङ ३३ पटक, सुनसरीकी समानुपातिक एमाले सांसद मीना श्रेष्ठ २६ पटक, सुनसरी २ (२)बाट निर्वाचित एमाले सांसद रामप्रसाद महतो २५ पटक, तेह्रथुमबाट समानुपातिक एमाले सांसद कमला दर्नाल २४ पटक र झापा ४(१) बाट निर्वाचित सांसद राधाकृष्ण खनालले २४ पटक बोलेका छन् ।

कोशी प्रदेश सभामा रहेका ९३ जना सांसदमध्ये सांसदहरूले ५२४ पटक शून्य समयमा सामाजिक, प्रशासनिक तथा आर्थिक सवालमा पनि सांसदहरूले आफ्नो धारणा राख्दै जनहितका विषय उठाएका छन् । कोशी प्रदेश सभाको अवधिमा सांसदहरूले शून्य समयमा ५२४ पटक, विधेयकको सैद्धान्तिक छलफलमा ४३० पटक, विशेष समयमा ९३ पटक, दलको तर्फबाट ५७ र अन्य छलफलमा ३२ पटक गरी जम्मा ३२ महिनाको ९६० दिनमा ११ सय ३६ पटक बोलेका छन् ।

सामाजिक विकास मन्त्रालयको कानुनी परामर्शदाता रहिसकेका अधिवक्ता कोषराज न्यौपानेले सांसद भएपछि एकपल्ट पनि नबोल्नु र बोले पनि एक-दुईपटक मात्र बोल्नु नागरिकहरूको अधिकारका पक्षमा मौन बस्नुजस्तै भएको बताए । 'लोकतान्त्रिक अभ्यासमा जनप्रतिनिधिले संसद्मा नबोल्नु जनतासामु प्रत्यक्ष जवाफदेहिताको कमी मानिन्छ, यसैले जति धेरै प्रभावकारी रूपमा सांसदरूले संसद्को बैठकमा बोलेर सहभागिता जनाउँछन्, उति नै संसद् जनउत्तरदायी बन्छ र समस्या समाधान गर्न सरकार पनि बाध्य हुन्छ,' उनले भने ।

मुख्यमन्त्री हिक्मतकुमार कार्की दुईपटक, पूर्वमुख्यमन्त्री केदार कार्की १० पटक र पूर्वमुख्यमन्त्री उद्धव थापा आठपटक बोलेका छन् । माओवादी नेता इन्द्र आङ्बो १९ पटक, एकीकृत समाजवादीका नेता तथा पूर्वमुख्यमन्त्री राजेन्द्रकुमार राई १६ पटक, राप्रपा नेता भक्तिप्रसाद सिटौला १७ पटक, जसपा नेता सिर्जना लिम्बू सातपटक बोलेका छन् ।

मौलिक हक प्रत्याभूतिमाथि प्रश्न

मौलिक हक राज्यले नागरिकलाई दिएको उपहार नभएकाले राज्यका तर्फबाट यिनको संरक्षण र सुरक्षाका लागि संवैधानिक प्रबन्ध अक्षरशः पालना गरिनुपर्छ



● डा. प्रेमराज सिलवाल

अग्रलेख

संविधान मुलुकको राजनीतिक तथा शासकीय प्रणालीलाई निर्देशित गर्ने राजनीतिक-कानुनी दस्ताबेज हो । लोकतान्त्रिक संविधानले संविधानवादका विश्वव्यापी मूल्य, मान्यता र अवधारणालाई आत्मसात् गरेको हुन्छ । राजनीतिलाई कानुनी र विधिशास्त्रीय रूपमा ढाल्ने काम संविधानले गर्ने गर्छ । संविधान मुलुकको सर्वोच्च कानुन तथा गतिशील दस्ताबेज भएकाले संविधानको अर्थ सारमा विधिको शासन लागू हुनु हो । यसको अर्थ संविधान, कानुनमा व्यवस्था गरिएबमोजिम आफ्नो कार्यक्षेत्रमा सीमित रहेर कार्य सञ्चालन गर्नु हो । यद्यपि, नेपालको संवैधानिक अभ्यासमा सरकार असीमित भयो भन्ने आरोप लाग्दै आएको छ । सत्तामा भएकालाई कानुनी कारबाहीमा छुट हुने र 'सत्ताका आँखामा परेका'लाई दुःख दिने कार्य किन हुन्छन् ? विपक्षीलाई कानुनी झमेलामा फसाउन किन संवैधानिक सर्वोच्चता र सीमित सरकारको अवधारणाविरुद्ध कार्य गर्ने गरिन्छ ? यस्ता प्रश्न पटक-पटक उठ्दै आए । शासकलाई अरू व्यक्ति र समूहमाथि शासन गर्ने कानुनी तथा राजनीतिक अधिकार संविधानले प्रदान गरे पनि संवैधानिक सीमा मिच्ने छुट कुनै पनि संविधान या कानुनले दिएको हुँदैन । नागरिकका मौलिक हकमाथि हस्तक्षेप हुने गरी कार्य गर्न सकिन्न । लोकतान्त्रिक संविधानले प्रजातान्त्रिक राजनीतिक प्रणालीको कल्पना गर्छ भन्ने मान्यता रहेको छ । देशको आफ्नो इतिहास, क्रान्ति, अवस्था तथा समग्र आवश्यकताका आधारमा विभिन्न प्रक्रियाबाट संविधान बन्ने गरेका छन् । कुनै देशमा क्रान्तिको प्रक्रियाबाट र कतै विकासक्रमको प्रक्रियाबाट संविधान बन्ने गरेका देखिन्छन् । उदाहरणका रूपमा क्युबाको संविधान, चीनको संविधान तथा नेपालको वर्तमान संविधानसमेत राजनीतिक क्रान्तिका उपज हुन् । महादेशीय कानुनी प्रणाली लागू भएको बेलायत आदि देशका संविधान-कानुनहरू विकासक्रमका आधारमा बनेका हुन् । यद्यपि, बेलायतमा भने संविधान नामको अलग्गै कुनै लिखित दस्ताबेज छैन ।

विश्वको संविधान र संविधानवादको इतिहासमा अमेरिकी संविधान सन् १७८७ तथा बिल अफ राइट सन् १७९१ लाई महत्त्वपूर्ण मानिन्छ । संवैधानिक इतिहासमा पहिलोपटक अमेरिकी बिल अफ राइट्समा व्यक्तिका मौलिक हक, अधिकारका कुरा उल्लेख गरिएका थिए । दार्शनिक स्टेफेन गिलले अमेरिकी संविधान राजनीतिक तथा संवैधानिक परिवर्तनका लागि विश्वकै कोसेढुंगा साबित भएको बताएका छन् । दार्शनिक डेविट हेल्डले संविधान कार्यान्वयनका लागि लोकतन्त्रप्रति सचेत र जागरुक नागरिक समाजलाई राज्यको महत्त्वपूर्ण आधार मानेका छन् ।

नागरिकका मौलिक हक र मानव अधिकार संरक्षण तथा सुरक्षा गर्नु संविधानको अर्को महत्त्वपूर्ण कार्य हो । मानव अधिकार मानव मात्रले विश्वको कुनै पनि कुनामा रहेर पनि समान ढंगले प्राप्त गर्न सक्ने आधारभूत प्रकृतिप्रदत्त अधिकार भएकाले त्यसको सुरक्षा गर्नु लोकतान्त्रिक राज्यको आधारभूत कर्तव्य पनि हो । प्रत्येक मानवको जीवन, सुरक्षा, स्वतन्त्रता, सम्मानपूर्वक बाँच्न पाउने नैसर्गिक अधिकार उल्लंघन गरिनुहुन्न भन्ने कुराको अनुभूति तथा आवश्यकताले विश्वमा मानव अधिकारसम्बन्धी धारणाको विकास हुँदै आएको हो । मानवका त्यस्ता आधारभूत अधिकारको संरक्षण तथा सुरक्षाका लागि लोकतान्त्रिक संविधानले अन्तर्राष्ट्रिय कानुनमा प्रबन्ध गरिएका विषयलाई उल्लेख गर्दै आएका हुन् । मानव अधिकारसम्बन्धी विभिन्न विश्वव्यापी सिद्धान्त, विधिशास्त्रीय मान्यता, संयुक्त राष्ट्र संघद्वारा जारी गरिएका विभिन्न महासन्धि तथा सिद्धान्तको धेरै ठुलो अर्थ देखिन्छ । जसले लोकतान्त्रिक संविधान र संविधानवादको विकासमा भूमिका खेल्दै आएका छन् ।

विश्वमा विभिन्न प्रकारका संविधान निर्मित भई लागू हुँदै आएका छन् । धेरैजसो प्रजातान्त्रिक मुलुकमा सत्रौं शताब्दीदेखि प्रजातान्त्रिक प्रणाली र लिखित संविधान निर्माण हुँदै आएका हुन् । अमेरिकी संविधानमा संवैधानिक सर्वोच्चता, विधिको शासन, लिखित संविधान, स्वतन्त्र न्यायालय, मौलिक हक, न्यायिक पुनरावलोकन र शक्ति पृथकीकरणजस्ता आधारभूत मान्यतालाई प्रस्टसँग उल्लेख गरिएका छन् । जुन आजका प्रजातान्त्रिक शासन प्रणालीका आधारभूत मान्यतामा पर्छन् । तिनलाई संविधानवादका आधारभूत मूल्य र मान्यतासमेत भन्ने गरिएको छ । प्रजातान्त्रिक संविधानमा संविधानवादका त्यस्ता आधारभूत मूल्य र मान्यतालाई अनिवार्य सर्त मानिन्छ । यसैले केवल संविधान नामको कुनै दस्ताबेज मुलुकमा हुनु मात्र असल संविधान हुनु होइन । असल संविधानले नागरिकका न्यूनतम अधिकारको सुरक्षा गर्न सक्नुपर्छ भन्ने मूल्यलाई विभिन्न दार्शनिकले प्रस्टसँग जोड दिएका कारण पनि लिखित र लोकतान्त्रिक संविधानको



अभ्यास तथा प्रचलनलाई विश्वमा स्वीकार गरिएको हो । लोकतान्त्रिक र उदारवादी विशेषता भएको संविधानमा शक्ति पृथकीकरणको सिद्धान्तलाई लिखित रूपमा संविधानमा प्रस्टै उल्लेख गर्नुपर्छ भन्दै फ्रान्सेली दार्शनिक वारेन मन्टेस्क्यु (१६८९-१७५५) ले सन् १७४८ मा 'स्पिरिट अफ ल' पुस्तकमा उल्लेख गरे । संविधानवादको अनिवार्य सर्त शक्तिको पृथकीकरण हो भन्नेमा उनको विशेष जोड रह्यो । शक्तिलाई सन्तुलन गर्ने र सरकारको शक्तिलाई पृथक गर्नुपर्ने उनको प्रस्ट मान्यता हो । नेपालको संविधानवादमा सरकारी हस्तक्षेप अदालत र कानुन निर्माणमा समेत पर्ने गरेकाले संविधानवादमाथि प्रश्न उठ्दै आएको छ । जसले नागरिकका मौलिक हकको सुरक्षा र संरक्षणमा समेत जटिलता थपिएका छन् ।

> नेपालमा अदालत र कानुन निर्माणमा समेत सरकारी हस्तक्षेप हुने गरेको देखिनुले एकातिर संविधानवादमाथि प्रश्न उठ्दै आएको छ भने अर्कातिर नागरिकका मौलिक हकको सुरक्षा र संरक्षणमा समेत जटिलता थपिएका छन्

संविधानवाद त्यस्तो मान्यता र दृष्टिकोण हो, जहाँ संविधानको सर्वोच्चता हुन्छ र संविधानभन्दा माथि कोही पनि हुन सक्दैन । बेलायतका दार्शनिक एभी डायसी (१८३५-१९२२) ले विधिको शासनको मान्यतामा जोड दिएका छन् । यस्ता मूल्य, दर्शन र मान्यतालाई संविधानवादका विश्वव्यापी मान्यता भन्ने गरिएका छन् । संविधानवादका विश्वव्यापी मान्यता र मूल्यलाई क्रमशः निम्नबमोजिम उल्लेख गर्न सकिन्छ : सीमित सरकारको मान्यता, शक्तिको पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, स्वतन्त्र र सक्षम न्यायालय, न्यायिक पुनरावलोकन, विधिको शासन, अनुमानयोग्य शासन प्रणाली । त्यसैगरी, नागरिक सर्वोच्चता, नागरिक सहभागिता, मौलिक हकहरूको ग्यारेन्टी, शक्तिको विकेन्द्रीकरण, जिम्मेवार र उत्तरदायी प्रतिपक्ष, प्रतिनिधिमूलक प्रजातन्त्र, आवधिक निर्वाचन, राजनीतिक दलको सार्थक उपस्थिति, स्वतन्त्र संवैधानिक अंगहरूको व्यवस्था तथा राजनीतिक मूल्य र नैतिकतासमेतलाई संविधानवादका अनिवार्य विषय मानिन्छन् । यिनको पूर्ण प्रत्याभूति तथा कार्यान्वयनबाट नागरिकका मौलिक हक र मानव अधिकारको सुरक्षा एवं संरक्षण हुन सक्छ ।

संविधानले राज्यविरुद्ध नागरिक र व्यक्तिलाई संरक्षण गर्न प्रत्याभूत गरिएका अधिकार मौलिक हक हुन् । मौलिक हक मूलतः राज्यविरुद्धका अधिकार पनि हुन् । मौलिक हक पनि मानव अधिकार नै हुन् । सबै मौलिक हक मानव अधिकार हुन् । तर, सबै मानव अधिकारचाहिँ मौलिक हक होइनन् । मौलिक हक त्यस्ता संवैधानिक अधिकार हुन्, जसको अभावमा स्वतन्त्रता र न्याय मर्न पुग्छ । फराकिलो अर्थमा मौलिक अधिकारद्वारा नागरिकलाई नागरिकका रूपमा सम्मानपूर्वक बाँच्नका लागि मार्गप्रशस्त गर्ने अवस्था बन्छ । मौलिक हकलाई नागरिकको आधारभूत अधिकार पनि भनिन्छ । यसर्थ, संविधानमा उल्लिखित मौलिक हकको अर्थ व्यापक हुन्छ । नागरिकको जीवन, आधारभूत राजनीतिक स्वतन्त्रता, सुरक्षा र मानव अधिकार रक्षाका लागि मौलिक हकहरूको प्रबन्ध संविधानमा गरिएका हुन्छन् । मौलिक हकलाई मुलुकको शासन प्रणालीको यथार्थ चित्रणका रूपमा पनि लिइन्छ । नागरिक अधिकारको संरक्षण तथा सुरक्षा गर्नु राज्यको पहिलो दायित्व पनि हो । मौलिक हकको प्रचलनका लागि संविधानले संवैधानिक र कानुनी उपचारको प्रबन्धसमेत विभिन्न कानुनमार्फत गरेको हुन्छ । लोकतान्त्रिक शासन प्रणालीमा निर्मित संविधानमा मौलिक हक अनिवार्य विषय हुन् ।

लोकतान्त्रिक संविधानमा राखिएका मौलिक हकको अर्थ राज्यलाई स्वेच्छाचारी बन्नबाट रोक्नु, नियन्त्रण गर्नु र नागरिक अधिकारको सुरक्षा तथा संरक्षण गर्न बाध्य पार्नु पनि हो । यसर्थ, संविधानमा उल्लिखित मौलिक हकसँग लोकतन्त्रको गहिरो सम्बन्ध हुन्छ । मौलिक हक सीमित गर्नु लोकतान्त्रिक संविधानको चरित्रमा पर्दैन । सरकारलाई चाहिँ संविधानअनुसार सीमित गर्नु लोकतान्त्रिक र असल संविधानको चरित्रमा पर्ने विषय हो । यसलाई लोकतान्त्रिक सत्ता सञ्चालकले बुझ्नु र लागू गर्नु अपरिहार्य छ । वर्तमान सरकारलाई पनि असीमित भएको र मौलिक हकको प्रत्याभूतिमा गम्भीर नभएकोजस्ता आरोप लाग्ने गरेका छन् । मौलिक हक राज्यले नागरिकलाई दिएका उपहार होइनन् । मौलिक अधिकारको संरक्षण र सुरक्षाका लागि यस्ता अधिकारको प्रबन्ध संविधानमा गरिएकाले त्यसको अक्षरशः पालना हुनुपर्छ । संविधानमा मौलिक हकको आवश्यकता किन पऱ्यो भन्दा जनताको जीवन, सुरक्षा, राजनीतिक स्वतन्त्रता र सम्मानपूर्वक बाँच्नका लागि आवश्यक प्रबन्ध र वातावरण निर्माण गर्नका लागि नै हो । मौलिक हकमार्फत सरकार र राज्यका अंगलाई बढी उत्तरदायी बनाउनु हो । संविधानमा उल्लिखित मौलिक हकले सरकारलाई असीमित तथा निरंकुश हुनबाट रोक्नुपर्नेमा सरकार असीमित हुने दिशामा अघि बढ्न खोज्यो भन्ने आरोप लाग्दै आएको छ । लोकतन्त्रमा संविधान, संविधानवाद र मौलिक हक एवं मानव अधिकारको प्रत्याभूतिका लागि सरकार सचेत हुनुपर्छ । नागरिक अधिकारको सुरक्षा र संरक्षण गरी संविधानको स्वीकार्यता बढाउनुपर्नेमा सरकारमाथि अनेकौं प्रश्न उठ्नु चिन्ता र नागरिक सरोकारको विषय हो । जसले गर्दा मौलिक हकमाथि अनेकौं प्रश्न उठ्यो । सरकार असीमित हुनु लोकतान्त्रिक गणतान्त्रिक संस्कृतिविरुद्ध हुने भएकाले यसमा सरकार नै बढी जिम्मेवार हुनुपर्ने देखिन्छ ।

(डा. सिलवाल अधिवक्ता हुन्)

---

३ प्रश्न



प्रतिनिधिसभा सदस्य **रेखा शर्मा**लाई

हामीकहाँ समावेशिता कार्यान्वयनको अवस्था कस्तो छ ?

संविधान र ऐन-कानुनले बाध्यकारी व्यवस्था गरेको ठाउँमा कार्यान्वयन भएकै छ । तर, ऐन-कानुनले अलि खुकुलो छाडेको ठाउँमा चाहिँ कार्यान्वयन भएको छैन । जतिसुकै समावेशिता भने पनि मन्त्रिपरिषद् समावेशी हुन सकेको छैन । राजनीतिक दलहरू आफैं समावेशी छैनन् । त्यसैले, समावेशितासम्बन्धी व्यवस्था कार्यान्वयनमा अपेक्षाअनुरूप प्रगति हुन सकेको छैन ।

प्रधानमन्त्री त समावेशिताको कामै छैन, यो त हामीले 'टेम्पोररी' व्यवस्था गरेका हौं भन्नुहुन्छ नि ?

समावेशिताको कामै छैन भन्नु उहाँको दृष्टिकोणको कुरा हो । उहाँ सुरुदेखि नै यसको विरोधी हुनुहुन्थ्यो । र, अहिले उहाँको यो अभिव्यक्ति पनि सोही दृष्टिकोणको प्रस्टीकरण मात्र हो । गणतन्त्रपछिको नेपाली समाजमा समावेशिताको प्रभाव देखिन सुरु भइसकेको छ । निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरीलगायतमा यसको सकारात्मक प्रभाव परिसकेको छ । अहिले यसलाई हटाउने होइन, यसको पूर्ण कार्यान्वयनको बाटामा जानु जरुरी छ । जब कुनै दिन सबै जाति, वर्ग, समुदाय, लिंग, क्षेत्रका मानिसले विनाभेदभाव राज्यका हरेक निकायमा समान रूपमा प्रतिनिधित्व गर्न सक्ने अवस्था सिर्जना हुन्छ, तब मात्र यो व्यवस्था हटाउँदा हुन्छ । यसको काम छैन, यो टेम्पोरारी व्यवस्था हो भन्नु गलत हो ।

समावेशी व्यवस्थालाई थप प्रभावकारी बनाउन के गर्नुपर्ला त ?

गर्न बाँकी धेरै काम छन् । जनताका आशा र अपेक्षा पूरा गर्न बाँकी नै छ । त्यसका लागि राजनीतिक नेतृत्व जिम्मेवार छ । राज्यका हरेक अंगमा जनता हाबी हुनुपर्नेमा बिचौलिया हाबी छ । त्यसैले, राज्य जनतातिर फर्किनु जरुरी छ । भएका कानुनको पूर्ण कार्यान्वयन गर्न र बन्न बाँकी कानुन छिटो बनाउन छाडेर कानुनका 'लुप होल'मा टेकेर खेल्न खोजियो भने समावेशी व्यवस्थाको थप सुदृढीकरण सम्भव छैन ।

प्रेरक प्रसंग

अलेक्जेन्डर र वैद्य

अलेक्जेन्डर द ग्रेट आफ्नो विशाल सेना लिएर पर्सिया देशसित युद्धका लागि गइरहेका थिए । जाँदाजाँदै उनी बाटैमा बिरामी परे । हेर्दाहेर्दै उनको हालत चिन्ताजनक भयो । अलेक्जेन्डरका साथमा कैयौं नामी वैद्य थिए ।

तर, जति प्रयास गर्दा पनि उनीहरूले अलेक्जेन्डरको रोग निदान गरेर सही उपचार गर्न सकेनन् । जसले गर्दा अब अलेक्जेन्डर बाँच्दैनन् भन्ने निष्कर्षमा उनीहरू पुगे । त्यसैले यदि औषधि दिइसकेपछि उनको निधन भयो भने मानिसहरूले जानीजानी वैद्यले उनको हत्या गरेको अभियोग लगाउने डरले गर्दा उनीहरूले कुनै औषधि सिफारिस गर्न सकेनन् । संकट मोल्न कोही तयार भएनन् ।

तर, एक युनानी चिकित्सक फिलिपले अलेक्जेन्डरको अवस्था देख्न सकेनन् । उनी अलेक्जेन्डरका विश्वासपात्र र शुभचिन्तक पनि थिए । आफ्नो वास्ता नगरी उनले अलेक्जेन्डरलाई भने, 'म औषधि तयार गरेर ल्याउँछु । हेर्दै हजुरको अवस्थामा सुधार आउँछ कि ?' यति भनेर उनी औषधि तयार गर्न अर्को कक्षमा गए । यसैबिच अलेक्जेन्डरले आफ्ना एक उच्चाधिकारीबाट गुप्त सन्देश पाए, जसमा लेखिएको थियो, पर्सियाका बादशाहले तपाईंलाई औषधिको बहानामा विष दिएर मार्ने षड्यन्त्र रचेका छन् । र, यो कामका लागि उनीहरूले फिलिपलाई आधा राज्य र आफ्नी राजकुमारी दिने वचन दिएका छन् ।

अलेक्जेन्डरले सन्देश पढे र त्यसलाई सिरानीमुनि राखे । केही क्षणपछि फिलिप औषधि लिएर आइपुगे । अलेक्जेन्डरले कुनै शंका नगरी एक हातले प्याला उठाएर मुखमा लगाए र अर्को हातले सन्देश निकालेर फिलिपलाई दिए । पत्र पढिसकेपछि फिलिपले मधुर स्वरले भने, 'महाराज, मैले त आफ्नो तर्फबाट तपाईंलाई जानेजति र सकेजति राम्रो औषधि दिएको छु, हेर्दै जाऊँ त्यसको असर कस्तो देखिन्छ ? औषधिले साँच्चै प्रभाव देखायो । केही क्षणमै अलेक्जेन्डरको हालतमा सुधार आयो ।

ठिक भएपछि अलेक्जेन्डरले फिलिपलाई गम्लङ्ग अँगालो हाले र भने, 'मेरा प्राणदाता, चिन्ता नगर, मेरो मनमा कुनै आशंका भइदिएको भए त्यो पत्र पढेर तिमीले ल्याएको औषधि पिउने नै थिइनँ । मैले तिमी र तिम्रो ज्ञानमाथि विश्वास गरेँ र अहिले त्यसको मिठो फल पाएँ ।'

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

प्रधानमन्त्रीले बोल्ने यस्तै हो त ?



सरकारी निवास बालुवाटारमा आयोजित एक कार्यक्रममा बोल्दै प्रधानमन्त्री केपी शर्मा ओलीले दिएको वक्तव्यको सार थियो, 'समावेशिताको कामै छैन !' यहाँनेर म प्रधानमन्त्री ओलीलाई मधेश आन्दोलनको रापतापबारे सम्झाउन चाहन्छु । सायद उहाँले बिर्सिनुभएको पनि हो कि ? बिर्सिनुभयो भने पनि खासै अनौठो मान्नुपर्ने कुरा छैन, किनकि मधेश आन्दोलनका क्रममा ज्यान गुमाएका मधेशीप्रति कटाक्ष गर्दै प्रधानमन्त्रीले उहिल्यै भन्नुभएको थियो, 'चार-पाँचवटा सडेका आँप रुखबाट झर्दैमा फरक पर्दैन ।'

प्रधानमन्त्रीज्यू, समावेशिताका कारणले राज्यका निकायमा सबै जातजाति, वर्ग र समुदायको सहभागिता बढेको छ । त्यसले समाजको विभेद पनि तुलनात्मक रूपमा घटाएको छ । नत्र एउटा उच्च जात भनिनेले मधेशी अनुहार देख्नेबित्तिकै विभेद गर्थ्यो । अहिले सबै जातको समान पहुँचले दलित, मधेशी, जनजातिलगायतले आफ्नो अधिकारको कुरा गर्न पाएका छन् । कानुन सिक्न र बुझ्न पाएका छन् । मुख्य कुरा त तपाईंको पार्टी नै समावेशी छैन, अनि तपाईंले केको समावेशिताको महत्त्व बुझ्नुहुन्थ्यो । तपाईंले पूर्वराजालाई चुनाव लडेर प्रधानमन्त्री बन भनेर जोरस्वरले चिच्याउँदा पूर्वराष्ट्रपति विद्या भण्डारी राजनीतिमा सक्रिय हुन लाग्दा तपाईंको टाउको किन दुख्यो ?

कुनै पनि शासन व्यवस्था आफैंमा खराब हुँदैन । खराब त शासक हुन्छ । हाम्रो देशमा तरमारा वर्गले बढी लाभ लिँदै आएको देखिन्छ । समावेशी व्यवस्था पूर्ण रूपमा कार्यान्वयन अझै भएको छैन । त्यसैले समावेशिताको कमजोर पक्ष मात्रै देखाएर गलत साबित गर्नु उचित हुँदैन । झन् प्रधानमन्त्रीजस्तो जिम्मेवार पदमा बस्ने व्यक्तिबाट त यस्तो अभिव्यक्ति आउने कल्पना पनि गरिन्न ।

● **दिवेशकुमार महतो**, काठमाडौं स्कुल अफ ल
दधिकोट, भक्तपुर

गणतन्त्र, समावेशी, समानुपातिक व्यवस्था, धर्मनिरपेक्ष राज्यलगायतका लागि आफूले संघर्ष गरेको भए पो माया हुनु त !

● **प्रेमध्वज मोक्तान**, *नयाँ पत्रिका फेसबुकबाट*

उहाँ झापाका ओली नभएर सन्थाल हुनुभएको भए थाहा हुन्थ्यो, समावेशी चाहिन्छ कि चाहिँदैन !

● **नन्दक ओरग्यान**, *नयाँ पत्रिका फेसबुकबाट*

मानव तस्करी ढाकछोपको प्रयास

काग्रेस मुख्य सचेत श्याम घिमिरेले भिजिट भिसालाई मानव तस्करीसित जोडेर दुष्प्रचार गरियो भन्ने गुनासो संसद्मा सुनाएछन् । तर, उहाँहरू त्यही भिजिट भिसाको आडमा दिनमै ५० लाखसम्म असुलेर मानव तस्करी गर्नुहुन्छ भने यसबारे प्रश्न उठाउनुपरेन भन्या ?

● **अमूर्त कोइराला**, *सामाखुसी, काठमाडौं*

छोटो अवधिमा बाहिर जान अब 'स्टुडेन्ट भिसा' लिने कि 'वर्किङ भिसा' माननीयज्यू ? भिजिट भिसामा अड्को थाप्ने र सो अड्को देखाएर पैसा असुल्ने गिरोहको 'नेक्सस' गृह मन्त्रालयसँग देखियो, जुन छानबिनको विषय पनि हो ।

● **प्रकाशदत्त सुवेदी**, *नयाँ पत्रिका फेसबुकबाट*

कहिले नेपाली जनतालाई नक्कली भुटानी शरणार्थी बनाई बेच्ने,
कहिले भिजिट भिसाको सेटिङमा मानव तस्करी गर्ने काग्रेसी गृहमन्त्री र नेताहरूलाई अब जनताले छाड्नेछैनन् । यी भ्रष्ट, माफिया, बिचौलिया, दलाल र मानव तस्करको हिसाबकिताब अब जनताले गर्नेछन् ।

● **कृष्ण दत्त**, *नयाँ पत्रिका फेसबुकबाट*

अमेरिकी दादागिरीविरुद्ध ब्राजिलको साहसी सामना

आशा गरौं, विश्वकै सबभन्दा शक्तिशाली राष्ट्र अमेरिकाको धम्कीविरुद्ध साना-ठुला सबै देशले ब्राजिलको जस्तै साहस देखाउनेछन्



देश / विदेश

● जोसेफ स्टिग्लिज


दशकौंसम्म अमेरिका लोकतन्त्र, कानुनको शासन र मानव अधिकारका पक्षधरका रूपमा अगाडि रहन्थ्यो । यद्यपि, सो अवधिमा अमेरिकाको भनाइ र गराइबिच गम्भीर असमानता देखिन्थ्यो । शीतयुद्धको समयमा साम्यवादको विरोधका नाममा ग्रिस, इरान, चिलीलगायत स्थानमा निर्वाचित सरकार उल्ट्याउने कदम यी भिन्नताका उदाहरण हुन् । मुलुकभित्रै पनि अमेरिकामा दासप्रथाको अन्त्य भएको एक शताब्दीपछि पनि अफ्रिकी-अमेरिकी नागरिक अधिकार सुनिश्चित गर्न संघर्षरत थिए । अझै भन्ने हो भने पछिल्ला वर्षमा अमेरिकी सर्वोच्च अदालतले नश्लीय विभेदको दीर्घकालीन प्रभाव सुधार गर्न गरिएका प्रयासमा कटौती गर्ने गरी आक्रामक कदम चालेको छ । र, अमेरिका अहिले न त बोल्छ, न त सोअनुरूप काम नै गर्छ । राष्ट्रपति डोनाल्ड ट्रम्प र रिपब्लिकन पार्टीले यस अवस्थालाई यथार्थ बनाएका छन् ।

ट्रम्पको पहिलो कार्यकाल उनले कानुनी शासनप्रति देखाएको घृणाको चरम अभिव्यक्ति थियो । उनले शान्तिपूर्ण सत्ता हस्तान्तरणजस्तो लोकतन्त्रको सबैभन्दा महत्त्वपूर्ण मूल्यलाई उल्ट्याउने प्रयास गरेका थिए । उनले सन् २०२० को चुनावमा आफूले जितेको दाबी गरेका थिए र अझै पनि गरिरहेकै छन् । जबकि त्यसबेला जो बाइडेनले करिब ७० लाख बढी मत प्राप्त गरेका थिए, र दर्जनौं अदालतले चुनावमा कुनै अनियमितता नभएको ठहर गरेका थिए ।

ट्रम्पलाई चिन्नेहरूलाई यो व्यवहार अनौठो नलाग्ला । तर, वास्तविक रूपमा चकित पार्ने कुरा के हो भने करिब ७० प्रतिशत रिपब्लिकनले सो चुनाव धाँधलीपूर्ण भएको विश्वास गर्छन् । धेरै अमेरिकी अहिले अनौठा षड्यन्त्रका सिद्धान्त र गलत जानकारीको भुमरीमा परेका छन् । ट्रम्प समर्थकका लागि लोकतन्त्र र कानुनको शासनभन्दा 'अमेरिकी जीवनशैली' संरक्षण गर्नु महत्त्वपूर्ण भएको छ, अर्थात्, अरू सबै मूल्यमा श्वेत पुरुषको वर्चस्व कायम राख्नु रहेको छ ।

राम्रो होस् वा नराम्रो, अमेरिका लामो समयदेखि अन्य देशका लागि एउटा आदर्श थियो । दुर्भाग्यवश अहिले विश्वभर यस्ता लोकप्रियतावादी नेता छन्, जो ट्रम्पको शैली पछ्याउँदै लोकतान्त्रिक संस्था निमिट्यान्न पार्न र तिनका आधारभूत मूल्यलाई तिलाञ्जली दिन तयार छन् । ट्रम्पकै झल्को दिने एक प्रमुख उदाहरण ब्राजिलका पूर्वराष्ट्रपति जाइर बोल्सोनारो हुन्, जसले अमेरिका क्यापिटोल भवनमा सन् २०२१ जनवरी ६ मा भएको आक्रमणलाई पछ्याएका थिए । ८ जनवरी २०२३ मा ब्रासिलियामा भएको असफल कु प्रयास अमेरिकी क्यापिटोल आक्रमणभन्दा ठुलो थियो । तर, ब्राजिलका संस्थाले दृढता देखाए र अहिले तिनले बोल्सोनारोलाई जवाफदेही बनाइरहेका छन् ।

यसैबिच ट्रम्प जनवरीमा फेरि ह्वाइट हाउस फर्किएपछि अमेरिका उल्टो दिशातर्फ अग्रसर भइरहेको छ । उनी भन्सार वृद्धि रुचाउँछन् । तर, कानुनको शासनप्रति घृणा राख्छन् भन्ने तथ्य उनले फेरि प्रस्ट पारेका छन् । यहाँसम्म कि उनको पहिलो कार्यकालमा मेक्सिको र क्यानडासँग गरेका व्यापार सम्झौतासमेत उल्लंघन गरेका छन् । अहिले त उनले अमेरिकी संविधानलाई नै बेवास्ता गर्दै ब्राजिलले बोल्सोनारोको मुद्दा चलाउन नरोके ५० प्रतिशत भन्सार लगाउने धम्की दिएका छन् । ट्रम्पले विधिको शासन उल्लंघन गर्दै ब्राजिललाई दबाब दिएका छन् । ब्राजिलले भने बोल्सोनारोविरुद्धको मुद्दा संविधानसम्मत प्रक्रियाअनुसार अघि बढाइरहेको छ । अमेरिकी कंग्रेसले कहिल्यै भन्सार दरलाई कुनै राष्ट्रलाई राष्ट्रपतिको राजनीतिक आदेश पालना गर्न बाध्य पार्ने



तस्बिर : गेटी इमेजेस

अस्त्रका रूपमा प्रयोग गर्न कानुनी स्वीकृति दिएको छैन र ट्रम्पसँग आफ्ना असंवैधानिक कदमको समर्थन गर्ने कुनै कानुनी आधारसमेत छैन ।

ब्राजिलले देखाएको व्यवहार अमेरिकाभित्रै भएको घटनाभन्दा ठ्याक्कै विपरीत छ । ६ जनवरीको विद्रोहमा संलग्नलाई जिम्मेवार बनाउने कानुनी प्रक्रिया ढिलो भए पनि सन्तुलित रूपमा अघि बढिरहेको थियो । तर, ट्रम्पले आफ्नो दोस्रो कार्यकालको शपथ लिएलगत्तै राष्ट्रपतिको क्षमादान अधिकार प्रयोग गरेर दण्डित भएका हिंस्रक आक्रमणकारीसमेतका सबै दोषीलाई माफी दिए । पाँचजनाको मृत्यु र सयभन्दा बढी प्रहरी घाइते बनाउने हमलामा संलग्न हुनु ट्रम्पको शासनमा कुनै अपराध थिएन । चीनभैं ब्राजिलले पनि अमेरिकाको दादागिरी स्विकार्न मानेन । राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले ट्रम्पको धम्कीलाई 'अस्वीकार्य ब्ल्याकमेल' भन्दै अस्वीकार गरे र कुनै विदेशीलाई हामीलाई आदेश दिने अधिकार छैन भनेका छन् ।

लुलाले आफ्नो देशको सार्वभौमिकताको रक्षा व्यापार क्षेत्रमा मात्रै नभई अमेरिकी नियन्त्रणमा रहेका प्रविधि कम्पनीलाई नियमन गर्ने सन्दर्भमा पनि गरेका छन् । अमेरिकाका प्रविधि कुलीन वर्गले विश्वभरि आफ्नो धन र प्रभाव प्रयोग गरेर विभिन्न मुलुकलाई आफ्नो नाफा बढाउने रणनीति अपनाउन दबाब दिने गरेका छन् । यसले मिथ्या सूचना र दुराशययुक्त सूचनाका माध्यम बनेर ठुलो क्षति पुऱ्याइरहेको छ । क्यानडा र अस्ट्रेलियामा भएका पछिल्ला निर्वाचनमा झैं ब्राजिलमा पनि अमेरिकी प्रशासनको दबाबप्रति जनताको असन्तोष बढ्दा लुलालाई समर्थनमा 'ट्रम्प बम'को लाभ प्राप्त भयो । तर, यही कारण लुलाले आफ्नो अडान लिएका भने थिएनन् । वास्तवमा उनी ब्राजिलले आफ्नो नीति निर्धारण विदेशी हस्तक्षेपविनै गर्ने अधिकारप्रति गहिरो विश्वास राख्छन् । लुलाको नेतृत्वमा ब्राजिलले लोकतन्त्र र कानुनको शासनमा आफ्नो प्रतिबद्धता पुनः पुष्टि गरेको छ, जबकि अमेरिका भने आफ्नै संविधानबाट विमुख हुँदै गएको देखिन्छ । आशा गरौं, विश्वकै सबभन्दा शक्तिशाली राष्ट्रको धम्कीको सामना गर्दै सानाठुला सबै देशका नेताले पनि यस्तै साहस देखाउनेछन् । ट्रम्पले अमेरिकाभित्र लोकतन्त्र र कानुनी शासनमा अपूरणीय क्षति पुऱ्याएका छन् । उनलाई विश्वभरि मनलाग्दी गर्न दिइनुहुँदैन ।

(स्टिग्लिज अर्थशास्त्रका नोबेल पुरस्कार विजेता एवं कोलम्बिया विश्वविद्यालयका प्राध्यापक हुन्)

प्रोजेक्ट सिन्डिकेटबाट

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भारतले मस्कोबाट तेल किनेर युक्रेन युद्धलाई सहयोग गरेको अमेरिकी आरोप

अमेरिकाले भारतले मस्कोबाट तेल किनेर युक्रेन युद्धलाई सहयोग गरेको आरोप लगाएको छ। एक शीर्ष अमेरिकी अधिकारीले भारतले मस्कोबाट तेल खरिद गरेर युक्रेनमा रुसी युद्धलाई आर्थिक सहयोग गरेको आरोप लगाएका हुन्। ट्रम्प प्रशासनले रुसबाट ऊर्जा आयात कटौती गर्न नयाँदिल्लीमाथि दबाब बढाइरहेका वेला अमेरिकाले यस्तो आरोप लगाएको हो। 'ट्रम्पले स्पष्ट रूपमा भनेको कुरा के हो भने भारतले रुसबाट तेल खरिद गरेर यो युद्धलाई आर्थिक सहयोग जारी राख्नु स्वीकार्य छैन,' ह्वाइट हाउसका डेपुटी चिफ अफ स्टाफ र ट्रम्पका सबैभन्दा प्रभावशाली सहयोगीमध्ये एक स्टिफन मिलरले फक्स न्युजसँगको एक अन्तर्वार्तामा भने।



भारत चीनपछि रुसी तेलको दोस्रो ठुलो खरिदकर्ता हो र यसको ३० प्रतिशतभन्दा बढी इन्धन मस्कोबाट प्राप्त हुन्छ। नयाँदिल्लीको तेल खरिदका कारण पश्चिमा प्रतिबन्धबिच क्रेमलिनलाई राजस्व संकलनमा सहयोग पुगेको छ। सन् २०२२ मा युक्रेन युद्ध सुरु हुनुअघि नयाँदिल्लीले आफ्नो तेलको एक प्रतिशत मात्र रुसबाट आयात गरेको थियो। मिलरको आलोचना ट्रम्प प्रशासनको अहिलेसम्मकै सबैभन्दा कडा आलोचनामध्ये एक हो। अमेरिकाले शुक्रबार रुसबाट सैन्य उपकरण र ऊर्जा खरिद गरेका कारण भारतीय उत्पादनमा २५ प्रतिशत कर लगाउने घोषणा गरेको थियो। ट्रम्प प्रशासनले भारतले रुसबाट हतियार र तेल खरिद जारी राखेमा थप जरिवाना लगाउने धम्की पनि दिएको थियो।

'रुसी तेल खरिदमा भारत मूलतः चीनसँग जोडिएको थाहा पाउँदा मानिसहरू छक्क पर्नेछन्। त्यो एउटा अचम्मको तथ्य हो,' मिलरले भने। उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग ट्रम्पको सम्बन्ध सुमधुर रहेको बताए। गत साता ट्रम्पले एसियाको दोस्रो ठुलो अर्थतन्त्रमा कर घोषणा गरेको दिन भारतसँगको 'मित्रता'लाई पनि जोड दिएको उनको भनाइ छ।

अमेरिकाको बढ्दो दबाबबिच भारतले रुसबाट तेल खरिदलाई निरन्तरता दिएको छ। रुसी तेलको छुट थप बढेसँगै इन्डियन आयल कर्पोरेसन लिमिटेड (आइओसी), भारत पेट्रोलियम कर्पोरेसन लिमिटेड (बिपिसिएल) र हिन्दुस्तान पेट्रोलियम कर्पोरेसन लिमिटेड (एचपिसिएल)जस्ता भारतीय सरकारको स्वामित्वमा रहेका रिफाइनरले रुसी तेलको खरिद जारी राखेका छन्।

पछिल्लो केही दिनमा भारतीय रिफाइनरले पहिलेभन्दा धेरै छुटमा रुसी तेलले भरिएका दुई कार्गो जहाज खरिद गरेको भारतीय समाचार संस्थाहरूले जनाएका छन्। भारतले तत्काल रुसी तेल खरिद नघटाउने संकेत दिएको छ। 'अहिले रुसी तेल खरिद कम गर्ने वा रोक्ने सम्बन्धमा कुनै निर्णय भएको छैन। विश्वव्यापी रूपमै तेलको मूल्य घटेकाले पछिल्लो समय रुसी तेल आपूर्ति घटेको भए पनि रुसबाट तेल आयात पूरै रोक्ने सम्भावना अहिले देखिँदैन,' भारतीय समाचार संस्था मिन्टले लेखेको छ।

अहिले भारतले रुसी तेलमा पाइरहेको छुट सन् २०२२ को सुरुवाती दिनमा पाएको छुटका तुलनामा धेरै कम हो। सन् २०२२ मा सबैभन्दा धेरै छुट पाएको समयमा भारतले रुसी तेलमा प्रतिब्यारेल लगभग ३० डलरसम्म छुट पाएको थियो।


एजेन्सी

Nepal Electricity Authority
Koshi Provincial Office
Notice Regarding Intent to Accept Technical Bid
Notice Publication Date : 2082/04/20

Sealed Tender No./ Type of Bidding	Name & Address of Qualified Bidders in Technical Evaluation	Price Bid Opening Date, Time & Place
NEA-KPO-SANKHUWASABHA-ELEC-2081/082-11, "Rural Electrification at Different Places of Sankhuwasabha District".	1. M/S R.K-Bohara-Langhali J.V, Itahari-05,Sunsari 2. M/S JKBPL/TC/KCSP JV, Biratnagar 3. M/S Rabin Nirman Sewa Pvt. Ltd., Tinthana-15 Kathmandu 4. M/S Unicorn-Jibika-Golden Life J.V, Sifal-7 Kathmandu 5. M/S Bishnu and Krishna-Katuwal J.V. Kathmandu	NEA, Koshi Provincial Office, Rani, Biratnagar on 2082/04/27 (12 August 2025) [12:00] (Contact No:021-437150)

इतिहासमा आज

अगस्ट ५



सन् १९६२ : नेल्सन मन्डेला पक्राउ। दक्षिण अफ्रिकी रंगभेदविरोधी कार्यकर्ता र अहिंसाका अनुयायीलाई जोहानेसबर्गको उपनगर रिभोनियामा सरकारले गिरफ्तार गरेको थियो। एक वर्ष लामो सुनुवाइपछि मन्डेलालाई कुख्यात रोबेन टापु जेलमा कैद गरियो, जहाँ उनले अर्को १८ वर्ष बिताए।

सन् १९६० : बुर्किना फासोले स्वतन्त्रता प्राप्त गर्‍यो। भूपरिवेष्टित पश्चिम अफ्रिकी देश सन् १९८४ सम्म माथिल्लो भोटा भनेर चिनिन्थ्यो। उक्त देश १९औँ शताब्दीको अन्तसम्म फ्रान्सेली उपनिवेश थियो।

सन् १९६३ : आंशिक आणविक परीक्षण प्रतिबन्ध सन्धिमा हस्ताक्षर। आणविक परीक्षण प्रतिबन्ध सन्धिको रूपमा पनि चिनिने यस सन्धिमा सोभियत संघ, युनाइटेड किङडम र संयुक्त राज्य अमेरिकाले मस्कोमा हस्ताक्षर गरेका थिए।

सन् २००९ : जनरल अब्देल अजिजले मौरिटानियाका राष्ट्रपतिको रूपमा शपथ लिए। सन् २००८ मा सत्तामा आएका जनरल अजिजले सन् २००९ मा चुनावपछि मौरिटानियाको राष्ट्रपतिको रूपमा शपथ लिएका थिए।

संक्षेप

थाइल्यान्डकी प्रधानमन्त्रीको राजीनामा माग गर्दै बैंककमा प्रदर्शन



बैंकक/ अदालतबाट निलम्बित प्रधानमन्त्री पेटोङटार्न सिनावात्राको राजीनामा माग गर्दै र कम्बोडियासँगको हिंसात्मक सीमा विवादको विरोधमा थाइल्यान्डको राजधानी बैंककमा प्रदर्शनकारीले विशाल प्रदर्शन गरेका छन्। कम्बोडियासँगको सीमा विवादमा तीन दर्जनभन्दा बढी व्यक्तिको मृत्यु र दुई लाख ६० हजारभन्दा बढी विस्थापित भएपछि सशस्त्र सेनाको समर्थनमा सर्वसाधारणले र्‍याली निकालेका हुन्।

बढ्दो तापक्रमका बाबजुद बैंककको विजय स्मारकमा भेला भएका धेरैले देशभक्तिपूर्ण गीत गाए र पेटोङटार्न र उनका बुबा तथा पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्राको निन्दा गरिएका भाषणलाई ताली बजाएर समर्थन गरे। उनीहरूले सेनाको समर्थनमा आवाजसमेत उठाए। केही स्थानीयले पेटोङटार्न र उनको परिवारलाई कम्बोडियाका पूर्वप्रधानमन्त्री हुन सेनासँगको घनिष्ट सम्बन्धका कारण दसकौँदेखि चलिरहेको द्वन्द्वलाई बढावा दिएको आरोप लगाएका छन्। हुन सेन अझै पनि देशको प्रमुख शक्ति हुन्। गत महिना पेटोङटार्नले उनलाई अंकल भनेर सम्बोधन गरेको एउटा भिडियो सार्वजनिक भएपछि पेटोङटार्नलाई अदालतले निलम्बन गरेको थियो।

प्रदर्शनकारीले विवादित प्रधानमन्त्रीले तत्काल राजीनामा दिएर मार्गप्रशस्त गर्नुपर्ने माग गरे। 'पेटोङटार्न तिमीले तत्काल राजीनामा दिनुपर्छ रूढीवादी प्रदर्शनकारी जिङ्वाकोर्न बुसाबाले अगाडि भने, 'किनभने तिम्रो हातमा रगत छ। तिम्रो कारणले मानिसहरूको ज्यान गइरहेको छ।'

दक्षिण कोरियाले हटायो सीमाका लाउडस्पिकर

सियोल/ दक्षिण कोरियाली अधिकारीले देशको सीमामा उत्तर कोरियाविरोधी लाउडस्पिकर हटाउन थालेको सियोलको राष्ट्रिय रक्षा मन्त्रालयले जनाएको छ। राष्ट्रपति ली जे म्युङको नयाँ सरकारले प्योङ्याङसँगको तनाव कम गर्न खोजिरहेका वेला उत्तर कोरियाविरोधी लाउडस्पिकर हटाइएको हो। 'सोमबारदेखि सेनाले लाउडस्पिकर हटाउन थालेको छ,' दक्षिण कोरियाको रक्षा मन्त्रालयका प्रवक्ता ली क्युङ होले सोमबार पत्रकारलाई भने। जुनमा पदभार ग्रहण गरेको केही समयपछि लीको प्रशासनले उत्तर कोरियाली शासनको आलोचना गर्ने प्रचारप्रसार बन्द गर्न थालेको छ, ताकि आफ्नो छिमेकीसँग अवरुद्ध वार्ता पुनर्जीवित होस्।

तर, उत्तर कोरियाले हालै दक्षिण कोरियाको वार्ता प्रस्ताव अस्वीकार गर्दै सिउलसँग वार्ता गर्न कुनै चासो नभएको जवाफ दिएको छ। सन् १९५०-५३ को कोरियाली युद्ध शान्ति सन्धिमा नभई युद्धविराममा समाप्त भएको र पछिल्ला केही वर्षमा सम्बन्ध बिग्रिएकाले प्राविधिक रूपमा यी देश युद्धमा छन्। 'यो उत्तरसँगको तनाव कम गर्न मद्दत गर्ने उद्देश्यले गरिएको एक व्यावहारिक उपाय हो,' मन्त्रालयले सोमबार एक विज्ञप्तिमा भन्यो। सीमामा स्थापित सबै लाउडस्पिकर हप्ताको अन्त्यसम्ममा हटाइने उनले बताए।

आफ्ना पूर्ववर्तीलाई असफल मार्सल ल घोषणाको कारण महाभियोग लगाइएपछि हालै निर्वाचित भएका राष्ट्रपति लीले 'विश्वास पुनर्स्थापित' गर्ने प्रयासमा सेनालाई प्रसारण बन्द गर्न आदेश दिएका थिए। दुई कोरियाबिचको सम्बन्ध पछिल्लो समयमा निकै बिग्रिएको छ। सियोलले प्योङ्याङप्रति कडा नीति अपनाएपछि सम्बन्ध बिग्रिएको हो।

Upakar Laghubitta Bittiya Sanstha Limited
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था
Head Office Kohalpur-11 Banke
Unaudited Financial Results (Quarterly)
As at 4th Quarter of the Fiscal Year 2081/082

(Rs. in '000)

S.N.	Particulars	This Quarter Ending	Previous Quarter Ending	Corresponding Previous Year Quarter Ending
1	Total Capital & Liabilities (1.1 to 1.7)	2996373.00	2870588.00	2555387.00
1.1	Paid-up Capital	106148.00	106148.00	106148.00
1.2	Reserves and Surplus	130795.00	119372.00	98109.00
1.3	Debenture and Bond			
1.4	Borrowings	923616.00	876077.00	746827.00
1.5	Deposits (a+b)	1402729.00	1341055.00	1195759.00
	a. Domestic Currency	1402729.00	1341055.00	1195759.00
	b. Foreign Currency			
1.6	Income Tax Liabilities	14676.00	9592.00	
1.7	Other Liabilities	418409.00	418344.00	344642.00
2	Total Assets (2.1 to 2.7)	2996373.00	2870588.00	2491485.00
2.1	Cash & Bank Balance	378815.00	320394.00	256894.00
2.2	Money at call and short Notice			
2.3	Investments			
2.4	Loans & Advances (a+b+c+d+e+f)	2458326.00	2393694.00	2177629.00
	a. Real Estate Loan			
	1. Residential Real Estate Loan (Except Personal Home Loan uptoRs 10 million)			
	2. Business Complex & Residential Apartment Construction Loan			
	3. Income generating Commercial Complex Loan			
	4. Other Real Estate Loan (Including Land Purchase & Plotting)			
	b. Personal Home Loan of Rs. 10 million or less			
	c. Margin Type Loan			
	d. Term Loan	2458326.00	2393694.00	2177629.00
	e. Overdraft Loan / TR Loan / WC Loan			
	f. Others			
2.5	Fixed Assets	7643.00	9482.00	8319.00
2.6	Non-Banking Assets			
2.7	Other Assets	151589.00	147018.00	48643.00
3	Profit and Loss Account			
3.1	Interest income	324786.00	235126.00	299391.00
3.2	Interest Expense	169413.00	128265.00	166392.00
A	Net Interest Income (3.1-3.2)	155373.00	106861.00	132999.00
3.3	Fees Commission and Discount	2044.00	1482.00	2388.00
3.4	Other Operating Income	21999.00	16601.00	10708.00
3.5	Foreign Exchange Gain/Loss (Net)			
B	Total Operating Income (A+3.3+3.4+3.5)	179416.00	124944.00	146095.00
3.6	Staff Expenses	104289.00	74237.00	107467.00
3.7	Other Operating Expenses	17691.00	12265.00	17876.00
C	Operating profit Before Provision (B-3.6-3.7)	57436.00	38442.00	20752.00
3.8	Provision for Possible Loss	10855.00	16292.00	63998.00
D	Operating profit (C-3.8)	46581.00	22150.00	-43246.00
3.9	Non-Operating Income/Expenses (Net)			
3.10	Write Back of Provision for Possible Loss	7776.00	13373.00	8140.00
E	Profit From Regular Activities (D+3.9+3.10)	54357.00	35523.00	-35106.00
3.11	Extraordinary Income/Expenses (Net)			
F	Profit Before Bonus and Taxes (E+3.11)	54357.00	35523.00	-35106.00
3.12	Provision For Staff Bonus	5436.00	3552.00	
3.13	Provision For Tax	14676.00	9591.00	
G	Net Profit/Loss (F-3.12 -3.13)	34245.00	22380.00	-35106.00
4	Ratios			
4.1	Capital Fund to RWA	9.30%	8.56%	11.02%
4.2	Non-Performing Loan (NPL) to Total Loan	4.85%	4.94%	2.13%
4.3	Total Loan Loss Provision to total NPL	106.38%	114.68%	144.00%
4.4	Cost of Funds	6.93%	8.05%	8.40%
4.5	CD Ratio (Calculated as per NRB Directives)	175.25%	178.00%	182.00%

Note: Above financial Figures are Subjected to Change if instructed by statuary audit and regularity authority.
Interest on deposit and Loan & Advance **Deposit :** 7.5% to 10% **Loan & Advance** 12% to 15%

धितोपत्र दर्ता तथा निष्काशन नियमावलि २०७३ अनुसुची १४ (नियम २६ को उपनियम (१) संग सम्बन्धित)

आ.व २०८१/८२ को चौथो त्रैमासिक प्रतिवेदन

१.वित्तीय विवरण :
(क) त्रैमासिक वासलात, नाफा नोक्सान सम्वन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ।
(ख) प्रमुख वित्तीय अनुपातहरू

प्रति शेयर आम्दानी	मुल्य आम्दानी अनुपात	प्रति शेयर नेटवर्थ	प्रति शेयर कुल सम्पत्तिको मुल्य	तरलता अनुपात
३२.२६	१०५.०७	१९०.९६	२८२२.८२	२४.०५

२. व्यवस्थापकिय विश्लेषण :
(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धि विवरण :
आर्थिक वर्ष २०८१/२०८२ को चौथो त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको तरलताको समस्यालाई व्यवस्थापन गरी कर्जा लगानी एंव बचत परिचालन गरिएको छ, अघिल्लो त्रयमासको तुलनामा यस त्रयमासमा संस्थाको नाफावृद्धि भएको छ। वित्तीय बजारमा देखिएको मन्दी निरन्तर रहेमा आगामी दिनमा योजना अनुरुपको प्रतिफल हासिल गर्न कठिन हुने देखिन्छ।
(ख) आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरण :
प्रादेशिकस्तरको यस लघुवित्त वित्तीय संस्थाले स्थापनाको शुरु देखि नै वित्तीय पहुँच अभिवृद्धि गराई गरिवी घटाउने, वित्तीय समावेशिकरण बढाउने, लघुवित्त कार्यक्रमको पहुँच नपुगेका ग्रामिण समुदायमा लघुवित्त सेवा विस्तार उद्देश्य अनुरुप लुम्बिनी प्रदेशका सम्पूर्ण जिल्लाहरूमा कार्यक्रम विस्तार गरी कार्यक्रम संचालन गरी थप कर्जा लगानी तथा बचत संकलनलाई बृद्धि गर्दै लैजाने। यस वित्तीय संस्थामा आवद्ध सदस्यहरूको परिवारको दिगो विकास एंव सुनिश्चित भविश्यका लागि संस्थाले छरिएर रहेको बचत संकलनलाई जोड दिदै आईरहेको छ। सदस्यहरूको दिगोपनलाई ध्यानमा राखी उनिहरूमा स्वरोजगार सृर्जना गर्ने उद्देश्यले उद्यमशिल र उत्पादनशिल क्षेत्रमा कर्जा प्रवाह गरी दिगो व्यवसायिक सफलता हासिल गर्ने तर्फ संस्था अग्रसर रहेको छ। चालु आर्थिक वर्ष २०८१/२०८२ मा प्रभावकारी वित्तीय सेवा प्रदान गर्नका लागि प्रविधिको उच्चतम प्रयोगमा सदस्य, कर्मचारीहरूको दक्षता एंव कार्यकुशलतामा अभिवृद्धि गर्न कर्मचारीको उत्पादकत्व वृद्धि गर्न एंव आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउन तालिम, गोष्ठी कार्यक्रम संचालन भईरहेको छ। व्यवसायिक योजना अनुरुप लक्ष्य प्राप्तीका लागि आवश्यक कामहरू भईरहेका छन्। वित्तीय संस्थाले प्रदान गर्ने सेवा तथा सुविधाहरूलाई सदस्यको आवश्यकता अनुरुप समय सापेक्ष परिष्कृत गर्दै सदस्यहरूमा उद्यमशिलता तथा व्यवसायिक सीप विकासका साथै डिजिटल वित्तीय साक्षरताको अभियानलाई विस्तार गर्दै लैजान व्यवस्थापन प्रतिवद्ध रहेकोछ।
(ग) विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :
सदस्य, ऋणी, कर्जाको आकार तथा कर्जा असुली मा भएको सकारात्मकताले गर्दा आगामी दिनमा वित्तीय संस्थाको कार्यक्रमको गुणस्तर सुदृढ भई आम्दानीमा अझ बृद्धि हुनेमा व्यवस्थापन विश्वस्त छ। लघुवित्त संस्थाहरूमा देखिएको अस्वस्थ्य प्रतिस्पर्धा तथा सदस्यहरूमा कर्जाको अधिकभार बढ्नुका साथै विभिन्न समुहहरूका नाममा फैलाईएको विकृतिले वित्तीय संस्थाले लगानी गरेको ऋणको गुणस्तरमा असर पर्न गएको छ। कर्जा सूचना केन्द्रको प्रभावकारीता वृद्धि हुदै जाँदा जोखिमहरू क्रमश:न्यून हुँदै जाने देखिन्छ।
३. कानुनी कारवाही सम्बन्धी विवरण :
(क) यस अवधिमा यस वित्तीय संस्थाले कसैका उपर मुद्दा दायर नगरेको साथै वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।
(ख) संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी सम्बन्धी मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।
(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त नभएको।
४. संगठित संस्थाको शेयर कारोवार सम्बन्धी विश्लेषण :
(क) वित्तीय संस्थाको शेयरको कारोवार नेपाल स्टक एक्सचेन्ज मार्फत भईरहेको छ। वित्तीय संस्थाले शेयर मूल्यमा प्रभाव पार्न सक्ने कुनै पनि आधारभुत सूचना प्रचलित ऐन तथा नियमको परिधि भित्र रही प्रवाहित गरिने छ। लगानी कर्ताहरूको यस संस्था प्रतिको विश्वास उच्च रहेको हुँदा भविष्यमा कारोवार मुल्य सकारात्मकता तर्फ उन्मुख हुने आंकलन गर्न सकिन्छ।
(ख) नेपाल स्टक एक्सचेन्जको वेभ साइट अनुसार मिति २०८२/०१/०१ देखि २०८१/०३/३२ सम्मको अवधिमा शेयरको कारोवार निम्नानुसार भएको देखिन्छ। (श्रोत : https://www.nepalstock.com)

अधिकतम मूल्य (रु.)	न्यूनतम मुल्य (रु.)	अन्तिम मूल्य (रु.)	कारोवार भएको कुल दिन	कारोवार संख्या
३७३८.२९	२९७५.०२	३३८९.५०	६४	५०४३

५. समस्या तथा चुनौती :
वित्तीय वजारमा बढ्दो तरलता एवं संघर्ष समितिका कारण सिर्जित समस्याका कारण सदस्यहरूको व्यवसाय तथा आयआर्जन प्रभावित भई लघुवित्त क्षेत्रमा दिर्घकाल सम्म गहिरो प्रभाव पर्न सक्ने देखिन्छ। वित्तीय श्रोतको अनिश्चितता, अस्थिर तरलता र कर्मचारीहरूको दक्षता अभिवृद्धिमा कमि भई उत्पन्न हुन सक्ने जोखिम एवं नियमनकारी निकायबाट अप्रत्याशित रुपमा हुने नीति तथा निर्देशनमा परिवर्तनका कारणले थप चुनौतीहरूको सामना गर्नुपर्ने अवस्था आउन सक्नेछन्।
६. संस्थागत सुशासन :
नियमनकारी निकायसँग सम्वन्धित ऐन, कानुन तथा नीति नियम तथा निर्देशन अनुरुप संस्थागत सुशासन कायम राख्न वित्तीय संस्था कटिवद्ध र प्रतिवद्ध रहँदै आएको छ। नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरू पालना गर्नुको साथै प्रचलित ऐनहरू तथा कानुनहरूको परिपालनामा विषेश ध्यान दिँदै आफ्ना शेयरधनीहरू, सर्वसाधारण सदस्यहरू लगायत सम्पूर्ण सरोकारवालाहरूको हितको संरक्षण तथा सम्वर्द्धन गर्न वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ।
७. सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :
आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरूलाई सु-सूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन।
८. नियम २६ को उपनियम (५) सग सम्बन्धित विशेष घटना वा परिस्थिती सम्बन्धीविवरण : नभएको।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
धितो रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रीको १५ (पन्ध्र) दिने सूचना

प्रकाशित मिति: २०८२/०४/२०

यस सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड शाखा कार्यालय सितलनगर, रुपन्देहीबाट विभिन्न शिर्षक अन्तर्गत कर्जा लिई उपभोग गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले तपाई ऋणीहरुको नाममा मिति २०८१/१०/२० को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा ३५ (पैंतीस) दिने ऋणकर्जा चुक्ता भुक्तान गर्न सार्वजनिक सूचना प्रकाशित गरी ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतलाई सूचित गर्दा समेत कर्जाको सावाँ ब्याज समेत चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण बापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित अचल सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि यो १५ (पन्ध्र) दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरी गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) को आव्हान गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सितलनगर, रुपन्देही मा दिउँसो ४:०० बजे गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) खोलिनेछ। सो अवधिमा इच्छुक महानुभावहरुले गोप्य शिलबन्दी बोलपत्रद्वारा आफूले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम बोलपत्र फारम बुझाउन समेत अनुरोध गरिन्छ। सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा पनि बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर तथा सजायका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली २०५९ अनुसार ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको अन्य चल/अचल सम्पत्तिबाट धितोले नखामेको बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरिने व्यहोरा ऋणी, व्यक्तिगत जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेको धितो सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ बमोजिम बैंकले आफै सकार गरी लिन सक्ने व्यहोरा समेत जानकारी गराइएको छ।

तपसिल

१. कर्जा शिर्षक : एस्.एम्. ई. कर्जा अधिबिकर्ष कर्जा तथा डिमान्ड कर्जा

ऋणी फर्मको नाम र ठेगाना
ऋणीको नाम : श्री सज्जय फर्निचर
रजिष्ट्रेशन नं. : ६३१२/०६५/६६ (नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगर)
रजिष्टर्ड ठेगाना : सिक्टहन गा.बि.स. -४,रुपन्देही
हाल : देवदह न.पा. -०४, रुपन्देही
दर्ता मिति : बि.सं.२०६६/०३/१०
पान नं. : ६०७६१६४७१

फर्मको प्रोप्राईटरको नाम र ठेगाना
नाम : संजय कुर्मी
बाबु : गुरु प्रसाद कुर्मी
बाजे : सुरेमन कुर्मी
पत्नि : बबिता कुर्मी
ठेगाना : केरवानी गा.वि.स. वडा नं. ०८, रुपन्देही
हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
ना.प्र.नं. : ३७-०१-७०-०३४५१,
जारी मिति : २०७०/०३/०५
जि.प्र.का. : रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : गुरु प्रसाद कुर्मी
बाबु : सुरेमन कुर्मी
बाजे : राजवली कुर्मी
ठेगाना : केरवानी गा.वि.स. वडा नं. ०८, रुपन्देही
हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
ना.प्र.नं : ९/२२६५
जारी मिति : २०४६/०२/२०
जि.प्र.का. : रुपन्देही

२. नाम : ऋषीराम कुर्मी
बाबु : सुरेमन कुर्मी
बाजे : राजवली कुर्मी
ठेगाना : केरवानी गा.वि.स. वडा नं. ०८, रुपन्देही
हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
ना.प्र.नं : ३७१००२/२६८७९
जारी मिति : २०६६/०८/१९
जि.प्र.का. : रुपन्देही

३. नाम : बबिता कुर्मी
बाबु : बिन्दु चौधरी
पति : संजय कुर्मी
ससुरा : गुरु प्रसाद कुर्मी
ठेगाना : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
ना.प्र.नं : ३७-०१-७६-१२१६६
जारी मिति : २०७६/१०/२०
जि.प्र.का. : रुपन्देही

४. नाम : बैजन्ती कुर्मी
बाबु : जलई कुर्मी
पति : गुरु प्रसाद कुर्मी
ससुरा : सुरेमन कुर्मी
ठेगाना : केरवानी गा.वि.स. वडा नं. ०८, रुपन्देही
हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
ना.प्र.नं : ३७१००२/१४५४५
जारी मिति : २०६८/०९/०१
जि.प्र.का. : रुपन्देही

२.कर्जा शिर्षक : ब्यक्तिगत कर्जा, (साविक तिनाउ मिसन डेभलपमेन्ट बैंक लि.) र सिटिजन्स फाष्ट ट्रयाक आवधिक कर्जा

ऋणीको नाम र ठेगाना
नाम : संजय कुर्मी
बाबु : गुरु प्रसाद कुर्मी
बाजे : सुरेमन कुर्मी
पत्नि : बबिता कुर्मी
ठेगाना : केरवानी गा.वि.स. वडा नं. ०८, रुपन्देही
हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
ना.प्र.नं. : ३७-०१-७०-०३४५१,
जारी मिति : २०७०/०३/०५
जि.प्र.का. : रुपन्देही

जमानीकर्ताहरुको नाम र ठेगाना

१. नाम : गुरु प्रसाद कुर्मी
बाबु : सुरेमन कुर्मी
बाजे : राजवली कुर्मी
ठेगाना : केरवानी गा.वि.स. वडा नं. ०८, रुपन्देही
हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
ना.प्र.नं : ९/२२६५
जारी मिति : २०४६/०२/२०
जि.प्र.का. : रुपन्देही

२. नाम : ऋषीराम कुर्मी
बाबु : सुरेमन कुर्मी
बाजे : राजवली कुर्मी
ठेगाना : केरवानी गा.वि.स. वडा नं. ०८, रुपन्देही
हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
ना.प्र.नं : ३७१००२/२६८७९
जारी मिति : २०६६/०८/१९
जि.प्र.का. : रुपन्देही

३. नाम : बबिता कुर्मी
बाबु : बिन्दु चौधरी
पति : संजय कुर्मी
ससुरा : गुरु प्रसाद कुर्मी
ठेगाना : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
ना.प्र.नं : ३७-०१-७६-१२१६६
जारी मिति : २०७६/१०/२०
जि.प्र.का. : रुपन्देही

४. नाम : बैजन्ती कुर्मी
बाबु : जलई कुर्मी
पति : गुरु प्रसाद कुर्मी
ससुरा : सुरेमन कुर्मी
ठेगाना : केरवानी गा.वि.स. वडा नं. ०८, रुपन्देही
हाल : देवदह नगरपालिका वडा नं. ०४, रुपन्देही
ना.प्र.नं : ३७१००२/१४५४५
जारी मिति : २०६८/०९/०१
जि.प्र.का. : रुपन्देही

माथि उल्लेखित ऋणीहरु सज्जय फर्निच र संजय कुर्मीले उपभोग गरेको ऋणकर्जाको लागि धितो राखिएको सम्पत्तिको विवरण
धितो सुरक्षण धनीको नाम : संजय कुर्मी

सि.नं	जिल्ला	न.पा./गा.वि.स	वडा नं/नक्सा सिट	कि.नं.	क्षेत्रफल (वि.क.धु)	कैफियत
१.	रुपन्देही	केरवानी	५ख	६८७	(०-१-७)	सो जग्गामा निर्माण भएको तथा पछि भविष्यमा निर्माण हुने सम्पूर्ण भवनहरु तथा सो को लिग लगापात समेत।
				६८९	(०-२-१)	
				६९३	(०-१-१६)	

धितो लेखिदिने तथा व्यक्तिगत जमानत दिनेलाई सूचना
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै सूचनाको म्यादभित्र शीघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्ति उचित संरक्षण गर्नु हुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ, तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएमा पछि मेरो/हाम्रो सम्पतिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लियो भनी कही कतै उजुर गर्न पाउनु हुने छैन।

लिलाम बिक्रीको बारेमा जानकारी एवं शर्तहरु :
१. गोप्य शिलबन्दी बोलपत्र दाताले आफूले कबुल गरेको जम्मा रकमको १० (दश) प्रतिशतले हुने रकम धरौटी बापत यस बैंकको नाममा खिचिएको कुनै पनि वाणिज्य बैंकको सक्कलै ड्राफ्ट/गुडफरपेमेन्ट चेक/नगद जम्मा भौचर समेत बोलपत्र साथ संलग्न गर्नुपर्ने छ।
२. बोलकबोल फारम भर्दा सबैभन्दा बढी रकम कबोल गर्ने व्यक्तिलाई चल/अचल सम्पत्ति दिने वा नदिने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ।
३. लिलाम सकार गर्ने व्यक्तिले बाँकी रकम बैंकले भुक्तान माग गरेको मितिले ७ दिन भित्रमा सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडमा नबुझाए धरौटी बापत रहेको १० प्रतिशत रकम स्वत: जफत हुनेछ।
४. लिलाम बिक्री भएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ।
५. तोकिएको लिलामी खोल्ने दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिन गोप्य शिलबन्दी लिलाम खोलिनेछ।
६. लिलाम गर्दा गर्दै नभ्याएमा त्यसको भोलिपल्ट (सरकारी बिदा बाहेक) पुन: लिलामी खोल्ने कार्य हुनेछ।
७. बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा ५७ को उपदफा ७ अनुसार लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा बोलकबोल गरेको रकम सहभागी बैंकहरुलाई चित्त बुझ्दो नभएमा यस बैंकले उक्त सम्पत्तिको स्वामित्व आफूमा लिन सक्नेछ।
८. उक्त लिलाममा राखेको चल/अचल सम्पत्ति नामसारी/दा.खा. रजिष्ट्रेशन गर्दा लाग्ने नेपाल सरकारको दस्तुर, अन्य कर तथा शुल्क, सम्पत्ति कर आदि सकार गर्ने व्यक्ति आफैले तिर्नु पर्नेछ।
९. लिलाम बिक्री हुने चल/अचल सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न वा अन्य थप जानकारी लिन चाहनुहुने महानुभावहरुले सिटिजन्स बैंक इन्टरनेसनल लि. को नारायणहिटी पथ, दरबारमार्ग स्थित प्रधान कार्यालयमा वा शाखा कार्यालय सितलनगर, रुपन्देहीमा कार्यालय समयभित्र सम्पर्क राख्न सक्नु हुनेछ।

लिलाम खोलिने मिति :- २०८२/०५/०४ गते, बुधवार
समय :- दिउँसो ४:०० बजे
स्थान :- सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको शाखा कार्यालय सितलनगर, रुपन्देही।

Citizens Bank
मुख्य कार्यालय:
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोन: ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्स: ९७७ १ ४५२७०४४
इमेल: info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टर: support@ctznbank.com, ०१-५९७००६८
THE BANKER BANK OF THE YEAR 2024 NEPAL

४९ विदेशी रि–इन्स्योरेन्स ब्रोकरले कार्यालय नै नखोली नेपालमा गर्दै छन् कारोबार

बिमा प्राधिकरणमा सूचीकृत ५४ मध्ये पाँच कम्पनीले मात्रै खोले कार्यालय

मिलन विश्वकर्मा/नयाँ पत्रिका

नेपालमा कार्यालय नखोली ४९ विदेशी पुनर्बिमा दलाल कम्पनी (रि-इन्स्योरेन्स ब्रोकर)ले नियमविपरीत कारोबार गरिरहेको पाइएको छ। नेपाल बिमा प्राधिकरणमा सूचीकरण भएको ६ महिनाभित्रै नेपालमा कार्यालय स्थापना गर्नुपर्ने नियम रहेको छ। तर, बिमा प्राधिकरणमा सूचीकृत ५४ विदेशी रि-इन्स्योरेन्स ब्रोकर कम्पनीमध्ये पाँचवटाले मात्रै नेपालमा शाखा कार्यालय खोलेर कारबोर गरिरहेका छन्।

प्राधिकरणमा सूचीकृतमध्ये भारतका जेबी बोडा इन्स्योरेन्स एन्ड रि-इन्स्योरेन्स ब्रोकर्स प्रालिले नक्सालमा, श्रीधर इन्स्योरेन्स ब्रोकर प्रालिले टेकुमा र फर्स्ट पोलिसी इन्स्योरेन्स ब्रोकर्स प्रालिले बालुवाटारमा शाखा कार्यालय खोलेका छन्। त्यस्तै, मलेसियाको सिनर्जी रि-इन्स्योरेन्स लवुअन लिमिटेडले हात्तीसारमा र सिंगापुरको युआइबी एसिया रि-इन्स्योरेन्स ब्रोकर्स प्रालिले बखुन्डोरमा कार्यालय स्थापना गरेका छन्।

प्राधिकरणले पटक-पटक ताकेता गर्दासमेत ४९ ब्रोकरले भने नेपालमा कार्यालय स्थापना गरेका छैनन्। केही कम्पनीले भने कार्यालय खोल्ने अनुमतिका लागि प्राधिकरणमा आवेदन दिएका छन्। प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले सूचीकृत बहुमत रि-इन्स्योरेन्स ब्रोकरले अझै पनि कार्यालय स्थापना नगरेको बताए।

बिमा कम्पनीहरूले लिएको जोखिम (व्यवसाय) सबै आफैं धारण गर्न सक्दैनन्। त्यो अवस्थामा उनीहरूले आफूले धारण गर्न सक्ने जोखिम राखेर बाँकीको पुनर्बिमा (बिमाको पनि बिमा) गर्छन्। नेपालबाट पुनर्बिमाका लागि वार्षिक करीब १४ अर्ब रुपैयाँ बाहिरिने गरेको बिमा कम्पनीहरूको अनुमान छ। नेपाली बिमा कम्पनीले ब्रोकर वा सीधै पुनर्बिमा कम्पनीमा गएर पुनर्बिमा गर्न सक्छन्। त्यसरी नेपाली बिमा कम्पनीसँग कारोबार गर्ने रि-इन्स्योरेन्स ब्रोकर तथा पुनर्बिमा कम्पनी प्राधिकरणमा सूचीकरण हुनुपर्छ। त्यसमा ब्रोकरले नेपालमै कार्यालय स्थापना गर्नुपर्ने व्यवस्था छ।

बिमा कम्पनीहरूले ब्रोकरमार्फत पुनर्बिमा गरेका हुन्छन्। तर, ब्रोकरको कार्यालय नहुँदा उनीहरूलाई दाबी प्रक्रिया नै अघि बढाउन समस्या भइरहेको छ। त्यसमाथि दाबी प्रक्रियाको ताकेता गर्न पनि समस्या भइरहेको छ। साथै, पछिल्लो समय पुनर्बिमा कम्पनीबाट आउने दाबी भुक्तानीमा पनि ढिलाइ हुने गरेको छ। त्यस्ता समस्यालाई समाधान गर्ने उद्देश्यले रि-इन्स्योरेन्स ब्रोकरलाई नेपालमा शाखा कार्यालय खोल्न कडाइ गर्न लागिएको हो।

प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदी भन्छन्-



प्राधिकरणमा सूचीकृत बहुमत रि-इन्स्योरेन्स ब्रोकरले अझै पनि कार्यालय स्थापना गरेका छैनन्। पुनर्बिमाबाट आउने दाबी भुक्तानीलाई प्रभावकारी बनाउन उनीहरूलाई शाखा कार्यालय खोल्न अनिवार्य गरिएको छ। पुससम्म अन्तिम म्याद छ।



विदेशी ब्रोकरले नेपालमा शाखा कार्यालय स्थापना गर्दा ५० हजार डलर जमानत राख्नुपर्छ। कार्यालय स्थापना र सञ्चालनमा पनि खर्च हुन्छ। जमानत र खर्चकै कारण उनीहरूले शाखा खोल्न आनाकानी गरिरहेको जानकारहरू बताउँछन्।

■ पुससम्म कार्यालय खोल्नुपर्ने म्याद

नेपाल बिमा प्राधिकरणमा सूचीकरण भई नेपाली बजारमा कारोबार गर्दै आएका विदेशी पुनर्बिमा दलाल कम्पनी (रि-इन्स्योरेन्स ब्रोकर)ले आगामी पुस मसान्तभित्र यहाँ कार्यालय स्थापना गर्नुपर्ने भएको छ। प्राधिकरणले पटक-पटक निर्देशन दिँदा पनि विदेशी पुनर्बिमा दलाल कम्पनीले नेपालमा कार्यालय स्थापना गर्न आनाकानी गर्दै आएका थिए। प्राधिकरणले 'बिमाको पुनर्बिमा निर्देशका, २०८०' संशोधन गर्दै उनीहरूलाई पुस मसान्तसम्म शाखा कार्यालय खोल्न निर्देशन दिएको हो।

प्राधिकरणले गत चैत १० गते नै तीन महिनाको समय अवधि दिएर कार्यालय स्थापना गर्न निर्देशन दिएको थियो। त्यसपछि त्यो म्याद थप गरेर असार मसान्तसम्म पुऱ्याइयो। त्यसपछि निर्देशिका नै संशोधन गरेर पुस मसान्तसम्मको म्याद दिइएको हो। यो अन्तिम अल्टिमेटम भएको प्राधिकरणको भनाइ छ। 'प्राधिकरणबाट सूचीकरण नम्बर प्राप्त गर्ने पुनर्बिमा दलालले ०८२ साल पुस मसान्तभित्र शाखा तथा सम्पर्क कार्यालय वा संयुक्त लगानीमा कार्यालय स्थापना गरिसक्नुपर्नेछ,' संशोधित निर्देशिकामा भनिएको छ। विदेशी रि-इन्स्योरेन्स ब्रोकरले नेपालमा शाखा, सम्पर्क वा संयुक्त लगानीका रूपमा कार्यालय स्थापना गर्न सक्नेछन्।

प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले रि-इन्स्योरेन्स ब्रोकरले पुस मसान्तसम्म कार्यालय स्थापना गर्नुपर्ने बताए। 'केही ब्रोकरहरूले शाखा कार्यालय नखोलेको देखियो। अझै केही बाँकी छन्,' उनले भने, 'त्यसैले पुससम्म शाखा खोल्न निर्देशन दिएका हौं।'

नेपालमा कार्यालय नखोलेका विदेशी रि–इन्स्योरेन्स ब्रोकर

● एक्सपेरिट्स इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत) ● पायोनियर इन्स्योरेन्स तथा पुनर्बिमा ब्रोकर्स प्रालि (भारत) ● महिन्द्रा इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (भारत) ● अलर्ट इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत) ● इन्टरलिंक इन्स्योरेन्स तथा पुनर्बिमा ब्रोकिङ प्रालि (भारत) ● केएम दस्तुर पुनर्बिमा ब्रोकर्स प्रालि (भारत) ● विलिस इन्स्योरेन्स ब्रोकर्स कम्पनी लिमिटेड (चीन) ● केएम दस्तुर एन्ड कम्पनी प्रालि (मलेसिया) ● मनोज पुनर्बिमा ब्रोकर्स लिमिटेड (संयुक्त अरब इमिरेट्स) ● लकटन कम्पनिज इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (चीन) ● प्रोटेक्सन इन्स्योरेन्स सर्भिसेस डब्ल्युएलएल (बहराइन) ● रिस्क केयर इन्स्योरेन्स ब्रोकिङ सर्भिसेस प्रालि (भारत) ● सलासर सर्भिसेस इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत) ● प्रुडेन्ट इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत) ● युनिलाइट पुनर्बिमा ब्रोकर्स प्रालि (भारत) ● विलिस टावर्स वाटसन इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत) ● बिकन इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत) ● इन्फिना पुनर्बिमा ब्रोकिङ प्रालि (भारत) ● फल्क्रम ग्लोबल पुनर्बिमा ब्रोकर्स प्रालि (माउरिसस) ● एसिई इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत) ● जेबी बोडा एन्ड कम्पनी (एस) प्रालि (सिंगापुर) ● जेबी बोडा एन्ड कम्पनी (युके) लिमिटेड (लन्डन) ● हेरिटेज इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत) ● सिम्बो ब्रोकर्स प्रालि (सिंगापुर) ● भारत पुनर्बिमा ब्रोकर्स प्रालि (भारत) ● फ्वोङहुई इन्टरनेसनल इन्स्योरेन्स ब्रोकर्स कम्पनी लिमिटेड (चीन) ● युनिसन अनप्यारालल इन्स्योरेन्स सोलुसन्स (भारत) ● एलायन्स ब्रोकर्स प्रालि (भारत) ● जियाङ टाई इन्स्योरेन्स ब्रोकर्स कम्पनी लिमिटेड (चीन) ● जेके इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (भारत) ● इन्डिया इन्स्योर रिस्क म्यानेजमेन्ट एन्ड इन्स्योरेन्स ब्रोकिङ सर्भिसेस प्रालि (भारत) ● चेडिड युरोप इन्स्योरेन्स एन्ड पुनर्बिमा ब्रोकरेज लिमिटेड (साइप्रस) ● हाउडेन इन्स्योरेन्स ब्रोकर्स इन्डिया प्रालि (भारत) ● ल्होजोङ इन्स्योरेन्स ब्रोकर्स प्रालि (भुटान) ● कन्टिनेन्टल इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (चीन) ● एस्पायर इन्स्योरेन्स ब्रोकर्स प्रालि (भारत) ● विलिस लिमिटेड (लन्डन) ● जेनिसिस रिस्क म्यानेजर्स (माउरिसस) ● सिनो इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (हङकङ) ● के इन्टरनेसनल एएमइए लिमिटेड (संयुक्त अरब इमिरेट्स) ● विलिस टावर्स वाटसन ब्रोकर्स प्रालि (सिंगापुर) ● चार्टर गिलम्यान इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (हङकङ) ● टङचाङ इन्स्योरेन्स ब्रोकर्स कम्पनी लिमिटेड (चीन) ● टाइजरस् इन्स्योरेन्स ब्रोकर्स लिमिटेड (लन्डन) ● एयर युनियन इन्स्योरेन्स ब्रोकर्स कम्पनी लिमिटेड (चीन) ● एमएनके री लिमिटेड (डिआइएफसी) (संयुक्त अरब इमिरेट्स) ● प्रोटेक्सन री (बहराइन) ● अकुर्रा इन्टरनेसनल लिमिटेड (मलेसिया) ● रिस्क एक्सचेन्ज (डिआइएफसी) लिमिटेड (संयुक्त अरब इमिरेट्स)।

संक्षेप

दुईवटा आइजिन नम्बरमा एनआरएनएको ध्यानाकर्षण

काठमाडौं/ गैरआवासीय नेपाली संघ (एनआरएनए)ले संस्थापक र सर्वसाधारणका लागि छुट्टा-छुट्टै इन्टरनेसनल सेक्युरिटिज आइडेन्टिफिकेसन (आइजिन) नम्बर लागू नगर्न माग गरेको छ। संघले सोमबार एक विज्ञप्ति जारी गर्दै यो व्यवस्था लागू गरेमा नेपालको पुँजी बजार, लगानी वातावरण र गैरआवासीय नेपालीको लगानी नेपालमा ल्याउने योजनामा नकारात्मक असर पार्न सक्ने संघको भनाइ छ।

सिडिएसले दुई आइजिन बनाउने प्रस्ताव नेपाल धितोपत्र बोर्डमा पेस गरेको छ। त्यसमा चौतर्फी रूपमा आलोचना भएको छ। सोही क्रममा एनआरएनएले पनि यसमा आपत्ति जनाएको हो। यो प्रस्ताव कार्यान्वयनमा गएमा विदेशमा बसोवास गर्ने नेपाली संस्थापक लगानीकर्तामा भ्रम र निराशा फैलिने, सेयर कारोबारमा अन्योल बढ्ने तथा दीर्घकालीन रूपमा पुँजी बजारको स्थायित्व र पारदर्शितामा गम्भीर असर पर्ने एनआरएनएको भनाइ छ। विश्वभरिका गैरआवासीय नेपालीलाई नेपालको विकासमा सहभागी हुन तथा आफ्नो ज्ञान, सिप र पुँजी भित्र्याउन सहज वातावरण निर्माण गर्नुपर्नेमा यस प्रस्तावित निर्देशिकाले लगानीमा ठुलो असर पर्ने यस संघको ठहर छ।'

२१ सय जनशक्ति थप्न स्वास्थ्य मन्त्रालयको प्रस्ताव



काठमाडौं/ स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले दुई हजार एक सय जनशक्ति थप्न अर्थ मन्त्रालयसँग प्रस्ताव गरेको छ। अर्थ मन्त्रालयमा सोमबार आयोजित चालू आर्थिक वर्ष ०८२/८३ को बजेट कार्यान्वयनसम्बन्धी छलफलमा स्वास्थ्यले यस्तो प्रस्ताव गरेको हो।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले विशिष्टीकृत सेवा र सेवा विस्तारका लागि संघीय अस्पताल र प्रदेशका लागि डाक्टर, नर्ससहित दुई हजार एक सय जनशक्ति थप गर्न प्रस्ताव गरेका हुन्। उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले स्वास्थ्य सेवा प्रवाहलाई छिटो, प्रभावकारी र गुणस्तरीय बनाउन दक्ष डाक्टर, नर्सलगायतका जनशक्ति जरुरी भएको र जनशक्तिबारे थप परामर्श गरी अघि बढ्ने बताए।

धनकुटामा गत आवमा मात्रै दुई सय ३७ उद्योग बन्द

धनकुटा/ गत आर्थिक वर्षमा धनकुटामा दुई सय ३७ वटा उद्योग बन्द भएका छन्। त्यस्तै, सोही अवधिमा एक सय ३४ वटा नयाँ उद्योग दर्ता भएका छन्। घरेलु तथा साना उद्योग कार्यालय धनकुटाको तथ्यांकअनुसार गत आवमा प्रशासनतर्फ एक सय ४१ वटा र वाणिज्यतर्फ ९६ वटा उद्योग बन्द भएका छन्। साथै, प्रशासनतर्फ ९९ वटा र वाणिज्यतर्फ ३५ वटा नयाँ उद्योग दर्ता भएको सो कार्यालयका सूचना अधिकारी अर्जुनबहादुर कार्कीले जानकारी दिए।

प्रशासनतर्फ ६ सय ५५ वटा र वाणिज्यतर्फ दुई सय ९६ वटा उद्योग नवीकरण भएको कार्यालयले जनाएको छ। उक्त उद्योग दर्ता तथा नवीकरणबाट ४१ लाख ६६ हजार चार सय २० रुपैयाँ राजस्व संकलन भएको छ। अघिल्लो आर्थिक वर्षमा तीन सय २१ वटा उद्योग दर्ता भएका थिए।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना
(प्रकाशित मिति २०८२/०४/२०)

नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड
दरबारमार्ग, काठमाण्डौं नेपाल पोष्ट बक्स नं ३४१२
फोन नं: ५३२८२२९, ५३४२५३०
इमेलः info@nimb.com.np
वेवसाइटः www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि.(साविक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था) बाट उपभोग गर्नुभएको कर्जा समय(समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, व्याज र हर्जाना व्याज रकम नतिरी नवुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकविच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रकिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पत्ति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण वक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानावाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणी/प्रोपाइटर/सेयरधनि/संचालक/साझेदार/व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/ विवरण
१.	**ऋणी : सगुन खड्का र सुमन खड्का (धितो कर्जा) -शाखा कार्यालय ठिमी,** ठेगाना : रत्ननगर १३, चितवन **क) सगुन खड्का** (ना.प्र.नं. ३५-०१-७१-०१५७२, मिति २०७१/०२/१६ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : तेज बहादुर खड्का, बाजे : जनक बहादर खड्का **ख) सुमन खड्का** (ना.प्र.नं. ३५-०१-७४-०८९२९, मिति २०७४/०७/०५ मा जि.प्र.का. चितवनबाट जारी भएको) बाबु : तेज बहादुर खड्का, बाजे : जनक बहादर खड्का **व्यक्तिगत जमानीकर्ताहरु :** **१. रमिला बोगटी** (ना.प्र.नं. २९-०१-०६६-०३३९३, मिति २०६६/०६/२७ मा जि.प्र.का. भक्तपुरवाट जारी भएको) पति : तेज बहादुर खड्का, ससुरा : जनक बहादर खड्का **२. तेज बहादुर खड्का** (ना.प्र.नं. ३६४१९६०७, मिति २०४८/१२/२३ मा जि.प्र.का. सर्लाहीवाट जारी भएको), बाबु : जनक बहादर खड्का, बाजे : रण बहादर खड्का
२.	**ऋणी : मिनादेवी दुलाल (घर कर्जा) -शाखा कार्यालय इटहरी** (ना.प्र.नं. क६९७१२२७, मिति २०६२/०३/३० मा जि.प्र.का.झापावाट जारी भएको), ठेगाना : पाँचगाछी ०६, झापा हाल सुन्दर दुलारी ११, मोरङ्ग पति : कुमार प्रसाद खतिवडा, ससुरा : बलराम खतिवडा **व्यक्तिगत जमानीकर्ता :** **कुमार प्रसाद खतिवडा** (ना.प्र.नं.१५२१३, मिति २०६०/०१/०५ मा जि.प्र.का. मोरङ्ग, रंगेलीबाट जारी भएको), बाबु: बलराम खतिवडा, बाजे: हरि प्रसाद खतिवडा
३.	**ऋणी : बबिन जङ्ग रायमाझी/रबिन रायमाझी (धितो कर्जा) -शाखा कार्यालय इटहरी,** ठेगाना : हसन्दह ०३, मोरङ्ग हाल सुन्दहरैचा १०, सुनसरी **क) बबिन जङ्ग रायमाझी** (ना.प्र.नं. ब. ०५३०६२/६६०, मिति २०६३/११/२३ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) बाबु : गोविन्द बहादुर रायमाझी, बाजे : छत्र बहादुर रायमाझी **ख) रबिन रायमाझी** (ना.प्र.नं. ब. ०५३०६२/६६१, मिति २०६३/११/२३ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको), बाबु : गोविन्द बहादुर रायमाझी, बाजे : छत्र बहादुर रायमाझी **व्यक्तिगत जमानीकर्ता :** **सविता भट्टराई** (ना.प्र.नं. ०५१७७०/००९००, मिति २०७०/०२/१४ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) बाबु : इन्द्र बहादुर भट्टराई, पति : बबिन जङ्ग रायमाझी, ससुरा : गोविन्द बहादुर रायमाझी
४.	**ऋणी : सिताराम अहिर र सुभावती अहिर (लघु आवधिक कर्जा) -शाखा कार्यालय तौलिहवा,** ठेगाना : गोटीहवा ०८, कपिलवस्तु **क) सिताराम अहिर** (ना.प्र.नं.३/६५५, मिति २०४६/०१/१० मा जि.प्र.का. कपिलवस्तुवाट जारी भएको), बाबु : सर्जु प्रसाद अहिर, बाजे : ललित अहिर **ख) सुभावती अहिर** (ना.प्र.नं. १३८१, मिति २०३७/०४/२८ मा जि.प्र.का.कपिलवस्तुवाट जारी भएको), पति : सर्जु प्रसाद अहिर, ससुरा : ललित अहिर
५.	**ऋणी : आर.के. पलाष्टिक (विविध कर्जा) -शाखा कार्यालय विराटनगर** प्रा.फा.र.नं. : २५८६२/०७०/०७१, ठेगाना : विराटनगर १४, मोरङ्ग **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. शेखर साह -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.८१५७७, मिति २०६०/१२/०६ मा जि.प्र.का.मोरङ्गवाट जारी भएको) बाबु : द्वारिका साह हल्वाई, बाजे : रामेश्वर साह **२. राज कुमारी देवी साह हल्वाई -जमानीकर्ता** (ना.प्र.नं. ६४७, मिति २०४६/०२/३० मा जि.प्र.का.मोरङ्गवाट जारी भएको) पति : द्वारिका साह हल्वाई, ससुरा : रामेश्वर साह
६.	**ऋणी : दुर्गा बहादुर पोडे (लघुवित्त/विपन्न वर्ग कर्जा) -शाखा कार्यालय नयाँ बानेश्वर,** (ना.प्र.नं. १५२५३, मिति २०५६/०१/११ मा जि.प्र.का. काठमाडौंवाट जारी भएको), ठेगाना : सबलबहाल २१, काठमाडौं बाबु : भाईचा पोडे, बाजे : जय कापचा पोडे **व्यक्तिगत जमानीकर्ता :** **सुनिता पोडे** (ना.प्र.नं. ६७४१, मिति २०४९/१२/२२ मा जि.प्र.का.काठमाडौंवाट जारी भएको), पति : दुर्गा बहादुर पोडे, ससुरा : भाईचा पोडे
७.	**ऋणी : भगवती अधिकारी पराजुली (हायर पर्चेज कर्जा) -शाखा कार्यालय इटहरी** (ना.प्र.नं. ६०५३५/२३१०, मिति २०५८/०२/३० मा जि.प्र.का. इलामबाट जारी भएको), ठेगाना : पञ्चकन्या ०४, इलाम पति : लक्ष्मण अधिकारी, ससुरा : होम नाथ अधिकारी **व्यक्तिगत जमानीकर्ता :** **लक्ष्मण अधिकारी** (ना.प्र.नं. ३४४/४५७, मिति २०४३/१०/१० मा जि.प्र.का. इलामबाट जारी भएको), बाबु : होम नाथ अधिकारी, बाजे : काशीनाथ अधिकारी
८.	**ऋणी : हरि बहादुर कार्की (धितो अधिविकर्ष कर्जा) -शाखा कार्यालय इटहरी,** (ना.प्र.नं. ०६ ६७३६/१८९(क), मिति २०४०/०५/१९ मा जि.प्र.का. सुनसरीबाट जारी भएको), ठेगाना : झुम्का ०५, सुनसरी बाबु : कर्ण बहादुर कार्की, बाजे : नर ध्वज कार्की **व्यक्तिगत जमानीकर्ता :** **राधा देवी कार्की** (ना.प्र.नं. २५४/३७४६, मिति २०४४/१०/२० मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) बाबु : पहलमान कार्की, पति : हरि बहादुर कार्की, ससुरा : कर्ण बहादुर कार्की
९.	**ऋणी : कमला किराना पसल (अधिविकर्ष कर्जा) -शाखा कार्यालय इटहरी** प्रा.फ.र.नं. : ९२५७/०७७/०७८,ठेगाना : इटहरी १०, सुनसरी **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. सन्तोष थापा -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ०६१००६/१३८८३३, मिति २०६६/०३/०१ मा जि.प्र.का.सुनसरीबाट जारी भएको) बाबु : लेखत बहादुर थापा, बाजे : बिग बहादुर थापा **२. गरिमा राउत -जमानीकर्ता** (ना.प्र.नं. ०६-०१-७१-०९७४६, मिति २०७१/१०/१३ मा जि.प्र.का. सुनसरीबाट जारी भएको) पति : सन्तोष थापा, ससुरा : लेखत बहादुर थापा **३. कमला थापा -जमानीकर्ता** (ना.प्र.नं. ०७३०३२/६११, मिति २०६३/११/०२ मा जि.प्र.का. धनकुटाबाट जारी भएको) पति : लेखत बहादुर थापा, ससुरा : बिग बहादुर थापा
१०.	**ऋणी : क्लासिक किचेन (लघु आवधिक कर्जा) -शाखा कार्यालय टाँडी** दर्ता.नं. : ४४/०७५/०७६, ठेगाना : रत्ननगर ०७, चितवन **प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :** **१. गीता कुमारी पाण्डे -प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं.२५२/१३५०, मिति २०६१/०१/२० मा जि.प्र.का.बारावाट जारी भएको) पति : पुरुषोत्तम दुवाडी, ससुरा : यम बहादुर दुवाडी **२. पुरुषोत्तम दुवाडी -जमानीकर्ता** (ना.प्र.नं. ३५ १८१०/०४४, मिति २०६१/०३/०३ मा जि.प्र.का. चितवनवाट जारी भएको) बाबु : यम बहादुर दुवाडी, बाजे : लिलानाथ दुवाडी **३. हरि माया दवाडी -जमानीकर्ता** (ना.प्र.नं.६६५/०४४/०४५, मिति २०४६/०२/२२ मा जि.प्र.का. चितवनबाट जारी भएको) पति : यम बहादुर दुवाडी, ससुरा : लिलानाथ दुवाडी
११.	**ऋणी : विनाश कुमार राई (हायर पर्चेज कर्जा) -शाखा कार्यालय इटहरी,** (ना.प्र.नं. स.खो.(५), मिति २०४५/०१/१० मा जि.प्र.का.खोटाङ्गबाट जारी भएको), ठेगाना : फाक्टाङ्ग ०१, खोटाङ्ग, बाबु : जंगीश्वर राई, बाजे : भद्रध्ज राई **व्यक्तिगत जमानीकर्ताहरु :** **१. रुपा राई** (ना.प्र.नं. ०५३१७३८९, मिति २०५३/०८/०२ मा जि.प्र.का.झापावाट जारी भएको), पति : विनाश कुमार राई, ससुरा : जंगीश्वर राई **२. सुजल राई** (ना.प्र.नं. ०६-०१-७४-००३४१, मिति २०७४/०१/१२ मा जि.प्र.का.सुनसरीबाट जारी भएको) बाबु : विनाश कुमार राई, बाजे : जंगीश्वर राई
१२.	**ऋणी : कृष्ण बहादुर नगरकोटी (लघुवित्त/विपन्न वर्ग कर्जा) -शाखा कार्यालय नयाँ बानेश्वर,** (ना.प्र.नं. २/३२८८, मिति २०४५/०२/११ मा जि.प्र.का.धादिङ्गवाट जारी भएको), ठेगाना : का.म.न.पा. ३१, काठमाडौं बाबु : जगत बहादुर नगरकोटी, बाजे : भक्त बहादुर नगरकोटी **व्यक्तिगत जमानीकर्ता :** **सुकुमाया नगरकोटी** (ना.प्र.नं. २६ २/७८५-०४४/४५, मिति २०४५/०१/२८ मा जि.प्र.का.धादिङ्गवाट जारी भएको) पति : कृष्ण बहादुर नगरकोटी, ससुरा : जगत बहादुर नगरकोटी

■ नेपालगन्ज भन्सारको राजस्व संकलन खस्किँदो

गत आवमा लक्ष्यभन्दा करिब सात अर्ब कम संकलन

बाँकेमा **विश्वराज पछल्डङ्ग्या**

गत आर्थिक वर्ष ०८१/८२ मा नेपालगन्ज भन्सार कार्यालयले लक्ष्यभन्दा २५.३६ प्रतिशत कम राजस्व संकलन गरेको छ। सरकारले नेपालगन्ज भन्सारलाई २७ अर्ब १८ करोड ३५ लाख ८९ हजार रुपैयाँ संकलन गर्ने लक्ष्य दिएको थियो। तर, गत आवमा कार्यालयले २० अर्ब २८ करोड सात लाख मात्रै राजस्व संकलन गरेको हो। यो कुल लक्ष्यको ७४.६४ प्रतिशत मात्रै हो।

कार्यालयका प्रमुख भन्सार अधिकृत जनार्दन पौडेलले लक्ष्यभन्दा ६ अर्ब ८९ करोड ६३ लाख ८९ हजार रुपैयाँ कम राजस्व संकलन भएको बताए। गत दुई आर्थिक वर्षदेखि लगातार लक्ष्यभन्दा कम राजस्व असुली गरेपछि राजस्व विभागले चालू आर्थिक वर्षका लागि लक्ष्य घटाएको उनले बताए। लक्ष्यअनुसार राजस्व संकलन गर्न नसकेको भएपनि अघिल्लो आर्थिक वर्षको तुलनामा भने बढेको देखिन्छ। 'अघिल्लो आर्थिक वर्षको तुलनामा दुई अर्ब १२ करोड ९९ लाख अर्थात् ११.७३ प्रतिशत बढी राजस्व संकलन भएको छ,' उनले भने। अघिल्लो आवमा १८ अर्ब १५ करोड ७२ लाख असुली भएको थियो। चालू आवमा २४ अर्ब रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य कार्यालयले पाएको पौडेलले जानकारी दिए।

भन्सार कार्यालयपरिसरमा रहेका सामान तथा गाडीको लिलाम बिक्री गरी तीन करोड ७६ लाख रुपैयाँ संकलन भएको छ। नेपालगन्ज हुँदै जडीबुटी र प्लाइउड निर्यात बढ्दा अघिल्लो आवको तुलनामा गत आवमा राजस्व बढेको उनले बताए। निर्यातबाट वार्षिक दुई करोड ९० लाख रुपैयाँ राजस्व संकलन भएको उनको भनाइ छ।

प्रमुख भन्सार अधिकृत पौडेलका अनुसार सबैभन्दा बढी खयर कत्था निर्यातबाट राजस्व संकलन भएको छ।

■ हबिबको सेयर हत्याउने हिमालयन रि-इन्स्योरेन्सको 'सेटिङ' विफल

हिमालयन बैंकको सेयर नेसनल लाइफलाई बेच्न हबिब सहमत

सेप्टेम्बरसम्ममा सेयर खरिद-बिक्री सम्पन्न गर्ने गरी प्रक्रिया अघि बढ्यो


पवन तिमिल्सिना/नयाँ पत्रिका

हिमालयन बैंकमा रहेको पाकिस्तानी बैंक हबिबको सेयर संस्थापक हकदारहरूबाट उम्काएर हत्याउने हिमालयन रि-इन्स्योरेन्स समूहको 'सेटिङ' अन्ततः विफल भएको छ। सबैभन्दा बढी मूल्य कबोल गरेको नेसनल लाइफ इन्स्योरेन्सलाई आफ्नो सेयर बेच्न पाकिस्तानी बैंक हबिब सहमत भएको छ।

गत ३० जेठमा हबिबले प्रतिकित्ता न्यूनतम एक सय १२ रुपैयाँ आठ पैसाका दरले दुई करोड ८० लाख १२ हजार चार सय ४७ दशमलव ४५ कित्ता सेयर बिक्रीमा राखेको थियो। सबैभन्दा बढी कबोल गर्ने नेसनल लाइफ इन्स्योरेन्सलाई सेयर बेच्न हबिब सकारात्मक रहेको सन्देश पठाएको हिमालयन बैंकका प्रमुख कार्यकारी अधिकृत अशोक राणाले जानकारी दिए।

उनले भने, 'नेसनल लाइफ इन्स्योरेन्स संस्थापक भएका कारण स्वाभाविक हकदार थियो। उसले गरेको कबुल रकम बढी छ। त्यसमा हबिब सकारात्मक देखियो। नेसनलसँग कारोबार गर्न अघि बढ्ने हबिबले जानकारी गराएको छ।' नेसनलले हबिबको पूरै सेयर प्रतिकित्ता ११८.८८ रुपैयाँमा खरिद गर्ने भन्दै आवेदन दिएको थियो। प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सले प्रतिकित्ता एक सय १५ रुपैयाँका दरले दुई लाख ५० हजार कित्ता मात्रै सेयर किन्न निवेदन दिएको थियो। अर्का एकजना व्यक्तिलले २५ लाख कित्ता सेयरका लागि निवेदन दिएका थिए। ती व्यक्तिले प्रतिकित्ता एक सय १६ रुपैयाँका दरले मूल्य तिर्ने प्रस्ताव गरेका थिए। बढी मूल्यमा नेसनल लाइफले सेयर किन्ने भएपछि उसको दाबीलाई हबिबले स्विकारेको हो।

हिमालयन बैंकका सिइओ अशोक राणा भन्छन्-



नेसनल लाइफ इन्स्योरेन्स संस्थापक भएका कारण स्वाभाविक हकदार थियो। उसले गरेको कबुल रकम बढी छ। त्यसमा हबिब सहमत भयो। नेसनलसँग कारोबार गर्न अघि बढ्ने हबिबले जानकारी गराएको छ।

गत ३० जेठमा हिमालयन बैंकले पाकिस्तानको हबिब बैंकको स्वामित्वमा रहेको दुई करोड ८० लाख १२ हजार ४४७.४५ कित्ता सेयर संस्थापक सेयरधनीका लागि बिक्रीमा राखेको थियो। नेपाल राष्ट्र बैंकले पहिलो प्राथमिकता संस्थापक सेयरधनीलाई दिनुपर्ने व्यवस्था गरेको छ। प्रतिकित्ता एक सय १२ रुपैयाँ आठ पैसा मूल्य तोकी बिक्रीमा राखिएको यस्तो सेयरमा संस्थापन सेयरधनीले आवेदन दिने समय १ साउनसम्म राखिएको थियो। म्यादसम्म संस्थापक सेयरधनीले आवेदन नदिएमा अन्य व्यक्ति वा संस्थालाई सेयर बेच्न पाउने व्यवस्था छ। सोही व्यवस्थाको दुरुपयोग गर्दै सबै संस्थापकलाई सेयर किन्नबाट रोकेर हिमालयन रि-इन्स्योरेन्समा लगानी गर्ने मुख्य समूहले हिमालय बैंकको सो सेयर हत्याउने प्रयास गरेको थियो। उक्त समूहले पुँजीगत लाभकरसमेत छल्ने गरी सेयर हत्याउने प्रयास गरेको थियो। तर, नेसनल लाइफले सेयर खरिदमा आवेदन गरेपछि उक्त समूहको प्रयास विफल भएको हो।

अब नियामकीय व्यवस्थाअनुसार सेयर खरिद-बिक्रीका प्रक्रियाहरू अघि बढ्नेछ। 'खरिद र बिक्री गर्ने कार्यमा उहाँहरू नै सक्रिय हुनुपर्नेछ। त्यसमा बैंकले सहजीकरण गरिदिनेछ,' उनले भने, 'अब नेपाल राष्ट्र बैंक, धितोपत्र बोर्ड नेपाल र नेपाल बिमा प्राधिकरणका नियामकीय व्यवस्थाअनुसारका प्रक्रिया अघि बढ्नेछन्।' आगामी सेप्टेम्बरसम्ममा सेयर खरिद-बिक्रीको काम सम्पन्न हुने अनुमान गरेको उनले बताए। हालसम्म हिमालयन बैंकमा संस्थापक र साधारण सेयर गरेर १.२५ प्रतिशत नेसनल लाइफको स्वामित्व कायम छ। हबिबको सेयर किनेपछि यो बैंकमा नेसनल लाइफको १४.१८ प्रतिशत स्वामित्व कायम हुनेछ। हबिब र नेसनल लाइफ सेयर खरिद-बिक्रीमा सकारात्मक भएसँगै दीपक भट्ट र शंकर अग्रवाल आबद्ध रहेको हिमालयन रि-इन्स्योरेन्स समूहको सेटिङ भत्किएको छ। यद्यपि, अरू निकायमा सेयर खरिद-बिक्रीको प्रक्रिया बाँकी रहेकाले त्यसमा पनि हिमालयन रि-इन्स्योरेन्स समूहले चलखेल गर्ने जोखिम उत्तिकै रहेको राष्ट्र बैंक स्रोतको भनाइ छ।

फर्च्युन ग्लोबल सूचीको ९१औँ स्थानमा बिवाइडी

काठमाडौं/ इभी गाडी बिवाइडी सन् २०२५ को फर्च्युन ग्लोबल सूचीको ९१औँ स्थानमा परेको छ। सूचीमा रहेका कुल पाँच सय कम्पनीमध्ये चिनियाँ अटोमेकर बिवाइडी पहिलोपटक शीर्ष सयभित्र परेको हो। सन् २०२४ मा १४३औँमा परेको बिवाइडी सन् २०२२ यता बिवाइडी फर्च्युन ग्लोबलको सूचीमा लगातार पर्दै आएको छ। हालको यो उपलब्धि नवप्रवर्तन र अन्तर्राष्ट्रियस्तरमा भइरहेको बिवाइडीको विस्तारप्रतिको प्रतिबद्धतालाई झल्काउने कम्पनीको भनाइ छ।



कम्पनीले गत वर्ष सात खर्ब ७७ अर्ब चिनियाँ युआन (१४ खर्ब ३८ अर्ब रुपैयाँ)बराबरको वार्षिक आम्दानी गरेको थियो। यो बिवाइडीको आम्दानीमा २९ प्रतिशतको वृद्धि हो। त्यस्तै, कम्पनीले सन् २०२४ मा न्यु इनर्जी भेहिकल (एनइभी)को बिक्रीमा पनि नयाँ रेकर्ड हात पारेको थियो। बिवाइडीले गत वर्ष ४२ लाख ७० हजार युनिट न्यु इनर्जी भेहिकल बेचेको जनाएको छ, जुन ४१ प्रतिशतको वार्षिक वृद्धि हो।

यस वर्ष ग्लोबलाइजेसन र लोकलाइजेसनलाई आक्रामक ढंगले विस्तार गर्दै लगेको कम्पनीले एक करोड ३० लाख युनिट सवारीसाधन उत्पादन गरी महत्त्वपूर्ण कोसेढुंगा (माइलस्टोन) हासिल गरेको छ। यो वर्षको पहिलो ६ महिनामा बिवाइडीले उत्पादन गरेका पेसेन्जर भेहिकल र पिकअप ट्रकको ओभरसिज (चीनबाहिर) बिक्री चार लाख ७० हजार थानभन्दा बढी पुगिसकेको छ। हालका दिनसम्म बिवाइडीका न्यु इनर्जी भेहिकल विश्वका एक सय १२ देशमा उपलब्ध छन्।

हुन्डाई 'फेस्टिभ डिलाइट' योजनाको विजेता घोषणा

काठमाडौं/ लक्ष्मी इन्टरकन्टिनेन्टलले गत वर्ष सञ्चालनमा ल्याएको 'हुन्डाई फेस्टिभ डिलाइट ०८१' बम्पर योजनाको विजेता घोषणा गरेको छ। उक्त योजनाको विजेता बनेको कुबेर कन्स्ट्रक्सन प्रालिले हुन्डाई भेन्यु १.२ प्राप्त गरेको छ। विजेता घोषणा कार्यक्रम हुन्डाईका प्रतिनिधिका साथै विजेता कन्स्युमार आई नेपालकी अध्यक्ष विमला खनालको संयोजकत्वमा सम्पन्न गरिएको थियो।



कम्पनीले दसैं-तिहारको अवसर पारी गत ६ भदौदेखि २३ कात्तिकसम्म योजना सञ्चालन गरेको थियो। योजनामा ग्राहकलाई आकर्षक नगद छुट, एक लाख रुपैयाँसम्मको स्क्र्याच कार्ड, एक वर्षको सडक कर भुक्तानी, एक वर्षको कम्प्रेहेन्सिभ बिमालगायतका सुविधा प्रदान गरेको थियो।

मानवसेवा आश्रमलाई एनएमबि बैंकले दियो सोलार सामग्री



काठमाडौं/ एनएमबि बैंकले गण्डकी प्रदेशको मानवसेवा आश्रमलाई एक हजार लिटरको सोलार तथा बत्तीहरू हस्तान्तरण गरेको छ। सोलार सामग्री हस्तान्तरण कार्यक्रमको उद्घाटन गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुदमन्त्री विन्दुकुमार थापाले गरेका थिए।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द घिमिरे, संस्थापक सेयरधनीहरू राजेन्द्रकुमार बाटाजु, प्राडा हरि पाठक, शालिकराम घिमिरे, विमलबहादुर कुँवर, ओमकुमार मुल्मीका साथै आश्रमका संस्थापक रामजी अधिकारीलगायतको उपस्थिति थियो।

बैंकका तर्फबाट संस्थापक सेयरधनी, सिइओ, डिसिइओलगायतले उक्त सामग्री हस्तान्तराण गरेका थिए। बैंकले दिगो विकासलाई प्राथमिकता दिँदै साउन महिनालाई ग्रिन मन्थका रूपमा मनाइरहेको छ। सोही अभियानअन्तर्गत यो कार्यक्रम सञ्चालन गरिएको बैंकको भनाइ छ। देशभर फैलिएका दुई सय दुई शाखा, एक सय ८७ एटिएम र नौ एक्सटेन्सन काउन्टरमार्फत बैंकले वित्तीय सेवा दिँदै आएको छ।

युनाइटेड इदी मर्दीको बिक्री प्रबन्धकमा ग्लोबल आइएमई क्यापिटल

काठमाडौं/ युनाइटेड इदी मर्दी एन्ड आरबी हाइड्रोपावरको हकप्रद सेयर निष्कासक तथा बिक्री प्रबन्धकमा ग्लोबल आइएमई क्यापिटल नियुक्त भएको छ। कम्पनीको गत ११ चैतको साधारणसभाले १:१ अनुपातमा हकप्रद सेयर निष्कासन गर्न प्रस्ताव पारित गरेको थियो। सोही कार्यका लागि बुधबार एक कार्यक्रमबिच द्विपक्षीय सम्झौता गरी क्यापिटललाई नियुक्त गरिएको हो। सम्झौतापत्रमा युनाइटेड इदी मर्दीका तर्फबाट प्रबन्ध निर्देशक रोशन केसी र क्यापिटलका प्रमुख कार्यकारी अधिकृत मन्दीप लुइँटेलले हस्ताक्षर गरे।

तीन वर्षदेखि नगद लाभांश तथा बोनस सेयर वितरण गर्दै आएको यस कम्पनीको अधिकृत पुँजी एक अर्ब रहेको छ। हकप्रद निष्कासनपश्चात् कम्पनीको जारी तथा चुक्ता ९२.१६ करोड रुपैयाँ हुने बताइएको छ। हकप्रदबाट प्राप्त रकम अन्य जलविद्युत् परियोजनामा लगानी गर्ने कम्पनीको योजना छ।

मेटलाइफ नेपाललाई 'ग्रेट प्लेस टु वर्क' प्रमाणपत्र

काठमाडौं/ मेटलाइफ नेपालले 'ग्रेट प्लेस टु वर्क'को मान्यता प्राप्त गरेको छ। सर्भेमा भाग लिएका ३३ वटा मेटलाइफ कार्यालयसँगै मेटलाइफ नेपाल यो सूचीमा समावेश भएको हो। यो उपलब्धिले मेटलाइफको निरन्तर प्रतिबद्धतालाई झल्काउने बताउँदै कम्पनीले सबै कर्मचारी सम्मानित, सुरक्षित र प्रेरित महसुस गर्ने जनाएको छ।

गत महिना मेटलाइफका विश्वभर ३३ बजारका २४ हजारभन्दा बढी कर्मचारीले ग्रेट प्लेस टु वर्क इन्डेक्स सर्वेक्षणमा सहभागिता जनाएका थिए, जुन विश्वव्यापी रूपमा कर्मचारी अनुभव मापन गर्ने एक उच्च मापदण्डका रूपमा मानिन्छ। नेपालले ग्लोबल बेन्चमार्कभन्दा उच्च परिणाम हासिल गरी मेटलाइफको साझा उद्देश्य, समावेशिताप्रतिको प्रतिबद्धता र सकारात्मक कार्यसंस्कृतिको प्रतिबिम्ब देखाउने बताइएको छ।

'यो मान्यता केवल एउटा उपलब्धि होइन, हामीले सँगै निर्माण गरेको संस्कृतिको प्रमाण हो,' मेटलाइफ नेपालका उपाध्यक्ष तथा महाप्रबन्धक निर्मलकाजी श्रेष्ठले भने, 'जब कर्मचारीले आफूलाई सम्मान गरिएको महसुस गर्छन्, उनीहरू आफ्नो उत्कृष्ट योगदान दिन सक्षम हुन्छन्।'

राष्ट्रिय परिचयपत्र (NID) विवरण अद्यावधिक गर्ने बारे अत्यन्त जरुरी सूचना ! ! !

यस बैंकमा खाता रहेका र हालसम्म राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गर्न बांकी रहेका सम्पूर्ण खातावाल महानुभावहरुले यथाशिघ्र आफूलाई पायक पर्ने बैंकको जुनसुकै शाखा कार्यालयमा सम्पर्क गरी आफ्नो राष्ट्रिय परिचयपत्रको विवरण अद्यावधिक गर्नहुन अनुरोध गर्दछौं। साथै राष्ट्रिय परिचयपत्र (NID) विवरण अद्यावधिक नभएका खाता रोक्का राख्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

NIMB नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

केन्द्रिय कार्यालय, दरबारमार्ग, काठमाडौं
फोन नं. : ०१-५३२८२२९, ०१-५३४२५३०
इमेल : info@nimb.com.np
ग्राहक सहायता कक्ष:
फोन नं. : ०१-५९७०७८५, ०१-४५४५४८१
९८५११४७८२९, ९८५११४५८२२
टोल फ्री : १६६००१२५२०५
इमेल : helpdesk@nimb.com.np

Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation
Integrated River Basin Irrigation and Water Resources Management Program
Pulchowk, Lalitpur

Notice for Letter of Intention (LoI)

Date of Publication: August 5, 2025 (Shrawan 20. 2082)

This is to notify all the bidders who submitted their bids as per notice of Invitation for Bids published on 2082/02/07 in 'Naya Patrika' National Daily that **Integrated River Basin Irrigation and Water Resources Management Program** expresses its intention to award following contracts to the lowest evaluated substantially responsive bids submitted by the bidders listed in the table below pursuant to Public Procurement Act 2063, sub clause 27.2 and 27.3.

S.N.	Contract ID	Bid Amount NRs. (Excluding VAT)	Lowest Evaluated Substantially Responsive Bidder
1	Works-Chainpur-NCB-2081/82-01	90,00,968.80	M/S Balali Nirman Sewa, Sankhuwasabha
2	Works-Dharmadevi-NCB-2081/82-02	68,12,215.70	M/S Ishak Green Construction and Suppliers P. Ltd, Kathmandu
3	Works-Khandbari-NCB-2081/82-03	34,11,016.40	M/S Shresas Construction and Suppliers P. Ltd., Sankhuwasabha
4	Works-Panchkhapan-NCB-2081/82-04	77,66,022.80	M/S Ishak Green Construction and Suppliers P. Ltd., Kathmandu
5	Works-MDRUIP-NCB-2081/82-05	27,92,449.41	M/S Riyansh Infrastructure and Developers P. Ltd., Nuwakot

Project Director

कुमारी बैंक लिमिटेडको धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीको लागि १५ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना

(प्रकाशित मिति २०८२/०४/२० गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसंग भएको ऋणकर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गरेको हुनाले निज ऋणीहरुलाई सम्पूर्ण कर्जा, सो कर्जाको ब्याज, पेनाल ब्याज तथा अन्य दै दस्तुरहरु तिर्न बुझाउनको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत निज ऋणीहरुले प्राप्त ऋणकर्जाको बैंकलाई तिर्न बुझाउनु पर्ने ऋणकर्जाको साँवा, ब्याज, पेनाल ब्याज आदि चुक्ता भुक्तान नगरेकाले बैंकलाई कर्जाको सुरक्षण बापत धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित सम्पत्ति तथा सोको लिगलगापातहरु समेत जहां जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा बिक्री गर्न यो १५ दिने लिलाम सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको **मितिले १६ औं दिन अर्थात मिति २०८२ भदौ ०४ गते बुधबार** का दिन सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गरिने भएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको अचल सम्पत्तिहरु सकार गरी लिन ईच्छुक महानुभावहरुले देहायका शर्तबन्देजहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र दिन सक्नुहुनेछ।

तपसिल

डडेल्धुरा शाखा

१. ऋणीको विवरण

प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम, नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणीज्य विभाग, घरेलु तथा साना उद्योग विकास समिति डडेल्धुरा मा मिति २०७३/०८/२९ मा प्रा.फा.र.नं. १०७/१२३२/०७३/०७४ कायम भई दर्ता रहेको डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं. ०५ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री साउद अटोमोटिव्स।**
प्रोप्राइटर: गीतान्जली साउद

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **गणेश बहादुर साउद**
ना.प्र.नं.- २१९६
जारी मिति - २०५०/०२/२७, जि.प्र.का. डडेलधुरा
बाबु - हर्क बहादुर साउद
बाजे - नवल सिंह साउद
स्थायी ठेगाना- डडेल्धुरा जिल्ला, घटाल डोटी गा.वि.स. वडा नं. ०९,
हालको ठेगाना- डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ०५

२. **गीतान्जली साउद**
ना.प्र.नं.- २३४५,
जारी मिति - २०५६/११/२६, जि.प्र.का. डडेलधुरा
पति - गणेश बहादुर साउद
ससुरा –हर्क बहादुर साउद
स्थायी ठेगाना- डडेल्धुरा जिल्ला, अमरगढी न.पा, वडा नं. ०३
हालको ठेगाना- डडेल्धुरा जिल्ला अमरगढी न.पा. वडा नं. ०५

लिलाम हुने सम्पतिको विवरण

१. **गीतान्जली साउद**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, अमरगढी खलंगा गा.वि.स./न.पा. वडा नं. १ख स्थित कित्ता नं. ५२९ र ६०४ को क्षे.फ. क्रमश: १–१५–१–३ र ०–७–०–० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. **गीतान्जली साउद**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, अमरगढी खलंगा गा.वि.स./न.पा. वडा नं. ६ख स्थित कित्ता नं. ८८५ र १११२ को क्षे.फ. क्रमश: ०–२–३–१ र ०–१–१–० (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
३. धनी कुमारी बैक लि. र ऋणी **श्री साउद अटोमोटिव्स** कायम भई रहेको चेसिस नं. MA1NN2ET1K2K57705, इन्जिन नं. ETKZK74659, सवारी नं. सु.प.प्र ०४-००१ च ०१११ को Mahindra XUV 300 W8 (O) DSL थान १

२. ऋणीको विवरण

नरेश बहादुर बिष्ट
ना.प्र.नं.- ७४१०२१/१५३
जारी मिति - २०६६/०४/०४, जि.प्र.का. डडेल्धुरा
बाबु -धन बहादुर बिष्ट
बाजे - करन सिंह बिष्ट
स्थायी ठेगाना- डडेल्धुरा जिल्ला, अजयमेरु गा.पा. वडा नं. ०१, (साविक समैजी गा.वि.स. वडा नं. ०८)
हालको ठेगाना- डडेल्धुरा जिल्ला, अमरगढी न.पा वडा नं. ०५

लिलाम हुने सम्पतिको विवरण

१. **नरेश बहादुर बिष्ट**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डढेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं ०८ (साविक भुमिराज गा.वि.स. वडा नं. ५) स्थित कित्ता नं. १६४ को क्षे.फ. ३–०–३–२ (रोपनी) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **धन बहादुर बिष्ट**
ना.प्र.नं.- ६०५
जारी मिति - २०७५/०७/०१, जि.प्र.का. डडेल्धुरा
बाबु - करन सिंह बिष्ट
बाजे - धौल सिंह बिष्ट
स्थायी ठेगाना- डडेल्धुरा जिल्ला, अजयमेरु गा.पा. वडा नं. ०१, (साविक समैजी गा.वि.स. वडा नं. ०८)
हालको ठेगाना- डडेल्धुरा जिल्ला, अजयमेरु गाउपालिका वडा नं. ०१

२. **हिरा महरा**
ना.प्र.नं.- ७४–०१–७१–०२९९७
जारी मिति - २०७१/१०/१३, जि.प्र.का. डडेल्धुरा
पति - नरेश बहादुर बिष्ट
ससुरा - धन बहादुर बिष्ट
स्थायी ठेगाना- डडेल्धुरा जिल्ला, अशिग्राम गा.वि.स वडा नं. ०८,
हालको ठेगाना- डडेल्धुरा जिल्ला, अमरगढी न.पा वडा नं. ०५

३. **टेक बहादुर बिष्ट**
ना.प्र.नं.- ७४१०२१/६३
जारी मिति - २०६५/०३/१२, जि.प्र.का. डडेलधुरा
बाबु -धन बहादुर बिष्ट
बाजे - करन सिंह बिष्ट
स्थायी ठेगाना- डडेल्धुरा जिल्ला, अजयमेरु गाउपालिका वडा नं. ०१, (साविक समैजी गा.वि.स. वडा नं. ०८)
हालको ठेगाना- डडेल्धुरा जिल्ला, अमरगढी न.पा वडा नं. ०५

३. ऋणीको विवरण

टोप बहादुर ऐर
ना.प्र.नं.- २७५
जारी मिति - २०६१/१०/०८, जि.प्र.का. डडेल्धुरा
बाबु -कर्ण बहादुर ऐर
बाजे - तारी ऐर
स्थायी ठेगाना - डडेल्धुरा जिल्ला, अमरगढी न.पा वडा नं. ०१

लिलाम हुने सम्पतिको विवरण

१. **कर्ण बहादुर ऐर**को नाममा मालपोत कार्यालय, डडेल्धुरामा दर्ता कायम रहेको डडेल्धुरा जिल्ला, अमरगढी न.पा. वडा नं ०१ (साविक घटाल गा.वि.स. वडा नं. १ च)स्थित कित्ता नं. ११ को क्षे.फ. ४–१०–३–२ (रोपनी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **इश्वरी देवी ऐर**
ना.प्र.नं.- ७४१००१/१०२
जारी मिति - २०६४/०२/०७, जि.प्र.का. डडेल्धुरा
बाबु - उदव सिह शाह
पति - टोप बहादुर ऐर
ससुरा - कर्ण बहादुर ऐर
स्थायी ठेगाना-डडेल्धुरा जिल्ला, अमरगढी न.पा वडा नं. ०१
हालको ठेगाना- ऐ.ऐ

२. **कर्ण बहादुर ऐर**
ना.प्र.नं.- १६१७
जारी मिति - २०४५/१०/१५, जि.प्र.का. डडेल्धुरा
बाबु - तारी ऐर
बाजे - जसी ऐर
स्थायी ठेगाना- डडेल्धुरा जिल्ला, सहस्रलिङ्ग गा.वि.स वडा नं. ०९,
हालको ठेगाना- डडेल्धुरा जिल्ला, अमरगढी न.पा वडा नं. ०१

दमक, झापा शाखा

१. ऋणीको विवरण

कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७७/१२/०९ मा दर्ता नं. २५९८०९/०७७/०७८ कायम भई दर्ता रहेको झापा जिल्ला, दमक न.पा. वडा नं. ०८ स्थित रजिष्टर्ड कार्यालय रहेको **पलेटी ग्रुप प्रा.लि.**
सञ्चालक - टिकाराम खनाल

लिलाम हुने सम्पतिको विवरण

१. **टिकाराम खनाल**को नाममा मालपोत कार्यालय, दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, तोपगाछी गा.वि.स. वडा नं. ०१ स्थित कित्ता नं. ५९१६, ३९९३ र ४२६६ को क्षे.फ. क्रमश: ०-२-०-०, ०-२-०-० र ०-११-० (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।
२. **कुवेर नाथ खनाल**को नाममा मालपोत कार्यालय, दमक, झापामा दर्ता कायम रहेको झापा जिल्ला, तोपगाछी गा.वि.स. वडा नं. ०१ स्थित कित्ता नं. ४२६७, ४२६८ र ६३२२ को क्षे.फ. क्रमश: ०-११-०-०, ०-५-० र ०-१-५$^{1/2}$ (वि.क.धु) जग्गा तथा सोको सम्पुर्ण लिगलगापातहरु समेत।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण

१. **टिकाराम खनाल**
ना.प्र.नं.- २९११६
जारी मिति - २०६१/०६/२१ जि.प्र.का. झापा
बाबु - कुबेरनाथ खनाल
बाजे- नरपति खनाल
पत्नी- दिपा सापकोटा
स्थायी ठेगाना- झापा जिल्ला, कमल गा.पा. वडा नं. ०१
हालको ठेगाना- झापा जिल्ला, दमक न.पा. वडा नं. ०२

२. **दिपा सापकोटा**
ना.प्र.नं.- ३०-०१-७०-१११०४
जारी मिति - २०७०/१२/११ जि.प्र.का. काभ्रेपलान्चोक
बाबु - लक्ष्मण सापकोटा
बाजे- दामोदर सापकोटा
पति- टिकाराम खनाल
स्थायी ठेगाना- काभ्रे जिल्ला, रयाले गा.वि.स. वडा नं. ०३
हालको ठेगाना- झापा जिल्ला, दमक न.पा. वडा नं.०२

३. **कृष्णमाया खनाल**
ना.प्र.नं.- ९७७३०६६६
जारी मिति - २०५८/०८/१८ जि.प्र.का. झापा
बाबु - रुप नारायण अधिकारी
बाजे- जधु कर्ण अधिकारी
पति- कुबेरनाथ खनाल
स्थायी ठेगाना- झापा जिल्ला, कमल गा.पा. वडा नं. ०१
हालको ठेगाना- झापा जिल्ला, दमक न.पा. वडा नं. ०२

शर्तबन्देजहरु:

१. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको **मितिले १५ दिन अर्थात २०८२ भदौ ०३ गते** भित्र बैंकको सम्बन्धित शाखा/ कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ।
२. बोलपत्र फारम कुमारी बैंक लिमिटेडको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौबाट रु. ५००/- तिरी प्राप्त गर्न सकिनेछ। उक्त बोलपत्रमा बोलपत्रवालाको हस्ताक्षर सहित शिलबन्दी गरी बाहिर (घर/जग्गाको बोलपत्र) समेत प्रस्ट रुपमा लेखिएको हुनुपर्नेछ।
३. बोलपत्रमा आफुले लिन चाहेको धितोमा रहेको सम्पत्ति, के कति रकममा सकार गरी लिन चाहेको हो, स्पष्ट गरी अंक तथा अक्षरमा लेखिएको हुनुपर्नेछ र आफुले कबोल गरेको रकमको १० (दश) प्रतिशतको दरले हुने धरौटी बापत रकम कुमारी बैंक लि.मा जम्मा गरेको भौचर, कुमारी बैंक लि. को नाममा गुड फर पेमेन्ट (Good For Payment) चेक बनाई बोलपत्रको साथमा संलग्न गरेको हुनुपर्नेछ, सो बाहेक अन्य कुनै किसिमका धरौटी स्वीकार गरिने छैन र त्यस्तो धरौटी रकममा कुनै ब्याज दिईने छैन।
४. यो सूचना प्रकाशित भएको **मितिले १६ (सोह्रौं) दिन अर्थात २०८२ भदौ ०४ गते ३:०० बजे** देखि बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा बोलपत्र खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितीले मात्र बोलपत्र खोल्न बाधा पुग्ने छैन।
५. बोलपत्र बुझाउने अन्तिम मितिमा बैक बिदा परेमा सोको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र बुझाउन सकिनेछ। बोलपत्र खोलिने दिन बिदा परेमा समेत बिदाको लगत्तै पछि बैंक खुलेको दिन बोलपत्र खोलिनेछ।
६. म्याद नाघी वा रीत नपुगी आएको तथा शर्त राखी दिएको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएमा सम्बन्धित बोलपत्रदाताले सोको सूचना पाएको मितिले १५ (पन्ध्र) दिन भित्र बोल कबोल गरेको धरौटी बाहेकको बाँकी रकम बैंकमा जम्मा गर्नुपर्नेछ। अन्यथा धरौटी बापत जम्मा भएको रकम जफत हुनेछ।
८. लिलाम गरिएको सम्पत्ति दाखेल खारेज गर्दा सम्बन्धित अड्डामा लाग्ने दे दस्तुर लिलाम सकार गरी लिनेले नै व्यहोर्नु पर्नेछ।
९. लिलाम हुने सम्पत्ति सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा कार्यालय समय भित्र बैंकको सम्बन्धित शाखा/कर्जा असुली विभाग बागबजार, काठमाण्डौमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।
१०. धितो सम्पत्ति लिलाम बिक्री गर्दा कसैले नसकारेमा वा लिलाममा कसैले भाग नलिएमा समेत बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा प्रचलित कानुन बमोजिम बैंकले उक्त सम्पत्तिको स्वामित्व आफुमा सकार गरी लिन सक्नेछ।
११. गोप्य शिलबन्दी बोलपत्र प्राप्त भएको वा नभएको कारणले बैंक आफैले सकार गर्न कुनै बाधा पर्ने छैन।
१२. प्राप्त भएको गोप्य शिलबन्दी बोलपत्र अन्तर्गत सबै भन्दा बढि अंक बोल्नेलाई समेत बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार बैंकमै सुरक्षित राखिएको छ।
१३. धितोबन्धक लेखिदिएको उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा बैंक आफैले सकार गर्दाको अवस्थामा समेत बैंकको सम्पूर्ण लेना असुल उपर नभएमा प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरिनेछ।

बोलपत्र खोलिने मिति २०८२ भदौ ०४ गते बुधबार अपरान्ह ३:०० बजे

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

कर्जा असुली विभाग बागबजार, काठमाण्डौ फोन नं. ०१-५३४६९९१

पब्जी मोबाइल विश्वकपमा नेपालले हात पाऱ्यो नवौं स्थान

नेपाली टिम होरा इस्पोर्टस्ले जित्यो एक लाख २७ हजार ५ सय अमेरिकी डलर

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

नेपाली टिम होरा इस्पोर्टस्ले साउदी अरेबियामा चलिरहेको इस्पोर्टस् विश्वकपअन्तर्गत पब्जी मोबाइलमा नवौं स्थान हात पारेको छ। फाइनल चरणमा प्रतिस्पर्धा गरेका १६ टोलीमा होरा स्पोर्टस्ले नवौं स्थान हात पारेको हो। जितसँगै उसले एक लाख २७ हजार ५ सय अमेरिकी डलर (एक करोड ७८ लाख रुपैयाँ) पनि जित्यो। अन्तिम चरणको प्रतिस्पर्धामा म्यानमारको वाइजी पहिलो र चीनको डब्लुबिजीले दोस्रो स्थान रक्षा गरेका छन्।

विश्वकपमा खेलको होरा स्पोर्टस्को पब्जी टोलीमा आकाश राई, शीतल राई, सुप्रिम अधिकारी, उगेन छोपेल लामा, प्रवेश गुरुङ र आयुष लामाले प्रतिस्पर्धा गरेका थिए। काजकिस्तानमा गत जुलाईमा भएको पब्जी मोबाइल सुपर लिग सेन्ट्रल तथा साउथ एसियामा दोस्रो स्थानमा रहँदै होरा स्पोर्टस् विश्वकपमा छनोट भएको थियो। कुल ४१ करोड रुपैयाँ धनराशी भएको विश्वकपको विजेताले करिब सात करोड रुपैयाँ प्राप्त गरेको छ।

विश्वकपमा होरा कुल १८ खेलमा सय अंकसहित फाइनलमा नवौं स्थानमा सीमित भएको हो। होरा स्पोर्टस्ले समूह चरणमा १३औं स्थानमा रहेको थियो। विश्वकपको नियमअनुसार सर्भाइभल स्टेज जितेर होरा इस्पोर्टस् उपाधि भिडन्त चरणमा प्रवेश गरेको थियो। प्रतियोगिताको आइतबार फाइनलको अन्तिम दिनको अन्तिम खेलमा चिकन डिनर जितेको थियो। नेपाली टोलीले समूह चरणमा २७ हजार पाँच सय, सर्भाइभल स्टेजको २५ हजार डलर र सो म्याचको १५ हजार अमेरिकी डलर जितेको थियो।

सर्भाइभल चरणबाट फाइनलमा

आयोजकले फाइनल चरणमा स्थान पक्का गरेको प्रत्येक टोलीलाई ६० हजार अमेरिकी डलर प्रदान गरेको छ। लिग स्टेजको खेलमा होरा इस्पोर्ट्स समग्रमा १३औं स्थानमा रह्यो। जसका कारण होरा स्पोर्टस् सीधै ग्रान्ड फाइनलमा पुग्न सकेन। लिग चरणमा शीर्ष आठभित्रमा नपरेपछि सर्भाइभल स्टेजमा होरा इस्पोर्टस्ले मौका पाएको हो ।सर्भाइभल स्टेजमा शीर्ष आठमा रहने टोली फाइनल स्टेजमा पुग्ने प्रावधान थियो। सर्भाइभल स्टेजमा होरा स्पोर्टस्ले १२ खेलमा दुई चिकेन डिनरसहित कुल १०८ अंक जोड्यो।



अहिलेसम्मकै ठुलो सफलता

नेपालले साउदी अरेवियामा इस्पोर्टस् इतिहासमै ठुलो सफलता प्राप्त गरेको इस्पोर्टस् संघ नेपाल (इसान)का वरिष्ठ उपाध्यक्ष हिमविक्रम केसीले बताएका छन्। होरा स्पोर्टस्ले विश्वकपमा नवौं स्थान हात पार्नुअघि डिआरएसले सन् २०२२-०२३ सम्म इन्डोनेसियाको जकार्तामा भएको ग्लोबल च्याम्पियनसिपमा दोस्रो स्थान हात पारेको थियो। 'डिआरएसले ग्लोबल छनोटमा प्राप्त गरेको दोस्रो स्थान नै ऐतिहासिक थियो अहिले होरा इस्पोर्टस्ले नयाँ इतिहास रचेको छ,' केसीले भने।

धनराशीका रूपमा डिआरएसले ग्लोबल च्याम्पियनसिपमा दोस्रो स्थानमा रहँदा दुई लाख ९२ हजार अमेरिकी डलर रुपैयाँ हात पारेको थियो। त्यसबेला लगभग चार करोड रुपैयाँको हाराहारीमा नेपाली खेलाडीले रुपैयाँ जितेका थिए। विश्व इस्पोर्टस् महासंघले जकार्ताको संस्करणपछि विश्वकप स्वरूपमा प्रतियोगिता आयोजना गरेको हो। 'इस्पोर्टस्मा सबैभन्दा ठुलो प्रतियोगिता नै ग्लोबल च्याम्पियनसिप थियो। अहिले विश्वकप इस्पोर्टस् नै हो,' उनले भने, 'नेपालले पहिलोपटक विश्वकपमा स्थान पक्का गरी नवौं स्थान रक्षा गरेको छ।' डिआरएस टिम पब्जीको सबैभन्दा ठुलो विश्वस्तरीय प्रतियोगिता पब्जी मोबाइल ग्लोबल च्याम्पियनसिप (पिएमजिसी)मा तीनपल्ट छनोट भइसकेको छ। डिआरएससँगै एसजी र टिटुकेले पिएमजिसीका लागि छनोट भएका थिए।

१९औं एसियाडमा सेमिफाइनलमा

सन् २०२४ मा चीनको हाङझाउमा भएको १९औं एसियन खेलकुद (एसियाड)मा नेपालले सेमिफाइनल स्थान पक्का गरेको थियो। सेमिफाइनलको समूह 'ए'मा नेपाल तेस्रो स्थानमा रह्यो। सेमिफाइनलमा नेपालले जापान, दक्षिण कोरिया र चाइनिज ताइपेईसँग प्रतिस्पर्धा गरेको थियो। सुविनकुमार प्रजापति, दिपेश गुरुङ, साहस भण्डारी र समीर गुरुङ सम्मिलित नेपाली टोलीले जापानलाई हराएको थियो। नेपाल दक्षिण कोरिया र चाइनिज ताइपेईसँग पराजित भएको थियो। नेपालले एसियाडको क्वार्टरफाइनलमा हङकङ, प्यालेस्टाइन र साउदी अरेबियाविरुद्ध प्रतिस्पर्धा गरेको थियो। जसमा नेपालले प्यालेस्टाइन र साउदीलाई पछि पार्दै सेमिफाइनल स्थान सुरक्षित गरेको थियो। एसियाडमा सहभागी हुनुअघि नेपालको डिआरएसले जकार्तामा ग्लोबल छनोट खेलेको थियो।

दुई वर्षअघि संघको स्थापना

युवा वर्गमा इस्पोर्टस् लोकप्रिय खेल हो। भर्चुअल खेलमा पनि पब्जीको क्रेज अत्यधिक छ। ०८० सालमा इस्पोर्टस् संघ नेपाल (इसान)को स्थापनापछि आधिकारिक रूपमा यो खेलको गतिविधिले तीव्रता पाएको हो।

०८१ को जेठमा पब्जीको औपचारिक प्रतियोगिता पब्जी मोबाइल सुपर लिग (पिएमएसएल) सेन्ट्रल एन्ड साउथ एसिया स्प्रिङ २०२४ काठमाडौंमा आयोजना भएको थियो। जसमा आठ राष्ट्रका २० टोलीले भाग लिएका थिए। अन्तर्राष्ट्रिय पब्जी प्रतियोगिताको फिल्ड इभेन्ट नेपालमा आयोजना पहिलोपल्ट गरिएको थियो।

इसानका वरिष्ठ उपाध्यक्ष केसीले गत फागुनमा आयोजनामा भएको दोस्रो इसान इस्पोर्टस् राष्ट्रिय च्याम्पियन्सिपमा १६ टोलीले भाग लिएको बताए। जसमा पब्जी मोबाइल नेसनल च्याम्पियनसिपतर्फ १५ टोलीलाई पछि पार्दै 'होरा इस्पोर्टस्' विजेता बन्यो। होराले टी टु के, दाइ इस्पोर्टस्, होइन इस्पोर्टस् र डिआरएस गेमिङपछि पारेको थियो। यस प्रतियोगितामा ६ सय खेलाडीले प्रतिस्पर्धा गरेको उनले बताए।

एकपटक पब्जी खेलमाथि प्रतिबन्ध

२०७५ चैत २८ मा सरकारले पब्जी खेलमा प्रतिबन्ध लगाएको थियो। तत्कालीन नेपाल सञ्चार तथा सूचना प्रविधिमन्त्री गोकुल बाँस्कोटाले पब्जी खेलका कारण आत्महत्यासम्मको घटना हुन थालेपछि प्रतिबन्ध लगाउन निर्देशन दिएका थिए। पब्जीको अनलाइन खेलको उत्पादन दक्षिण कोरियाली भिडियो गेम कम्पनी ब्लु होलमातहतको पब्जी कर्पोरिसनले गरेको हो।

आयरल्यान्डसँग सिरिज खेल्दै नेपाल

नयाँ पत्रिका

नेपालले टेस्ट मान्यताप्राप्त आयरल्यान्डसँग क्रिकेट सिरिज खेल्ने भएको छ। आयरल्यान्डको सिनियर टोलीले नै नेपालको घरेलु मैदानमा प्रतिस्पर्धा गर्ने पक्का भएको नेपाल क्रिकेट संघ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्दले बताएका छन्। नेपाल प्रिमियर लिग (एनपिएल)को सुदूरपश्चिम रोयल्सको डगआउट पोस्डकास्टसँग कुराकानी गर्दै चन्दले नेपालसँग आयरल्यान्ड खेल्न राजी भएको बताएका हुन्। यद्यपि, नेपाल र आयरल्यान्डबिच एकदिवसीय वा टी-२० आई सिरिज कुन हुने भन्ने निर्णय भइनसकेको उनले बताए।

'आयरल्यान्ड खेल्न आउने पक्का भएको छ, तर कुन सिरिज र कहिले खेल्ने निश्चित भइसकेको छैन,' चन्दले भने, 'यस विषयमा छलफल भइरहेको छ।' नेपालले आइसिसी टी-२० पुरुष विश्वकपको एसियन छनोटअघि अर्का टेस्ट राष्ट्र वेस्ट इन्डिजसँग युएईमा आगामी सेप्टेम्बरमा टी-२०आई सिरिज खेल्नेछ।

> आगामी सेप्टेम्बरमा वेस्ट इन्डिजसँग टी-२० सिरिज खेल्ने पक्का गरेको नेपालले घरेलु मैदानमा अर्को टेस्ट राष्ट्र आयरल्यान्डसँग प्रतिस्पर्धा गर्ने

तेस्रोपटक टी-२० विश्वकपमा स्थान बनाउने लक्ष्य राखेको नेपालले दुई टेस्ट राष्ट्रसँगको सिरिजले ऐतिहासिक सफलता प्राप्त गर्ने क्यान अध्यक्ष चन्दले बताए। गत वर्ष आयरल्यान्डको 'ए' टोलीले नेपाल भ्रमण गरेको थियो।

श्रीलंका र भारतसँग छलफल

नेपाली क्रिकेटरलाई एक्सपोजर प्रदान गर्न क्यानले दक्षिण एसियाली राष्ट्रसँग पनि सिरिजको प्रस्ताव पठाइरहेको चन्दले बताए। श्रीलंका र बंगलादेशका क्रिकेट बोर्डसमक्ष सिरिजका लागि प्रस्ताव गरेको उनले बताए। दुवै बोर्डले नेपालको प्रस्तावमाथि छलफल गरिरहेको र निर्णय छिट्टै लिने विश्वास उनले गरेका छन्। 'हामीले श्रीलंका र बंगलादेशसँग निरन्तर कुराकानी गरिरहेका छौं,' उनले भने, 'फाइनल नहुन्जेलसम्म केही भन्न सकिँदैन।'

यसैबिच, अफगानिस्तानले काबुलमा नेपाललाई खेल्न प्रस्ताव गरेको उनले खुलासा गरेका छन्। तर, नेपाल विविध कारणले काबुल जान नसकेको उनको भनाइ छ। क्यानले छिट्टै भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)सँग एमओयू हस्ताक्षर गर्न छलफल भएको बताउँदै भारतको 'ए' टोलीसँग पनि खेलिने चन्दले बताए। 'भारतले पछिल्लो समय हामीलाई धेरै सहयोग गर्दै छ, दूतावासदेखि लिएर बोर्डले एक खालको एमओयू पनि ड्राफ्ट भएको छ,' उनले भने, 'भारत 'ए'सँग अवश्य पनि खेल्छौं।'

राष्ट्रिय टोलीमा कुशलसँगै सोमपाल र गुल्सनको पुनरागमन

क्यानले सोमबार १४ देखि २४ अगस्टसम्म अस्ट्रेलियाको डार्बिनमा आयोजना हुने टप एन्ड टी-२० सिरिजका लागि नेपाली राष्ट्रिय क्रिकेट टोलीको घोषणा गरेको छ। यसपटकको टोलीमा मध्यक्रमका कुशल मल्लसँगै गुल्सन झा र सोमपाल कामीले पुनरागमन गरेका छन्। यसअघि उनी स्टकल्यान्डको भ्रमणमा समावेश थिएनन्। टप एन्डको प्रदर्शनबाट मल्ललाई अन्तर्राष्ट्रिय प्रतियोगिता निरन्तर खेल्ने अवसर मिलेको छ। उनले केही समयको विश्रामपछि स्थान बनाएका हुन्।

क्यानले १६ सदस्यीय टोली घोषणा गर्दा रोहित पौडेल (कप्तान) र दीपेन्द्रसिंह ऐरि (उपकप्तान)लाई जिम्मेवारी सुम्पिएको छ। भारतको राष्ट्रिय क्रिकेट एकेडेमीको प्रशिक्षणमा समावेश नभएका सन्दीप लामिछानेसँगै कुशल भुर्तेल, आसिफ सेख, आरिफ सेख, भीम सार्की, रूपेशकुमार सिंह, नन्दनकुमार यादव, करण केसी, रिजन ढकाल, लोकेश बम र ललितनारायण राजवंशीले स्थान बनाएका छन्।



कुशल मल्ल

सोमपाल कामी



गुल्सन झा

स्कटल्यान्डमा भएको त्रिकोणात्मक टी-२० आई सिरिजको टोलीमा रहेका किरणकुमार ठगुन्ना बाहिरिएका छन्। चोटका कारण त्रिकोणात्मक सिरिज गुमाएका सोमपाल र गुल्सनले पनि अस्ट्रेसियाको भ्रमणमा पुनरागमन गरे। नेपालले टप एन्ड टी-२० सिरिजमा लिग चरणमा ६ खेल खेल्नेछ। प्रतियोगितामा नेपालसहित ११ टोली सहभागी छन्।

नेपालले आफ्नो पहिलो खेल १५ अगस्टमा स्थानीय टिम नर्दर्न टेरिटोरी स्ट्राइकविरुद्ध खेल्नेछ। दोस्रो खेल १६ अगस्टमा बंगलादेश 'ए'विरुद्ध हुनेछ। तेस्रो खेल नेपालले १८ अगस्टमा मेलबर्न स्टार्सविरुद्ध खेल्ने तालिका छ। चौथो खेल १९ अगस्टमा होबार्ट हुरिकेन्सविरुद्ध हुनेछ। २० अगस्टमा मेलबर्न रेनेगेड्सविरुद्ध हुनेछ। सिलगको अन्तिम खेलमा नेपालले २२ अगस्टमा पाकिस्तान साहिन्सविरुद्ध खेल्नेछ। लिग चरणपछि शीर्ष चार टोलीबिच सेमिफाइनल खेल हुनेछ। सन् २०२३ मा भएको संस्करणमा पाँच टोलीले भाग लिएका थिए। यसपटक आयोजकले ११ टोली पुऱ्याइएको हो। नेपालले यो प्रतियोगिता आगामी अक्टोबरमा हुने आइसिसी टी-२० विश्वकप एसिया तथा इस्ट एसिया प्यासिफिक छनोटको तयारी रूपमा लिएको छ।

■ भारतमा इतिहास रचेर फर्किए रवीन्द्र

'रिङमा छिरेपछि जसरी पनि ढाल्ने रणनीति बनाएँ'

नयाँ पत्रिका

भारतको नोएडामा भएको म्याट्रिक्स फाइटनाइट (एमएफए) १७ मा इतिहास रचेर बान्टमवेट च्याम्पियनको उपाधि जितेका नेपालका रवीन्द्र ढाँट सोमबार स्वदेश फर्किएका छन्। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रवीन्द्रलाई स्वागत गर्न सयौं उनका समर्थक पुगेका थिए। विमानस्थलबाट बाहिरिने क्रममा उनलाई समर्थकहरूले बधाई दिने प्रयास गरेका थिए।

कडा सुरक्षाकर्मीका कारण समर्थकहरू उनका नजिकसम्म पुग्न सकेनन्। एमएफए १७ जित्ने पहिलो नेपाली फाइटर बनेका रवीन्द्रले शनिबार राति भएको फाइनलमा भारतका प्रसिद्ध फाइटर चुनरेङ कोरेनलाई तेस्रो चरणमा हराउँदै उपाधि हात पारेका थिए। उनले कोरेनलाई निर्णायक कम्बिनेसन प्रहारपछि टिकेओका आधारमा स्तब्ध पारेका थिए। फाइनल खेलमा भारतका अनुभवी कोरेनविरुद्ध कुनै पनि समयमा डर नलागेको र



रिङभित्र छिरेपछि जित्ने आत्मविश्वास आएको रवीन्द्रले सञ्चारकर्मीलाई बताए।

'खेल्नका लागि रिङमा छिरेपछि डर भन्ने कुरा हुँदोरहेनछ। भित्र छिरेपछि जुध्ने हो। विपक्षीविरुद्ध अन्तिमसम्म लड्ने हो। जसरी नि उसलाई ढाल्ने हो भन्ने सोचले गएको थिएँ,' खेलको समीक्षा गर्दै उनले भने।

राम्रो नतिजा निकाल्ने योजना

सुदूरपश्चिमको बझाङमा जन्मेका र हुर्केका रवीन्द्रले राज्यको विषयमा केही प्रतिक्रिया नदिने बताए। 'अहिले सरकारको विषयमा केही भन्दिनँ,' उनले भने, 'समग्र देशवासीले मलाई यति धेरै माया गर्नुभएको छ।' उनले आगामी दिनमा पनि अझै योभन्दा धेरै राम्रो खेल्नुपर्ने बताए। 'यहाँ विमानस्थलमा यत्रो माया गर्ने दर्शक हुनुहुन्छ। दर्शक र फ्यानका लागि अझै धेरै राम्रो गर्ने मन छ,' हर्षित हुँदै उनले भने, 'देशवासीका लागि मैले अझै योभन्दा धेरै राम्रो गर्न आश्यक छ।' रवीन्द्रले आफ्ना व्यावसायिक रेकर्ड ८-१ मा सुधार गरेका छन्।

पलेशा र विजयले जिते वर्ष खेलाडीको अवार्ड

काठमाडौं/ पलेशा गोवर्धन श्रेष्ठ र विजय सिन्जालीले हाम्रो खेलकुदको वर्षको उत्कृष्ट खेलाडी अवार्ड जितेका छन्। हाम्रो खेलकुदले दसौं वार्षिकोत्सवको अवसरमा पलेशा र विजय उत्कृष्ट खेलाडी बनेका हुन्। उनीहरूले जनही २५ हजार रुपैयाँ पाएका छन्। पेरिस पाराओलम्पिकमा कांस्य पदक विजेता पारातेक्वान्दोकी पलेशा गोवर्धन र राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले अवार्ड दिएका थिए। पलेशाकी प्रशिक्षक कविराज नेगी लामालाई पनि विशेष सम्मान गरिएको थियो। स्थापनाको एक दशक पूरा भएको अवसरमा हाम्रो खेलकुदले वर्ष खेलाडी अवार्ड तथा खेलकुद कन्क्लेभ आयोजना गरेको थियो। कन्क्लेभमा पहिलो सेसनमा 'नेपाली खेलकुदमा महिला सहभागिताबारे चर्चा भएको थियो। यस सेसनमा तेक्वान्दोकी आयशा शाक्य, राष्ट्रिय फुटबल टोलीकी कप्तान सावित्रा भण्डारी, राष्ट्रिय भलिबल टोलीकी लिबेरो सलिना श्रेष्ठ र करँतेकी एरिका गुरुङले आ-आफ्नो धारणा राखेका थिए।

खेल संक्षेप

एसियन बक्सिङमा नेपाललाई पदक पक्का

काठमाडौं/ नेपालका अर्पिल रानाले एसियाली बक्सिङ च्याम्पियनसिपको पुरुष यू-२२ उमेरसमूहमा कम्तीमा कांस्य पदक पक्का गरेका छन्। ५० केजी तौलसमूहमा अर्पिल सेमिफाइनल प्रवेश गरेसँगै अर्पिलको कांस्य पदक पक्का भएको बक्सिङका अन्तर्राष्ट्रिय कोअर्डिनेटर तथा नेपाल बक्सिङ महासंघका उपाध्यक्ष श्यामकाजी अवालेले जनाएका छन्। एसियन बक्सिङको आयोजनामा थाइल्यान्डको बैंककमा चलिरहेको प्रतियोगितामा अर्पिलले भुटानी मुक्केवाज किन्ले फुन्चोलाई ४-१ (स्प्लिट) अंकको आधारमा पराजित गर्दै सेमिफाइनल स्थान पक्का गरेका हुन्।

नेपालमा विश्व स्काई रनिङ गर्न प्रस्ताव

काठमाडौं/ नेपाल एडभेन्चर रनिङ फेडरेसनका अध्यक्ष एकेन्द्रबहादुर कुँवरले विश्व स्काई रनिङ च्याम्पियनसिप नेपालमा आयोजना गर्न प्रस्ताव गरेका छन्। कुँवरले २ अगस्टमा इटालीमा भएको अन्तर्राष्ट्रिय स्काई रनिङ महासंघ (आइएसएफ)को वार्षिक साधारणसभामा सन् २०२६ मा हुने विश्व स्काई रनिङ आयोजना गर्ने नेपाललाई जिम्मेवारी प्रदान गर्न प्रस्ताव गरेका हुन्। कुँवरका अनुसार आइएसएफको अर्को बैठकले यसबारे निर्णय गर्नेछ। 'हामीले विश्व स्काई रनिङ च्याम्पियनसिप आयोजनाको जिम्मेवारी नेपाललाई दिन प्रस्ताव गरेका छौं,' कुँवरले भने, 'आइएसएफको अर्को बैठकले यसबारे निर्णय गर्छ।'

नेपाल सरकार,
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय,
तारा गाउँ विकास समिति

तालिम कार्यक्रमको लागि परामर्श सेवा प्रशिक्षक (श्रोत व्यक्ति) लिने बारेको जरुरी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।४।२०)

नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, तारा गाउँ विकास समितिबाट चालु आ.व. २०८२/८३ मा संचालन गरिने होमस्टे (घरबास) तालिम तथा होमस्टे (घरबास) सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालनको लागि परामर्श सेवा परामर्श सेवा प्रशिक्षक (श्रोत व्यक्ति) आवश्यक परेकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ईच्छुक नेपाली नागरिकहरुलाई समितिमा सूचिकृत हुन आव्हान गरिएको छ।

परामर्श लिने विषय/विशेषज्ञ	कार्य क्षेत्र	न्युनतम योग्यता	अनुभव
१.पर्यटन/होमस्टे (घरबास) पर्यटन तालिम शैद्धान्तिक प्रशिक्षक	होमस्टे(घरबास) तालिम प्रशिक्षण	कम्तिमा स्नातक तह वा सो भन्दा माथिल्लो तह उत्तीर्ण गरेको।	५ वर्ष
२.खाद्य/पेय तयारी (Cook) तालिम प्रशिक्षक	"	प्रयोगात्मक प्रशिक्षणका लागि सम्बन्धित विषयमा उच्च माध्यमिक तह उत्तिर्ण गरेको।	५ वर्ष

१. ईच्छुक नेपाली नागरिकबाट आ-आफ्नो शैक्षिक योग्यता, अनुभवको प्रमाण पत्र एवं व्यक्तिगत विवरण संलग्न हुनु पर्नेछ।
२. छनौट भएका व्यक्ति तथा संस्थाको नाम समितिमा सूचिकृत गरिनेछ र निजलाई आवश्यकता अनुसार काममा लगाउन सकिनेछ।

छनौट सम्बन्धी सम्पुर्ण अधिकार समितिमा रहनेछ।

सम्पर्क :
तारा गाउँ विकास समिति
केन्द्रीय कार्यालय, सहभागिता मार्ग मध्य बानेश्वर, काठमाण्डौ
सम्पर्क नं. ०१-५१७०६६
ई-मेल : tgdboard@gmail.com

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

प्राविधिक प्रस्ताव छनौट सम्बन्धी सूचना

मिति : २०८२/०४/२०

यस भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले निम्नानुसारको कार्यको लागि निर्धारित मिति भित्र विद्युतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्यांङ्कन हुँदा तपसिलको बोलपत्रदाताहरू सारभूत रुपमा प्रभावग्राही भएको तथा योग्यताका सबै आधारमा सफल भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज (५) बमोजिम तपसिलको मिति र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

सि. नं.	ठेक्का नं./कामको विवरण	सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल बोलपत्रदाताको नाम र ठेगाना	आर्थिक प्रस्ताव खोलिने मिति र स्थान
1.	85-BMC/081/082/W/NCB/151 Construction of Mayor Bipanna Aawash in BMC	- Udaya/RNB JV - Sunshine Engineering Consultancy & Construction Pvt. Ltd.	2082/04/26 1:00 PM Bharatpur Metropolitan City Office, Procurement Section
2	88-BMC/081/082/W/NCB/154 Construction of Roads and Drain at Different wards of BMC	- Siddhi Bahan-Sigma J.V. - Dajubhai-Pathak J.V. - Friendship Construction - Royal Builders Pvt. Ltd. - Samriddha Nepal Shurabi Construction J.V.	

बोलपत्र स्वीकृतका लागि आशयको सूचना

यस भरतपुर महानगरपालिका नगर कार्यपालिका कार्यालयले निम्नानुसारको कार्यका लागि निर्धारित मिति भित्र विद्युतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रहरुको मुल्यांकन पछि न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेका तपशिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को (१) बमोजिम स्वीकृतिको लागि छनौट भएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदातालाई जानकारीका लागि सोहि ऐनको दफा २७ को २ र ३ को प्रयोजनको लागि यो बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ।

ठेक्का नं./कामको विवरण	कबोल रकम (मु. अ. क. बाहेक)	सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना
86-BMC/081/082/W/NCB/152 Construction of Culvert at Koltadi Kerunga Ghol, BMC-11	रु. १९,४४,८४९.१० (अक्षरुपी उन्नाईस लाख चौवालिस हजार आठ सय उनन्पचास रुपैया र पैसा एक शून्य मात्र)	M/S Highlander Construction and Engineering Solution.

प्रमुख प्रशासकीय अधिकृत

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com